
साउन - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क ७ | २०७७, साउन १-१५ | पूर्णाङ्क ६७३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री घनराज पोखरेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
नायब सुब्बा श्री रूद्र आचार्य
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ७ | इजलास नं. ८ | ११ |
| इजलास नं. १ | ११ | इजलास नं. ९ | ३ |
| इजलास नं. २ | ५ | इजलास नं. १० | ५ |
| इजलास नं. ३ | १० | इजलास नं. ११ | ३ |
| इजलास नं. ४ | १० | इजलास नं. १२ | १ |
| इजलास नं. ५ | ३ | इजलास नं. १३ | १ |
| इजलास नं. ६ | ६ | इजलास नं. १४ | ३ |
| इजलास नं. ७ | ४ | एकल इजलास | १ |
| जम्मा | ५६ | जम्मा | २८ |

**कूल जम्मा ५६ + २८ = ८४**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, साउन – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ – ८ |
| १. | उत्प्रेषण / परमादेश | सुखीनाथ पाण्डेय वि. रूपन्देही जिल्ला अदालतसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद सिग्देल वि. गृह मन्त्रालयसमेत | १ |
| ३. | अंश | नविनकुमार मिश्र वि. चन्द्रेश्वर मिश्रसमेत | २ |
| ४. | उत्प्रेषण / परमादेश | सुमित्रा बस्नेत वि. निर्जला विष्ट न्यौपानेसमेत | ३ |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नारायण राउत अहिर | ४ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अभिषेकराज सिंह | ७ |
| ७. | उत्प्रेषण | सुरेन्द्र पुन वि. युनाइटेड बचत तथा ऋण सहकारी संस्था लिमिटेडसमेत | |
| इजलास नं. १ | | | ८ – १८ |
| ८. | उत्प्रेषण | रक्षाराम हरिजन (चमार) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ८ |
| ९. | उत्प्रेषण / परमादेश | सुखीनाथ पाण्डेय वि. कपिलवस्तु जिल्ला अदालत | ८ |
| १०. | निषेधाज्ञा / परमादेश | शुसिला देवी यादव वि. गौर नगरपालिका कार्यालय, रौतहटसमेत | ९ |
| ११. | जबरजस्ती करणी | सुजल शाक्यसमेत वि. नेपाल सरकार | १० |
| १२. | मानव बेचबिखन तथा ओसारपसार उद्योग | रमा पौडेल वि. नेपाल सरकार | १३ |
| १३. | बन्दी प्रत्यक्षीकरण | अमर झाँक्रीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १४ |
| १४. | किर्ते | स्यानीमाया वि.क. (कामी) वि. पुकमान गुरूङसमेत | १५ |
| १५. | उत्प्रेषण / परमादेश | अर्जुनकुमार कुँवर वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खुसमेत | १५ |
| १६. | अप्राकृतिक मैथुन जबरजस्ती करणी | नेपाल सरकार वि. नारायण श्रेष्ठ | १६ |
| १७. | चोरी | विजेन्द्रकुमार चौधरी वि. नेपाल सरकार | १७ |
| इजलास नं. २ | | | १८ – २३ |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सरस्वती श्रेष्ठ | १८ |
| १९. | बहुविवाह | नेपाल सरकार वि. मनोजकुमार मेहता | २० |
| २०. | लेनदेन | विजयकुमार यादव वि. राजकुमार यादव | २१ |
| २१. | अदालतको अवहेलना | जैनुल खातुनसमेत वि. मोहम्मद सहिदसमेत | २२ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ३** | | | **२३ – २९** |
| २२. | उत्प्रेषण / परमादेश | निर्मलरत्न प्रकाश वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | २३ |
| २३. | जबरजस्ती करणी | मानसिंह तामाङ वि. नेपाल सरकार | २४ |
| २४. | कर्तव्य ज्यान | नन्दप्रसाद गौतम वि. नेपाल सरकार | २४ |
| २५. | कर्तव्य ज्यान | नृपति मिश्रसमेत वि. नेपाल सरकार | २५ |
| २६. | कर्तव्य ज्यान | देवीप्रसाद विश्वकर्मा वि. नेपाल सरकार | २५ |
| २७. | कर्तव्य ज्यान | काले सुरेश भन्ने सुरज थिङ वि. नेपाल सरकार | २६ |
| २८. | उत्प्रेषण / परमादेश | टंकप्रसाद रेग्मी वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत | २६ |
| २९. | बैंकिङ कसुर | नेपाल सरकार वि. पुनरावेदन अदालत बुटवल, Selahattin Yabar समेत | २७ |
| ३०. | निषेधाज्ञा / परमादेश | जवाहरप्रसाद साह तेली वि. उमाशंकर प्रसाद साह तेलीसमेत | २८ |
| **इजलास नं. ४** | | | **३० – ३९** |
| ३१. | फैसला बन्डा मुचुल्का निर्णय अंश बन्डापत्र दर्ता बदर | अमिका अहिर यादवसमेत वि. रामवृक्ष अहिरसमेत | ३० |
| ३२. | लिखत दर्ता बदरसमेत | श्यामकृष्ण पुतुवारसमेत वि. मिनुकुमारी अर्यालसमेत | ३० |
| ३३. | वैदेशिक रोजगार ठगी | ज्ञानु गुरूङ वि. नेपाल सरकार | ३१ |
| ३४. | कर्तव्य ज्यान | उमेश माझी वि. नेपाल सरकार | ३२ |
| ३५. | जालसाजी | बासुदेव महतो कोइरी वि. मदन महतो कोइरी | ३३ |
| ३६. | प्रतिषेध / परमादेश | रामबहादुर कार्कीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ३४ |
| ३७. | कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग | जोगेन्द्र राजवंशी वि. नेपाल सरकार | ३४ |
| ३८. | खाना खर्च भराई पाऊँ | पूर्ण सिंह गुरूङ वि. फुलमाया गुरूङसमेत | ३५ |
| ३९. | सवारी ज्यान | नेपाल सरकार वि. रोहितजंग थापासमेत | ३६ |
| ४०. | वैदेशिक रोजगार कसुर | तुलबहादुर थापा वि. नेपाल सरकार | ३८ |
| **इजलास नं. ५** | | | **३९ – ४१** |
| ४१. | जबरजस्ती करणी | नेपाल सरकार वि. राजकुमार जैसवाल | ३९ |
| ४२. | अपरहण तथा शरीरबन्धक | नेपाल सरकार वि. भवानी आचार्यसमेत | ४० |
| ४३. | डाँका | नेपाल सरकार वि. देवेन्द्रदास तत्मा | ४० |
| **इजलास नं. ६** | | | **४१ – ४७** |
| ४४. | निर्णय दर्ता बदर दर्तासमेत | टिकानारायण महर्जन वि. तिर्थरत्न शाक्य | ४१ |

| | | | |
|---|---|---|---|
| ४५. | अपहरण गर्ने धम्की दिई रकम मागेको | नेपाल सरकार वि. रमेश शर्मा | ४२ |
| ४६. | लिखत दर्ता बदर | ध्रुवप्रसाद बनिया वि. विकेशप्रसाद चौधरीसमेत | ४३ |
| ४७. | जबरजस्ती करणी | नेपाल सरकार वि. अजयकुमार यादव | ४४ |
| ४८. | उत्प्रेषण | छेदाराम थारू वि. मालपोत कार्यालय, बर्दिया गुलरियासमेत | ४६ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | पियुष मुसलमान वि. मकवानपुर जिल्ला अदालतसमेत | ४७ |
| **इजलास नं. ७** | | | ४७ – ५२ |
| ५०. | बकसपत्र लिखत बदर | विनाकुमारी कार्की वि. खरिमाया श्रेष्ठसमेत | ४७ |
| ५१. | डाँका | नेपाल सरकार वि. उत्तम लामा थिङसमेत | ४८ |
| ५२. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. राजा पुरी | ५० |
| ५३. | कर्तव्य ज्यान | बबिन राई वि. नेपाल सरकार | ५१ |
| **इजलास नं. ८** | | | ५२ – ६१ |
| ५४. | परमादेश | राजेश अधिकारी वि. वीरगन्ज उप.म.न.पा.को कार्यालय, वीरगन्जसमेत | ५२ |
| ५५. | लागु औषध लोराजेपाम तथा चोरी | नेपाल सरकार वि. जितु भण्डारी | ५२ |

| | | | |
|---|---|---|---|
| ५६. | उत्प्रेषण / परमादेश | उदयकिशोर तिवारीसमेत वि. त्रिभुवन विश्वविद्यालय सभा कीर्तिपुर, काठमाडौंसमेत | ५३ |
| ५७. | किलास हक कायम | अभिमन्यु नापित वि. रामचन्द्र नापित | ५४ |
| ५८. | उत्प्रेषण | सोमप्रसाद धमला वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ५४ |
| ५९. | लिखत दर्ता बदर | चमेरे प्रधान वि. सानु श्रेष्ठसमेत | ५५ |
| ६०. | उत्प्रेषण / परमादेश | यज्ञबहादुर के.सी. वि. जिल्ला प्रहरी विशेष अदालत, हाल जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | ५६ |
| ६१. | जग्गा खिचोला चलन | मनोजकुमार साहसमेत वि. सितली देवी तेलीनसमेत | ५७ |
| ६२. | लागु औषध (कोरेक्स) | नेपाल सरकार वि. एमुना लामासमेत | ५८ |
| ६३. | कर्तव्य ज्यान | सुजन शाहीसमेत वि. नेपाल सरकार | ५९ |
| ६४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. उदयकुमार बस्नेतसमेत | ६० |
| **इजलास नं. ९** | | | ६१ – ६३ |
| ६५. | मानव बेचबिखन तथा ओसारपसार | अकल तामाङ वि. नेपाल सरकार | ६१ |
| ६६. | उत्प्रेषण / परमादेश | टंकप्रसाद सिटौला वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत | ६२ |

| | | | |
|---|---|---|---|
| ६७. | सार्वजनिक पोखरीको जग्गा खिचोला छोडाई घर भत्काई पाऊँ | छठु साह तेलीसमेत वि. राजुल सहनी | ६३ |
| **इजलास नं. १०** | | | ६३ – ६६ |
| ६८. | उत्प्रेषण / परमादेश | सन्तोष ढकाल वि. खाद्य प्रविधि तथा नियन्त्रण विभाग, बबरमहल, काठमाडौंसमेत | ६३ |
| ६९. | अदालतको अवहेलना | ममता झा वि. माननीय कृषि तथा सहकारी मन्त्री नन्दनकुमार दत्त, कृषि तथा सहकारी मन्त्रालय, सिंहदरबार काठमाडौं | ६५ |
| ७०. | अंश दपोट | श्रीमती खखरी कुमारी देवी पण्डितसमेत वि. सुरज पण्डित कुमहार | ६५ |
| ७१. | उत्प्रेषण / परमादेश | राजेन्द्र पौडेल वि. रमेश पौडेलसमेत | ६६ |
| **इजलास नं. ११** | | | ६७ – ७० |
| ७२. | बन्दी प्रत्यक्षीकरण | शोभराज बराल वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६७ |
| ७३. | बन्दी प्रत्यक्षीकरण | गुञ्जमान विष्ट वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ६८ |
| ७४. | अदालतको अवहेलना | चन्द्रलाल श्रेष्ठ वि. हरिप्रसाद अर्यालसमेत | ६९ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १२** | | | ७० – ७२ |
| ७५. | उत्प्रेषण | रामसुन्दर बोहरा वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौंसमेत | ७० |
| **इजलास नं. १३** | | | ७२ |
| ७६. | ठगी | नेपाल सरकार वि. संदीपराज काफ्ले | ७२ |
| **इजलास नं. १४** | | | ७३ – ७५ |
| ७७. | बिना इजाजत वन पैदावार कटान गरेको | नेपाल सरकार वि. गंगाराम जोशीसमेत | ७३ |
| ७८. | विना इजाजत अवैध काठ ओसारपसार | नेपाल सरकार वि. रामकुवेर अहिर | ७३ |
| ७९. | जबरजस्ती करणी र कर्तव्य ज्यान | नेपाल सरकार वि. पचा भन्ने भद्रमोहन ताजपुरियासमेत | ७४ |
| **एकल इजलास** | | | ७५ – ७६ |
| ८०. | बन्दी प्रत्यक्षीकरण | विशाल थापा वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत | ७५ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-००९०, उत्प्रेषण / परमादेश, *सुखीनाथ पाण्डेय वि. रूपन्देही जिल्ला अदालतसमेत*

तामेल भएको भनिएको म्याद सूचना हेर्दा यी निवेदकले वा निजको एकाघरका कुनै व्यक्तिले सो म्याद सूचना बुझेको देखिँदैन । निजको घरको ढोकामा टाँस भएको भनिए पनि मिसिल संलग्न निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि हेर्दा निजको ठेगानामा जिल्ला कपिलवस्तु गा.वि.स. विठुवा वडा नं. ६ उल्लेख भएको देखिन्छ । यसरी निजको ठेगाना र निजको नाममा जारी भएको सूचनामा उल्लेख भएको ठेगानामा वडा नम्बर नै फरक परेको देखिन्छ । नागरिकता नेपाल सरकारले जारी गरेको नेपाली नागरिकलाई पहिचान गर्ने आधिकारिक प्रमाण हो र यसमा उल्लेख भएको ठेगाना अन्यथा प्रमाणित नभएसम्म सम्बन्धित व्यक्तिको आधिकारिक ठेगाना मानिन्छ । तर नागरिकतामा उल्लेख भएको वडा नं. नै फरक परेको देखिएमा निवेदककै घरमा म्याद तामेल भएको हो भन्ने मान्न नमिल्ने ।

निवेदक सुखीनाथ पाण्डेयको ठेगाना कपिलवस्तु जिल्ला विठुवा गा.वि.स. वडा नं.६ भएको मिसिल संलग्न मिति २०४०।११।२ मा जारी भएको निजको नागरिकताको प्रमाणपत्रबाट देखिन्छ । निजको नाममा रूपन्देही जिल्ला अदालतबाट मिति २०६२।७।९ मा जारी भएको म्याद २०६२।८।२७ मा तामेल हुँदा सो म्यादमा निजको ठेगाना कपिलवस्तु जिल्ला विठुवा गा.वि.स. वडा नं. ७ उल्लेख गरी सोही ठाउँमा बस्ने रिखीराम धोवी र ऐ. बस्ने शोभा अहेरनीलाई साक्षीको रूपमा राखिएको देखिँदा सुखीनाथ पाण्डेयको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको निजको वडा नम्बर फरक पारी निजको नाममा जारी भएको पुनरावेदनको म्याद रीतपूर्वक तामेल भएको मान्न नमिल्ने हुँदा त्यसबाट यी निवेदक पुनरावेदन गर्ने हकबाट वञ्चित हुन गएको देखिने ।

तसर्थ विवेचित आधार कारणसमेतबाट निवेदक / प्रतिवादी सुखीनाथ पाण्डेयको नाममा रूपन्देही जिल्ला अदालतबाट निजको ठेगाना फरक पारी मिति २०६२।७।९ मा जारी भई मिति २०६२।८।२७ मा तामेल भएको म्याद मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. विपरीत तामेल भएको देखिँदा सो म्याद उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब निवेदक / प्रतिवादी सुखीनाथ पाण्डेयको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगानामा कानूनबमोजिम पुनरावेदनको म्याद जारी गर्नु भनी विपक्षीको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक ८ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-१०६७, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद सिग्देल वि. गृह मन्त्रालयसमेत*

निवेदकलाई मिति २०५७।३।२३ मा च.नं. २७२४ को पत्रबाट काज खटाइएकोमा रमानापत्र बुझ्न इन्कार गरेको भन्ने आधारमा सोही मिति २०५७।३।२३ मा नै च.नं. २७२१ को पत्रबाट स्पष्टीकरण माग गरेको भनिएको तर्फ मूल रूपमा विचार गर्नुपर्ने देखियो । कुनै पनि कर्मचारीले बराबर कुनै अनुशासनहीन काम गर्दछ भने सो प्रमाणित गर्न मिसिलमा तथ्ययुक्त एवम् शङ्कारहित रूपले तयार वा सङ्कलन भएको प्रमाण हुनु आवश्यक हुन्छ । यी निवेदकलाई दिएको उक्त दुई पत्रमध्ये काजमा खटाएको भन्ने पत्रको च.नं. २७२४

छ भने पत्र नबुझेपछि सोधेको स्पष्टीकरणको पत्रको च.नं. २७२१ रहेको देखिन्छ । यसबाट स्पष्टीकरण सोधिएको पत्र प्राप्तपश्चात् मात्र काजमा खटाएको पत्र जारी भएको देखिन्छ । मिति २०५७।३।२३ मा नै २ वटा पत्र र २०५७।३।२६ मा सोधिएको स्पष्टीकरणको अर्को एउटा पत्र लिन नमानेको भए सो अवस्थामा बराबर अनुशासन हिनताको अवस्था देखिन्थ्यो । यस्तो अवस्थामा नियम ८७(ख) को "अनुशासनहीनता गरेमा" भन्ने कार्य बराबर गरेमा मात्र ऐ. नियम ८८(ग) आकर्षित हुने थियो । यो निवेदकलाई नियम ८७(ख) को कारबाही भएको अवस्था देखिँदैन । विपक्षीहरूले बारम्बार अनुशासन हिनताको प्रमाणित गर्नलाई नियम ८७(ख) को प्रयोग नै नगरी एकैपटक नियम ८८(ग) प्रयोग गरी सेवाबाट नै बर्खास्त गर्नेजस्तो कडा सजायतर्फ उन्मुख भएको देखिने ।

निवेदकलाई सोधिएको मिति २०५७।३।७ र २०५७।३।१५ को स्पष्टीकरण सोधेपश्चात् त्यस विषयमा कुनै निर्णय भएको पाइँदैन । निवेदकले काज सरूवा गरिएको पत्र नबुझेको कारण देखाई २०५७।३।२६ मा स्पष्टीकरण मागेको देखिन्छ । तर उक्त पत्रहरू नबुझेको भनी तत्कालै मुचुल्का नउठाई २०५७।३।२७ गते मात्रै मुचुल्का खडा गरेको देखिँदा निजउपर कारबाही गर्न सुरूवात गरिएको कारण नै शङ्कास्पद भएको देखिने ।

निवेदकउपर २०५७।३।७ र २०५७।३।१५ मा स्पष्टीकरण सोधिएको सम्बन्धमा कुनै सजाय गरिएको नदेखिँदा २०५७।३।२३ र २०५७।३।२६ को स्पष्टीकरणको सन्दर्भमा गरिएको कारबाही पहिलो पटक भएको देखिन्छ । जबकि निजलाई सजाय गर्दा अवलम्बन गरिएको प्रहरी नियमावली, २०४९ को नियम ८८(ग) को कानूनी व्यवस्था बारम्बार कसुर गरेको स्थितिमा मात्र लागु हुने प्रकृतिको छ । यसै प्रकृतिको २०६३ सालको नि.नं. ३४७०, निवेदक गोपाल श्रेष्ठ विरूद्ध पूर्वक्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगर मोरङसमेत भएको उत्प्रेषण मुद्दामा बारम्बार "अनुशासनहीन काम गरेको भन्नाले अघि पनि यस किसिमको काम गरेको भन्ने कुरा पुष्टि हुनुपर्छ" भनी यस अदालतको संयुक्त इजलासबाट फैसलासमेत भएको देखिएबाट निवेदकले बारम्बार अनुशासनहीन काम गरेको भन्ने विपक्षीहरूको जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ निवेदकको हकमा प्रहरी नियमावली, २०४९ को नियम ८८(ग) अन्तर्गत सजाय हुनसक्ने पूर्वावस्था विद्यमान नभएकोले निजलाई ऐ. नियम ८८(ग) को कसुरमा ऐ. नियम ८४(छ) बमोजिम सजाय गर्ने गरी मिति २०५७।३।२८ को तत्कालीन उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथ काठमाडौंबाट भएको निर्णय सदर गर्ने गरी मिति २०६७।६।२१ मा महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी नायब महानिरीक्षकद्वारा गरिएको निर्णयसमेत कानूनअनुरूप भएको नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

विपक्षीहरूको उक्त निर्णय बदर हुने ठहर्नाले प्रहरी नियमावली, २०४९ को नियम ९६ अनुसार तलब भत्ता आदि बर्खास्त भएको मितिबाटै लागु हुने गरी निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: ज्ञानेन्द्र इटेनी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक १३ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री तेजबहादुर केसी,** ०७३-CI-०१०१, अंश, *नविनकुमार मिश्र वि. चन्द्रेश्वर मिश्रसमेत*

पुनरावेदन अदालत जनकपुरको आदेशानुसार भई आएको विवादित स्ववासी घरजग्गाको नापनक्सा मुचुल्का अध्ययन गरी हेर्दा न.नं.६ को जग्गा पुनरावेदक र प्रमिलादेवीको भोगमा रहेको उल्लेख भएको पाइन्छ भने न.नं. ७ को घरजग्गा

प्रतिवादीमध्येका अशोककुमार मिश्रको भोगचलनमा रहेको भन्ने नक्सा सर्जमिनमा बस्ने व्यक्तिहरूले लेखाई दिएको देखियो। साथै गाउँ विकास समितिको कार्यालय, बघचौडाको मिति २०७०।१।९ को सिफारिसमा समेत सडकदेखि दक्षिण अजयकुमार मिश्रदेखि उत्तर, चन्द्रशेखर मिश्रदेखि पूर्व र सडकदेखि पश्चिम यति चार किल्लाभित्रको जग्गा ललितकुमार मिश्रको भोगचलनमा रहेको बेहोरा सिफारिस भई आएको देखिन्छ । उक्त तथ्यलाई यी पुनरावेदकले सबुद प्रमाण पेस गरी अन्यथा प्रमाणित गर्न सकेको पाइँदैन । नक्सा मुचुल्कामा रोहवरमा रहेका यी पुनरावेदकले समेत न.नं.७ को घरजग्गा प्रतिवादीको भोगमा नरही आफ्नो भोगमा रहेको छ भनी लेखाउन सकेको देखिएन । नापी नभएको गाउँ ब्लकको घर जग्गाको स्वामित्व निर्धारण भोगका आधारमा हुने हुन्छ। कुनै घर जग्गाको स्वामित्वको विवाद उठेमा स्थानीय निकायको सिफारिस एवम् विवादित जग्गाका साँध सँधियारमा रहेका व्यक्तिहरूले व्यक्त गरेको तथ्य स्वामित्व निर्धारणका आधार हुने हुन्छ। पुनरावेदकले न.नं. ७ को जग्गा आफ्नो भनी दाबी गरे पनि त्यसलाई प्रमाणद्वारा पुष्टि गर्न सकेको पाइएन। केवल पुनरावेदन जिकिरकै भरमा वादी दाबी पुग्ने भनी ठहर गर्न मिलेन। यसरी विवादित स्ववासी घर जग्गासम्बन्धमा भएको नक्सा सर्जमिनबाट न.नं. ७ को जग्गा प्रतिवादी अशोक मिश्रको भोगमा रहेको स्थापित हुन आएको हुँदा उक्त जग्गामा वादीको अंश हक कायम हुने भन्न मिलेन। तसर्थ उक्त न.नं. ७ को घर जग्गासम्म वादीको अंश हक नठहर्ने भनी पुनरावेदन अदालतबाट भएको फैसलाले वादीलाई अंश हकबाट वञ्चित गरेको भनी वादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित आधार कारणबाट अदालतबाट भई आएको नक्सा मुचुल्काको न.नं.७ को घरजग्गा प्रत्यर्थी अशोककुमार मिश्रको हकभोगभित्रको भन्ने पुष्टि हुन आएको देखिँदा उक्त जग्गासमेत वादीको अंश हक कायम हुने भनी सुरू धनुषा जिल्ला अदालतबाट भएको मिति २०७०।९।२५ को फैसला सो हदसम्म उल्टी गरी न.नं. ७ को घरजग्गामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।४।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०८९४, उत्प्रेषण / परमादेश, *सुमित्रा बस्नेत वि. निर्जला विष्ट न्यौपानेसमेत*

निवेदिका सुमित्रा बस्नेत विपक्षी नगेन्द्र न्यौपानेको श्रीमती रहेकोमा विवाद छैन। निवेदिकाले अंश दिलाई पाउँ भनी विपक्षी नगेन्द्र न्यौपानेलाई समेत विपक्षी बनाई २०६९।११।२३ मा मोरङ जिल्ला अदालतमा दिएको अंश चलन मुद्दामा यी निवेदिकाले ५ भागको एक भागबाट आधा अंश पाउने भनी मोरङ जिल्ला अदालतबाट मिति २०७२।२।२१ मा फैसला भएको र सो फैसला २०७४।१।१७ मा उच्च अदालत विराटनगरबाट सदर भई विपक्षीले दोहोऱ्याई पाउँ भनी यस अदालतमा निवेदन दिएको तर निस्सा प्रदान नहुने भनी २०७४।९।१९ मा आदेश भई सुरू मोरङ जिल्ला अदालतको फैसला अन्तिम रहेको पाइयो । त्यसरी अन्तिम भएको फैसलाबमोजिम बन्डा छुट्ट्याई पाउँ भनी रिट निवेदिकाले निवेदन दिएपछि बन्डा छुट्ट्याउने कार्यसमेत सम्पन्न भएपछि विपक्षी निर्मला विष्ट न्यौपानेले विपक्षी नगेन्द्र न्यौपानेउपर अंश मुद्दा दायर गरी सो मुद्दाको आधारमा फैसला कार्यान्वयन रोक्का गरिपाउँ भनी निवेदन दिएकोमा संखुवासभा जिल्ला अदालतबाट फैसला कार्यान्वयन रोक्न नमिल्ने भनी भएकोमा सोउपर विपक्षीले पुनरावेदन अदालत

विराटनगर, धनकुटा इजलासमा १७ नं. अन्तर्गत दिएको निवेदनमा संखुवासभा जिल्ला अदालतबाट भएको आदेश बदर गरी फैसला कार्यान्वयनको कार्य मुल्तबीमा राख्नु भनी २०७४।१२।२२ मा आदेश भएको देखिने।

विपक्षीको नगेन्द्र न्यौपानेले आफ्नो अर्को श्रीमती र सन्तान पनि रहे भएको तथ्य प्रतिउत्तरमा र पुनरावेदन अदालतमा पेस भएको पुनरावेदनमा समेत खुलाएको देखिएन । निर्जला विष्टले २०७४।५।१९ मा मात्र विवाह दर्ता बनाएको दाबी लिएकी छिन् भने रिट निवेदिकाले विपक्षी नगेन्द्र न्यौपानेउपर दिएको अंश मुद्दामा सुरू जिल्ला अदालतबाट २०७२।२।२१ मा अंश पाउने ठहर भएको ठहर भएको र सो फैसला उच्च अदालतबाट २०७४।१।२१ मा सदर भइसकेको समेत देखिन्छ । यसरी निवेदिकाले अंश पाउने ठहर भइसकेको अवस्थामा पछिबाट अंशियार भनी दाबी गर्नेहरूका हकमा कानूनबमोजिम निर्णय हुन सक्ने नै हुँदा बन्डा छुट्ट्याउने कार्य रोक्ने गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७४।१।१७ को फैसला कार्यान्वयन नरोक्नु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: ज्ञानेन्द्र इटेनी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक १४ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-RC-०१२९, ०७४-CR-००३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नारायण राउत अहिर, भागेन्द्र राउत अहिर वि. नेपाल सरकार*

पुनरावेदक भागेन्द्र राउत अहिरसमेतले मिलोमतो गरी मृतक मंजुदेवीलाई कर्तव्य गरी मारी भारत रक्सौल पुऱ्याई बेपत्ता पारेको भन्ने प्रहरी प्रतिवेदन भए पनि मृतकको मृत्यु गराउनमा यी पुनरावेदकको के कस्तो भूमिका थियो भन्ने कुरा उक्त प्रतिवेदनमा खुलेको नदेखिनुका साथै मिति २०६८।१२।२७ गते राति अं.९:०० बजेको समयमा मंजुदेवी यादव निजको घर आँगनमा पोलिएको अवस्थामा रहेकोले यी पुनरावेदकसमेतले एम्बुलेन्स बोलाई भारत, रक्सौलको डंकन अस्पताल पुऱ्याएको भन्नेसमेतको बेहोरा सोही प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । मृतक मंजुदेवीलाई एम्बुलेन्समा राखी भारत, रक्सौलस्थित डंकन अस्पतालमा पुऱ्याइएकोमा त्यहाँका आकस्मिक कक्षका डाक्टरले मृत्यु भइसकेको भनी बताएका थिए भनी एम्बुलेन्स चालक विजयकुमार मालीले घटना विवरण कागज गरिदिएको र सोही बेहोरालाई समर्थन हुने गरी निज चालकले आफूले मृतक मंजुदेवीलाई घरमा आगोले पोलेको देखेको हो, के कुन कारणले निजको मृत्यु भयो सोबारे थाहा छैन भनी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ । त्यसैगरी मृतक मंजुदेवीलाई यी पुनरावेदक भागेन्द्र राउतसमेत भई आगो लगाएको भनी सहप्रतिवादी गगनदेव यादवले अनुसन्धानको क्रममा बयान कागज गरेको देखिए पनि निजले अदालतमा र अनुसन्धानको क्रममा समेत बयान गर्दा म खेतमा गहुँ कटाइरहेको अवस्थामा छोरीले आमाको शरीरमा आगो लागेको भनेपछि घरमा आउँदा मृतक (मेरो श्रीमती) मुर्छित भएको देखी एम्बुलेन्स बोलाई उपचार गराउन डंकन अस्पताल लगिएकोमा अस्पताल गेटमा पुग्दा पुग्दै निजको मृत्यु भएको हो भनी बयान गरेको देखिएकाले मृतकको शरीरमा के कसरी आगो लागेको रहेछ भन्ने सम्बन्धमा निज गगनदेवप्रसाद यादवलाई नै यकिन जानकारी रहेको नदेखिनुका साथै निजले अनुसन्धानको क्रममा गरेको प्रतिवादी भागेन्द्रउपरको पोलसमेत सो बयान बेहोराबाट समर्थित हुन आएको देखिएन । त्यसैगरी घटना विवरणमा कागज गर्ने व्यक्तिहरू पन्नालाल यादव, युनिक यादव, विरेन्द्रप्रसाद यादवसमेतले यी पुनरावेदक प्रतिवादीले मृतकलाई आगो लगाएको नदेखेको भनी अदालतमा

बकपत्र गर्दा लेखाएको देखिएबाट मृतक मंजुदेवीलाई यी पुनरावेदक / प्रतिवादीले नै आगो लगाएको भन्ने कुरा देखिन नआउने।

प्रहरीमा उजुरी (दरखास्त) दिने चन्द्रिका राय यादवले आफ्नो दिदी मंजुदेवीलाई भागेन्द्र राउतसमेतले बेपत्ता पारेकोले खोजतलास गरिपाउँ भनी मिति २०६९।१।१ मा दरखास्त दिए पनि मिति २०७१।१०।१९ मा अदालतमा उपस्थित भई बकपत्र गर्दा मलाई भागिन्द्र प्रति शङ्का छ तर मेरो घर रौतहट परेको हुँदा मलाई यकिन थाहा छैन भनी बकपत्र गरेको देखिएबाट समेत यी पुनरावेदक भागेन्द्र राउत अहिरको कर्तव्यबाट मृतक मंजुदेवीको मृत्यु भएको रहेछ भन्ने कुरा स्पष्ट देखिन नआउने।

बिरामीको अवस्थाअनुसार उपचार हुन सक्ने सम्भावित अस्पताल छनौट गर्ने निजका नजिकका व्यक्तिहरू स्वतन्त्र नै रहने कुरालाई नजरअन्दाज गरी यी प्रतिवादीहरूद्वय गगनदेवप्रसाद यादव र सत्यनारायण राउत अहिरसमेत भई मृतक मंजुदेवीलाई कर्तव्य गरी मारी लासलाई दबाउने उद्धेश्यले भारतको रक्सौल पुऱ्याएको भन्ने तथ्य अन्य विश्वसनीय प्रमाणबाट समर्थन र पुष्टि हुन आएको नदेखिएको अवस्थामा केवल नेपालको अस्पतालमा उपचार नगराई भारत, रक्सौलको अस्पतालमा उपचारार्थ लगेको भन्ने आधारमा मात्र प्रतिवादीहरू गगनदेवप्रसाद यादव र सत्यनारायण राउत अहिरलाई दोषी ठहर गर्न मिल्ने नदेखिने।

आफ्नै श्रीमती तथा बुहारीलाई मार्नु पर्ने कुनै भरपर्दो कारण प्रमाण मिसिलबाट नदेखिनुका साथै निजहरूबाटै मृतकलाई आगो लगाएको भन्ने तथ्य स्पष्ट देखिन नआएको अवस्थामा निज प्रतिवादीहरूमा प्रस्तुत वारदात घटाउने सम्बन्धमा आपराधिक मनसाय थियो र निजहरूले नै त्यस्तो आपराधिक कार्यसमेत गरेका हुन् भनी निष्कर्ष निकाल्नु तथ्यपरक नभई आत्मगत हुने देखिने।

तथ्यपरक रूपमा पुष्टि हुन नसकेको वारदातका सम्बन्धमा आत्मपरक भई केवल मनोगत रूपबाट मात्र कसैलाई दोषी ठहर गरी सर्वस्वसहित जन्मकैदको सजाय गर्नु न्यायोचित र कानूनसम्मत समेत हुने नदेखिँदा प्रतिवादीहरू गगनदेवप्रसाद यादव र सत्यनारायण राउत अहिरलाई अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने नदेखिने।

यसप्रकार माथि विभिन्न प्रकरणहरूमा गरिएको व्याख्या एवम् विवेचनाबाट प्रस्तुत मुद्दाका प्रतिवादीहरू गगनदेवप्रसाद यादव, सत्यनारायण राउत अहिर र भागेन्द्र राउत अहिरले मृतक मंजुदेवी यादवलाई कर्तव्य गरी मारेको भन्ने तथ्य स्पष्ट र विश्वसनीय रूपमा पुष्टि हुन आएको अवस्था नहुँदा निजहरूमध्ये गगनदेवप्रसाद यादव र सत्यनारायण राउतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।२।११ मा भएको फैसला तथा प्रतिवादी / पुनरावेदक भागेन्द्र राउत अहिरलाई ऐ. महलको ऐ. नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७३।११।३ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसलाहरू उल्टी भई प्रतिवादीहरू गगनदेवप्रसाद यादव, सत्यनारायण राउत अहिर र भागेन्द्र राउत अहिरले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल मङ्सिर ३ गते रोज २ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-RC-००१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अभिषेकराज सिंह*

प्रतिवादी अभिषेकराज सिंहले अधिकारप्राप्त

अधिकारीसमक्ष बयान गर्दा मृतक सार्की तामाङ मेरो घरमा काम गर्ने व्यक्ति हुन् । मृतकलाई मेरो विषयमा सबै कुरा जानकारी रहेकोले मेरो हत्या गर्नसक्ने शङ्का लागी निजबाट असुरक्षित भएको महसुस गरी मिति २०६९।७।१३ गते अं. २।३ बजेको समयमा निजलाई घरबाट बोलाई आकास गेष्ट हाउसमा Park K.C. को नाममा कोठा बुक गरी रूममा लगी निज पहिलेदेखि रक्सी सेवन गरेको अवस्थामा रहेकोले निजको लागि चाउचाउसमेत अडर गरी योजनाअनुसार साथमा लिई गएको Human Mixtard र Stargon ले निजको हिप (पिठ्यु) मा इन्जेक्सन दिई सोपश्चात् कोठामा बाहिरबाट चुकुल लगाई हिँडेको हुँ । निजलाई मार्ने योजना एक दिन पहिले बनाएको थिएँ भनी उल्लेख गरेको देखिन्छ भने अदालतसमक्ष बयान गर्दा मृतक सार्की तामाङलाई मेरो घरमा काम गर्न राखेको हो । निजले गरगहनासमेत मेरो रू.१०,००,०००।– लुटेको र मलाई मार्न भनी छतबाट धकेल्ने कामसमेत गरेकोले मैले आफ्नो सुरक्षाको लागि निजको हत्या गरेको हो । न्यू आकाश गेष्ट हाउसको इन्ट्री रजिस्टरमा उल्लेख भएको Prak K.C. भन्ने काल्पनिक नाम र हस्ताक्षरसमेत मेरो हो भनी कसुर अपराध गरेकोमा साबित भएको पाइने ।

घटनास्थलबाट Biphasic Isophone insuline injection 1P 40 लेखिएको बट्टा तथा Life line लेखिएको सिरिन्जसमेत बरामद भएको भन्ने लास जाँच तथा घटनास्थल मुचुल्काबाट देखिन्छ । यी प्रतिवादी अभिषेकराज सिंहले नै मृतक सार्की तामाङलाई काठमाडौं सुन्धारामा रहेको न्यू आकाश गेष्ट हाउसको कोठा नं. १०२ मा लगी हत्या गरेको हो भनी मृतकका बाबु बिलबहादुर तामाङको किटानी जाहेरी परेकोमा सो तथ्यलाई प्रतिवादी अभिषेकराज सिंहले नै न्यू आकाश गेष्ट हाउसको कोठा नं. १०२ बुक गरी कोठामा चाउचाउ मगाई खाएका र निज प्रतिवादीले काउण्टरमा रहेको कर्मचारी दिपेन्द्र खड्कालाई म बाहिर निस्कन्छु अरू कोठाहरू पनि बुक गर्नु छ मान्छे लिएर आउँछु भनी बाहिर निस्की गएकोमा फर्की नआएको, भोलिपल्ट कोठा सफा गर्न जाँदा बाहिरबाट चुकुल लगाएको देखी चुकुल खोली हेर्दा सार्की तामाङ मृत अवस्थामा थिए । निजलाई अभिषेकराज सिंहले कर्तव्य गरी मारेका हुन् भनी गेष्ट हाउसका सञ्चालक सावित्रा पाठकले बकपत्र गरी दिएको देखियो । त्यस्तै मृतक सार्की तामाङलाई प्रतिवादी अभिषेकराज सिंहले मारेको हुन् भनी अनुसन्धानको क्रममा बुझिएका कुमार तामाङ, भैरव रेग्मी र राजु तामाङले बकपत्र गरिदिएको पाइन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Undetermined भन्ने उल्लेख भएको देखिए तापनि abrasion of 1×0.5 cm on left lower thigh back भन्ने उल्लेख भएको देखिन्छ । उल्लिखित मिसिल संलग्न प्रमाणहरूबाट मृतकलाई यी प्रतिवादीको बारेमा सबै तथ्य जानकारी भएको कारण आफूलाई असुरक्षित महसुस गरी योजनाबद्ध रूपमा उक्त गेष्ट हाउसमा लगी रक्सीको नशामा रहेका मृतकलाई Human Mixtard र Stargon नामक इन्जेक्सन मृतकको पिठ्युँमा लगाई प्रतिवादीले कर्तव्य गरी मारेको तथ्य समर्थित एवम् पुष्टि हुन आएको देखिने ।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मृतक सार्की तामाङको मैले नै हत्या गरेको हुँ । मेरो मानसिक अवस्था बिग्रेकोले स-विस्तार भन्न सक्दिन भन्ने उल्लेख गरेको देखिए तापनि प्रतिवादीले मृतकबाट आफू असुरक्षित महसुस गरी मार्ने योजना बनाई निजलाई गेष्ट हाउसमा लानु, गेष्ट हाउसको कोठा बुक गर्दा नक्कली नाम राख्नु, मदिरा सेवन गराएर मृतकलाई थाहा नपाउने अवस्था बनाउनु, योजनाअनुसार नै पहिले नै किनी राखेको Human Mixtard र Stargon नामको सुई मृतकको पिठ्युँमा लगाई घटना घटाइसकेपछि कोठामा चुकुल लगाई फरार हुनुजस्ता सावधानीपूर्वक अपराध लुकाउनलाई

निजबाट भए गरेका क्रियाकलापबाट प्रतिवादीको मानसिक अवस्था बिग्रेको भन्ने जिकिर आफैँमा खण्डित भई विश्वसनीयसमेत नदेखिने।

प्रतिवादी अभिषेकराज सिंहले अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष बयान गर्दासमेत मृतक सार्की तामाङको हत्या आफैँले गरेकोमा साबित भएका, घटनास्थलबाट प्रतिवादीले उल्लेख गरेको इन्जेक्सन बरामद भएको अवस्था रहेको, जाहेरवाला सावित्रा पाठक र मौकामा बुझिएका कुमार तामाङ, भैरव रेग्मी र राजु तामाङले गरी दिएको बकपत्रसमेतका मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादी अभिषेकराज सिंहले मृतक सार्की तामाङलाई योजनाबद्धरूपमा इन्जेक्सन दिई कर्तव्य गरी मारेको तथ्य पुष्टि प्रमाणित हुन आएको देखिने।

अतः उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३(२) नं. को कसुर अपराधमा सोही ऐनको दफा १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७३।९।११ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल भदौ १० गते रोज् १ शुभम्।

७

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०६७-WO-०९३१, उत्प्रेषण, *सुरेन्द्र पुन वि. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ पुतलीसडक शंकरदेव क्याम्पस अगाडि रहेको युनाइटेड बचत तथा ऋण सहकारी संस्था लिमिटेडसमेत*

दोहोरो खतराको सिद्धान्तले मूलतः उही व्यक्तिका विरूद्ध, उही कसुरमा पहिले नै कारबाही भई सजाय पाइसकेको अवस्थालाई इङ्गित गर्दछ। यस आधारमा हेर्दा यो सिद्धान्त पूर्वनिर्णयसँग सम्बन्धित देखिने।

निवेदकले दायर गरेको मुद्दा दुनियाँवादी फौजदारी प्रकृतिको किर्ते मुद्दा भएको र हाल यी निवेदकसमेत उपर सरकारवादी फौजदारी प्रकृतिको ठगी मुद्दामा कारबाही भएको भन्ने देखिन्छ। अपराधको प्रकृति, गम्भीरता, दायित्व वहनको अवस्था तथा सो मुद्दाबाट प्रदान गरिने उपचारका प्रकृति फरक-फरक हुनसक्छन्। दुई छुट्टाछुट्टै कानूनद्वारा परिभाषित अपराधअन्तर्गत पर्ने कसुरका हकमा ती छुट्टाछुट्टै कानूनद्वारा तोकिएबमोजिम मुद्दाको कारबाही, सुनुवाइ र किनारा हुने अवस्थाको सिर्जना भएको अवस्थामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुन नसक्ने।

प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएको ठगी मुद्दामा निवेदक एक्लै नभई निजसमेत ५ जनालाई प्रतिवादी बनाइएको देखिन्छ। रिट निवेदकले दिएको किर्ते मुद्दामा मिति २०६१।११।१२ को लिखतमा निजको सहीछाप परेको नदेखिएकोले सो लिखत किर्तेसम्म ठहर्ने गरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको र सोही आधारमा निजको हकमा म्याद थप नहुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।८।१३ मा आदेश भएको भन्नेसमेत निवेदनमा उल्लेख भएको छ। आफूसमेत उपर दायर भएको ठगी मुद्दामा यी निवेदकले म्यादमा हाजिर भई आफ्नो प्रतिरक्षामा आफ्ना कुराहरू भन्न पाउने तथा तल्लो अदालतबाट भएको आदेश बेरितपूर्वक भएको वा फैसलाउपर चित्त नबुझे नियमित कानूनी प्रक्रियाको अवलम्बन गरी उपचार प्राप्त गर्न सवल कानूनी मार्गको अवलम्बन गर्न सक्ने अवस्था हुँदा हुँदै ठगी मुद्दाको प्रक्रियालाई निस्तेज पार्ने उद्देश्यबाट प्रस्तुत रिट निवेदन दिएको देखिने।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट यी

निवेदकसमेत उपर एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइएको वा सजाय दिइएको अवस्था नहुँदा निवेदन मागबमोजिम रिट जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल मङ्सिर १३ गते रोज ५ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WO-०८१४, उत्प्रेषण, *रक्षाराम हरिजन (चमार) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

संविधानले प्रत्याभुतको गरेको मौलिक हकहरूको संरक्षण गर्नु एवम् प्रचलन गराउने दायित्व राज्यको हुन्छ। यस अर्थमा राज्यको विभिन्न निकायमा नियुक्ति हुँदा संविधानको धारा ४२(१) मा उल्लेख भएका वर्ग एवम् समुदायको राज्यका हरेक निकायमा समानुपातिक समावेशी सुनिश्चित गर्ने मुख्य अभिभारा नेपाल सरकारको रहेको देखिने।

प्रस्तुत रिट निवेदनमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ हेर्दा "मधेसी, महिला, दलित, आदिवासी जनजाति, मुस्लिमलगायत सिमान्तकृत समुदाय एवम् विपन्न वर्गलाई राज्यका संरचनामा अर्थपूर्ण र प्रभावकारी प्रतिनिधित्व गराई समानुपातिक समावेशी सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्ने दिशामा समग्र राज्य संयन्त्र अग्रसर र क्रियाशील रहिरहेको र यो क्रम निरन्तर थप प्रभावकारी ढंगले अघि बढिरहने विषय भएको" भनी समानुपातिक समावेशी सिद्धान्तलाई अर्थपूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको देखिन्छ। यसरी राजदुत नियुक्तिको लागि मिति २०७३।१।७ मा राष्ट्रपतिसमक्ष सिफारिस गर्ने गरेको निर्णय नेपालको संविधानको धारा २८२ अनुकूल समावेशी नै भएको देखिएको र संविधानको प्रस्तावना एवम् धारा ३८(४), ४०(१) र ४२(१) बमोजिम समानुपातिक समावेशीतालाई अर्थपूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धतासमेत नेपाल सरकारले जनाएको देखिँदा राजदुत सिफारिस गर्ने निर्णयमा निवेदन जिकिरअनुसारको अवस्था विद्यमान रहेको नदेखिने।

तसर्थ, विवेचित आधार कारणबाट मन्त्रिपरिषद्बाट मिति २०७३।१।७ मा भएको निर्णय नेपालको संविधानको धारा २८२(१) को मर्मबमोजिम नै भएको र संविधानको व्यवस्थाबमोजिम गर्ने भनी नेपाल सरकारबाट प्रतिबद्धतासमेत व्यक्त भइरहेको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन। साथै समानुपातिक समावेशी सिद्धान्तलाई अर्थपूर्ण र प्रभावकारी बनाउँदै राज्यका हरेक निकायमा मधेसी, महिला, दलित, आदिवासी जनजाति, मुस्लिमलगायतका सिमान्तकृत समुदाय एवम् विपन्न वर्गको भविष्यमा पनि प्रतिनिधित्व गराउने प्रतिबद्धता नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको समेत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-WO-००८९, उत्प्रेषण / परमादेश, *सुखीनाथ पाण्डेय वि. कपिलवस्तु जिल्ला अदालत*

निवेदक सुखीनाथ पाण्डेयको ठेगाना कपिलवस्तु जिल्ला विठुवा गा.वि.स. वडा नं. ६ भएको

मिसिल संलग्न निजको नागरिकताको प्रमाणपत्रबाट देखिन्छ । निजको नाममा कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६१।२।८ मा जारी भएको म्याद २०६१।१२।२० मा तामेल हुँदा सो म्यादमा कपिलवस्तु जिल्ला विठुवा गा.वि.स. वडा नं. ७ बस्ने मुहमद हकिम र ऐ. बस्ने रामकुमार चमार साक्षीलाई रूपमा राखिएको देखिन्छ । निज साक्षीहरू सुखीनाथ पाण्डेयको छिमेकी भएको कुरा पनि खुल्न सकेको नदेखिँदा निज सुखीनाथ पाण्डेयको नाममा जारी भएको पुनरावेदनको रीतपूर्वक तामेल भएको मान्न नमिल्ने हुँदा त्यसबाट यी निवेदक पुनरावेदन गर्ने हकबाट वञ्चित हुन गएको देखिने ।

तसर्थ विवेचित आधार कारणसमेतबाट निवेदक / प्रतिवादी सुखीनाथ पाण्डेयको नाममा कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६१।२।८ मा जारी भएको पुनरावेदन म्याद मिति २०६१।१२।२० मा मा तामेल हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. बमोजिम रीतपूर्वक तामेल भएको नदेखिँदा सो म्याद उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब निवेदक / प्रतिवादी सुखीनाथ पाण्डेयको नाममा कानूनबमोजिम पुनरावेदनको म्याद जारी गर्नु भनी विपक्षीको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल कात्तिक ८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०५०१, निषेधाज्ञा / परमादेश, *शुसिला देवी यादव वि गौर नगरपालिका कार्यालय, रौतहटसमेत*

निवेदिकाले २०६५ सालमा जग्गा खरिद गरी लिनुभन्दा अगाडि अदालतबाटै भएको नक्सा मुचुल्कामा पनि ११ फिट चौडाइको बाटो भन्ने नदेखिएको अवस्था छ भनेपछि परेको मुद्दामा अदालतबाट भई आएको नक्सामा पनि पहिले भएको नक्सासँग आकृति नै नमिल्ने गरी कि.नं. २९९ को जग्गासमेतबाट बाटो कायम गर्ने प्रयास गरिएको भन्ने स्पष्ट भई आएको छ । यसबाट विवादित स्थानमा अरूको नम्बरी जग्गाबाट वा सार्वजनिक जग्गा अतिक्रमण गरी यी निवेदिकालाई ११ फिट चौडाइको बाटो कायम गरी दिनुपर्छ भन्ने दाबी न्यायसम्मत् नदेखिने ।

यसै मुद्दाको विषयसँग अन्तर्सम्बन्धित २०५३ सालको रिट नं.२८१ को निषेधाज्ञा मुद्दामा पनि विवादित स्थानमा ६ फिट ९ इन्च चौडाइको बाटो रहेको भन्ने नक्सा मुचुल्का भई आएको देखियो । अदालतको आदेशानुसार सोही स्थानमा मिति २०७१।१२।७ मा भई आएको नक्साबाट पनि बाटो रहेकै देखियो भने पुरानो नक्सासँग तुलना गर्दा ६ फिट ९ इन्चकै बाटो कायम रहेको मान्नु पर्ने देखियो । यसैगरी गौर नगरपालिकाले २०७१।२।२ मा ११ फिटको बाटो कायम रहेको भनी दिएको घरबाटो सिफारिस र निर्माण सम्पन्न प्रमाण पत्रलाई २०७१।३।३१ को नगरपालिकाकै बोर्ड बैठकले बदर गरिसकेको र विवादित स्थानमा २०५३ सालको रिट नं. २८१ को निषेधाज्ञा मुद्दामा भई आएको नक्सा बमोजिम नै ६ फिट ९ इन्च चौडाइको बाटो कायम रहने भनी उल्लेख गरेको देखिन आउने ।

यसरी निवेदिकाले ११ फिट चौडाइको बाटो कायम हुनुपर्ने भनी लिएको जिकिर अस्वीकृत भएको अवस्थामा ६ फिट ९ इन्चभन्दा बढी चौडाइको बाटोमा निवेदिकाले दाबी गर्न नमिल्ने र ६ फिट ९ इन्च चौडाइको बाटो कायम हुनुपर्छ भनी नगरपालिका स्वयम्ले स्वीकार गरी थप निर्माण गर्ने वा बाटो बन्द गर्ने कुनै योजना नरहेको भनी लिखित जवाफ दिइरहेको अवस्थामा यी निवेदिकाले दाबी लिएजस्तो विपक्षी गौर नगरपालिकासमेत विरूद्ध निषेधाज्ञाको आदेश जारी गर्नु पर्ने अवस्था नदेखिने ।

यसैगरी गौर नगरपालिकाले दिएको निर्माण

सम्पन्न प्रमाण पत्र पूरै बदर गरेको कार्य नियमसम्मत नभएकोले ६ फिट ९ इन्चसम्म बाटो यथास्थितिमा राखी निर्माण सम्पन्न प्रमाणपत्र दिनु भनी पुनरावेदन अदालत हेटौंडाबाट भएको आदेश आफ्नो मागविपरीत भएको भन्ने निवेदिकाको जिकिर रहेको भए पनि अरूको जग्गा कटाई निवेदिकाले दाबी गरेबमोजिमको चौडाइ कायम हुने गरी बाटो दिनुपर्ने देखिएन। नगरपालिकाले बिनाआधार प्रमाण ११ फिट बाटो कायम हुने भनी दिएको सिफारिस बदर गर्दा पहिले दिएको निर्माण सम्पन्न प्रमाणपत्र नै बदर गरेकोले ६ फिट ९ इन्चसम्म बाटो कायम हुने गरी निर्माण सम्पन्न प्रमाण-पत्र दिनु भनी पुनरावेदन अदालत हेटौंडाबाट जारी भएको परमादेश पनि मिलेकै देखियो भने साबिकबमोजिमको चौडा बाटो मात्र कायम गरेको कार्यसमेत मिलेकै देखिने।

अत: उपर्युक्त तथ्य एवम् प्रमाणसमेतका आधारमा यी निवेदिकाले विवादित स्थानमा ११ फिट चौडाइको बाटो कायम हुनुपर्ने भनी लिएको जिकिर स्थापित हुन नआएको र ६ फिट ९ इन्चसम्म चौडाइको बाटो कायम हुने गरी निर्माण सम्पन्न प्रमाण पत्र दिनु भनी गौर नगरपालिकाका नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१।१६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७२-CI-०१२० र ०७२-CI-०५०४, निषेधाज्ञा / परमादेश, *दामोदर पाठक वि. रामसिंहासन राय यादवसमेत* र *रामसिंहासन राय यादवसमेत वि. दामोदर पाठकसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-०४५९ र ०६८-CR-०४५८, जबरजस्ती करणी, *सुजल शाक्य वि. नेपाल सरकार र नेपाल सरकार वि. त्रिरत्न शाक्यसमेत*

पीडितको स्वास्थ्य परीक्षण हुँदा Vaginal Swab मा वीर्य नदेखिएको, कन्याजाली नच्यातिएको, निजलाई जबरजस्ती करणी भएको भन्न नसकिने भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन प्राप्त भई परीक्षण गर्ने विशेषज्ञले अदालतमा उपस्थित भई आफ्नो रायलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षणबाट करणी भएको कथन समर्थित भएको देखिँदैन। कुनै पनि फौजदारी कसुरमा कसैलाई अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । सो कुरा वस्तुगत एवम् तथ्यगत प्रमाणको आधारमा शङ्कारहित रूपमा पुष्टि हुनुपर्छ । यसरी पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् निजको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट जबरजस्ती करणी भएको भन्ने वादी दाबी वस्तुनिष्ठ रूपमा पुष्टि हुन सकेको नदेखिने। पीडितको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज, अदालतमा गरेको बकपत्र एवम् पीडितको एकसाथ बस्ने दाजु नवीन खड्काले अदालतमा आई गरेको बकपत्रमा पीडित बहिनीले अन्य यौनजन्य कार्यबारे केही नभनी आफूलाई जबरजस्ती करणी गर्ने गरेको कुरा आफैँले भनेबाट पीडितको भनाइ एवम् वादीको अभियोगलाई पूर्णत: गलत भन्न सकिने देखिँदैन । प्रतिवादी त्रिरत्न शाक्यले पीडितको योनिमा औंला र लिङ्ग हाली चुसाउने गरेको, प्रतिवादी सुजलले योनिमा लिङ्ग छिराएको र सबैभन्दा बढी सुजल र उज्ज्वलले त्यस्तो कार्य गर्दथे भनी पीडितले बकपत्र गरेको पाइन्छ तर जाहेरवाली सीतादेवीले महानगरीय प्रहरी परिसरमा दिएको निवेदन तथा जाहेरी

दरखास्तमा समेत यस प्रकृतिको बेहोरा लेखाएको देखिएन । पीडितका दाजुबाट पनि उपर्युक्त प्रकृतिको विस्तृत व्यवहार भएको भनी भन्न नसकेबाट एवम् स्वास्थ्य परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्रबाट समेत पीडितको योनि वा शरीरको अन्य अङ्गमा समेत जबरजस्ती करणीका लक्षण नदेखिएको अवस्थामा प्रतिवादीहरूले करणीलाई कुनै प्रकृतिबाट पूर्णता दिएको भनी भन्न सकिने अवस्था विद्यमान देखिएन । तर यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी त्रिरत्न शाक्यले पीडितलाई घर जाँदा आउँदा गालामा पप्पी लिन लगाउने गरेको, उज्ज्वल शाक्यले संवेदनशील अङ्गमा छोएको, आफ्नो गुप्ताङ्ग छुवाएको, सुजल शाक्यले आफूसँगै सुताउने, संवेदनशील अङ्ग चलाउने गरेको भनी बयान गरेबाट यी प्रतिवादीहरूले केही पनि गरेको होइन भनी अदालतमा गरेको बयान स्वीकार्य देखिँदैन । पीडितको कागज एवम् बकपत्र तथा जाहेरी दरखास्त प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान तथा पीडितको दाजुको बकपत्रसमेतलाई सामञ्जस्यतापूर्वक विश्लेषण गरी तथ्य र सत्य पहिचान गरी निष्कर्षमा पुग्दा यी प्रतिवादीहरूको कोसिस तथा मनसाय यी पीडितको शारीरिक शोषण गर्नेतर्फ उन्मुख भएको र यसरी प्रयत्नरत रहे पनि कुनै कारणवश आफ्नो कोसिसलाई पूर्णता दिन नसकेको देखियो । आफ्नो संरक्षणमा रहेकी यी बालिकालाई यसरी करणी गर्ने मनसायले माया गरेको देखाउनु, शरीरको संवेदनशील अङ्गमा हात लगाउनु जस्ता कार्य गरेको पुष्टि भएबाट यस प्रकृतिको कार्य पूर्ण अपराधको वर्गमा नपरे पनि अपराध गर्ने मनसायले गरेको प्रयत्न अर्थात् उद्योग मान्नुपर्ने नै देखिन्छ । यस्ता कार्यहरू आफ्नो स्कुल वा होस्टेलमा बसेकी बालिकाप्रति स्वाभाविक रूपमा देखाइएको वा सामान्य व्यवहार भनी स्वीकार गर्न नसकिने ।

यसरी प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरू त्रिरत्न शाक्य र छोराहरू क्रमश: सुजल शाक्य र उज्ज्वल शाक्यको कसुरमा समान प्रकृतिको संलग्नता देखिएकोमा समान प्रमाणको आधारमा समान कसुर ठहऱ्याई सजाय हुनुपर्नेमा प्रतिवादी सुजल शाक्यको हकमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. विपरीतको कसुर अपराधमा ऐ. ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगको कसुर कायम गरी सजाय ठहर भएको तर प्रतिवादीहरू त्रिरत्न शाक्य र उज्ज्वल शाक्यलाई सफाइ दिने गरी सुरू एवम् पुनरावेदन अदालतबाट फैसला भएको देखियो । मिसिल संलग्न प्रमाणबाट स्थापित कसुरमा समान संलग्नता देखिएकोमा समान रूपमा रहेका प्रमाणको त्रुटिपूर्ण मूल्याङ्कन गरी प्रतिवादीद्वयलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला कानूनसम्मत मान्न मिलेन । समानस्तरका प्रतिवादीलाई समान सजाय हुनुपर्छ भन्ने न्यायको मर्म हो । यसरी मिसिल संलग्न प्रमाणको त्रुटिपूर्ण मूल्याङ्कन गरी कसुरमा समान संलग्नता रहेका प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला सो हदसम्म केही उल्टी भई प्रतिवादीहरू त्रिरत्न शाक्य र उज्ज्वल शाक्यलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. अनुसारको कसुर अपराधमा ऐ. महलको ३ नं. को देहाय १ अनुसार हुने सजायको आधा सजाय गर्नुपर्ने देखिन आएकोले जनही ५ वर्ष कैद सजाय हुने ।

अब प्रतिवादी सुजल शाक्यको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा आफूउपरको अभियोग शङ्कारहित ढंगबाट पुष्टि हुन नसकेको, केवल अधिकारप्राप्त अधिकारीको साबिती बयान मात्रको आधारमा सजाय ठहर गरेको फैसला त्रुटिपूर्ण रहेको भन्नेसमेतको पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ९(२) अनुसार प्रतिवादीलाई भय, त्रास, प्रलोभनमा पारी कुनै कसुर गरेको भनी साबित गरिएको भए त्यस्तो साबितीलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन । तर प्रतिवादीले

भय, त्रास र प्रलोभनमा पारी साबित गराइएको भन्ने जिकिर ठोस एवम् वस्तुगत प्रमाणबाट पुष्टि गरेको हुनुपर्छ । भय, त्रास र प्रलोभनमा पारी प्रतिवादीलाई कुनै तथ्य व्यक्त गर्न बाध्य पारिएको हो भन्ने पुष्टि नभएमा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई हाम्रो कानूनले प्रमाणयोग्य मानेको देखिन्छ। प्रस्तुत सन्दर्भमा यी पुनरावेदकले अदालतमा कसुरमा इन्कार रही बयान गरेको भए तापनि के कस्तो अवस्था परिस्थितिमा यी प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष साबित हुन बाध्य भएको हो भनी खुलाउन र पुष्टि गर्न सकेको पाइँदैन । अदालतसमक्ष भएको इन्कारी बयानलाई पनि स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको हुनुपर्ने।

जाहेरवालाको छोरा छोरीलाई प्रतिवादीहरूले सञ्चालन गरेको स्कुलमा आवासीय रूपमा अध्ययन गर्ने गरी भर्ना गरेको देखिन्छ । यसबाट जाहेरवाला र प्रतिवादीबिच पूर्वरिसइवी झै-झगडा रहेको भन्ने देखिँदैन । पीडितले त्यत्तिकै दोषारोपण गरी झुट्टा पोल उजुर गर्नुपर्ने कुनै तथ्ययुक्त आधार प्रतिवादीले देखाउन सकेको पाइँदैन । जहाँसम्म फी नतिरी पटकपटक तिर्न अनुरोध गरेकोमा स्कुलको फी तिर्न नपरोस् भनी जाहेरी दिएको भन्ने प्रतिवादीको जिकिर छ, सो सम्बन्धमा हेर्दा जाहेरी पर्नुअघि पीडितका अभिभावकलाई यो यति फी बाँकी छ, तिर्नु बुझाउनु होला भनी स्कुलको तर्फबाट कुनै पत्राचार भएको वा स्कुलबाट दिइने मासिक बिल पेस गरी रकम बाँकी भएको भन्ने पुनरावेदकले पुष्टि गर्न सकेको पाइँदैन । त्यसमा पनि स्कुलको फी तिर्नबाट बच्नकै लागि अभिभावकले आफ्नो नाबालक छोरीको सुन्दर भविष्य एवम् आत्मसम्मानमा स्थायी रूपमा चोट पुग्ने गरी यस प्रकारको घृणित अपराधको लाञ्छना लगाए होला तथा पीडितले पनि अदालतमा आई अनुसन्धानको क्रममा व्यक्त गरेका आफ्ना पीडाहरूलाई पुन: व्यक्त गर्दा पूर्णत: झुठो कुरालाई पुनरावृत्ति गरे होला भनी सहजै विश्वास गर्न नसकिने। अनुसन्धानमा साबित भई अदालतमा इन्कार गर्ने र कुनै कसुर गरेको होइन भनी सफाइ लिन खोज्ने प्रतिवादीले प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम आफ्नो जिकिर पुष्टि गर्न सक्नुपर्छ । अन्यथा पुनरावेदन जिकिर लिएकै भरमा कसैलाई निर्दोष हो भनी मान्न मिल्दैन । यसरी पीडित एवम् जाहेरवालाको बकपत्र, यी पुनरावेदकको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, विशेषज्ञको बकपत्र, अनुसन्धानको क्रममा बुझिएका नविन खड्का, सीता कोइरालासमेतको बकपत्रबाट यी प्रतिवादीले पीडित बालिकाउपर केही पनि गरेको छैन भनी विश्वास गर्न सकिने अवस्था देखिएन । उपर्युक्त आधार प्रमाणबाट यी पुनरावेदकले जबरजस्ती करणीको उद्योगको कसुर गरेको पुष्टि र प्रमाणित भइरहेको अवस्थामा निजलाई जबरजस्ती करणीको महलको ५ नं. बमोजिम कसुर ठहर गरेको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिलेन । तसर्थ आफूलाई कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको हुँदा उल्टी गरी सफाइ पाउनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित आधार कारणबाट प्रतिवादीहरू त्रिरत्न शाक्य, उज्ज्वल शाक्य र सुजल शाक्यले १० वर्षमुनिकी पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त, पीडितको अदालतसमक्षको बकपत्र, निजको स्वास्थ्य परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरूको अदालतसमक्षको बकपत्रसमेतका आधारमा प्रतिवादी त्रिरत्न शाक्य र उज्ज्वल शाक्यले मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिमको कसुर अपराध गरेको भन्ने तथ्य शङ्कारहित रूपमा पुष्टि हुन आएको हुँदा प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय गर्नुपर्नेमा सफाइ दिने गरी भएको सुरू काठमाडौं जिल्ला

अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूलाई जबरजस्ती करणीको उद्योगको कसुर अपराधमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जनही ५ (पाँच) वर्ष कैद सजाय हुने ठहर्छ। अर्का प्रतिवादी सुजल शाक्यको हकमा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब हुँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७४ साल भदौ २८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०१०३, मानव बेचबिखन तथा ओसारपसार उद्योग, *रमा पौडेल वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा पीडित अदालतमा उपस्थित भई बकपत्र गर्दा अदालतसमक्षको प्रमाणित बयानलाई खण्डन गरी प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिने गरी बकपत्र गरेको पाइन्छ। पीडितको उक्त बकपत्र झुट्टा हो भन्ने कुनै ठोस प्रमाण वादी पक्षको तर्फबाट प्रस्तुत भएको पाइँदैन। यसरी पीडितहरूले नै अनुसन्धानका क्रममा भएको कागज र बयान बेहोरा झुट्टा हो भनी अदालतमा बकपत्र गरेको देखिएको र सो बकपत्र प्रतिवादीहरूको दबाब, प्रभाव वा आर्थिक प्रलोभनमा परी भएको तथ्य मिसिलबाट पुष्टि हुन नआएको हुँदा पीडितहरूले गरेको बयानलाई शङ्का गर्नुपर्ने अवस्था मिसिलबाट देखिएन। प्रस्तुत मुद्दाको प्रत्यक्ष प्रमाण भनेकै पीडितहरू हुन्। पीडितले मौकामा गरेको बयान र अदालतसमक्ष गरेको बकपत्र एकापसमा बाझिएमा जिरह गरिएको अदालतसमक्ष भएको बकपत्रलाई नै भरपर्दो र विश्वासयोग्य मान्नुपर्ने।

आफ्नो अभियोग दाबीलाई प्रमाणद्वारा पुष्टि गरी शङ्कारहित बनाउने दायित्व अभियोजकमा रहने हुन्छ। यसरी वादी पक्षले पीडित भनी उल्लेख गरेका व्यक्तिहरूले स्वयम् अदालतमा उपस्थित भई प्रतिवादीहरूलाई चिन्दिन भनी आफूलाई भारत लैजाँदै गरेको तथ्यमा इन्कार रहेबाट पुनरावेदकले आरोपित कसुर गरेको भन्ने शङ्कारहित रूपबाट प्रमाणित हुन आएन। यस्तो अवस्थामा केवल अभियोजन पक्षको आरोपको भरमा प्रतिवादीलाई कसुरदार ठहर गर्नु फौजदारी न्याय एवम् प्रमाण कानूनको सिद्धान्तविपरीत हुने देखियो। यसरी मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित रूपमा पुष्टि हुन नआएको अवस्थामा अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको पुनरावेदन अदालत इलामको फैसला त्रुटिपूर्ण रहेको देखिने।

विवेचित आधार कारणबाट प्रतिवादीउपरको कसुरको पुष्ट्याइँ शङ्कारहित रूपबाट भएको नपाइएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) को कसुरमा ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबीबाट प्रतिवादीलाई सफाइ दिने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला मनासिब हुँदा सदर गर्नुपर्नेमा उक्त फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम ३ वर्ष ६ महिना कैद गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७०।९।१६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर हुने। यसै मुद्दाका अर्का प्रतिवादी सुवास परियारलाई सजाय हुने ठहर भएको पुनरावेदन अदालतको फैसलाउपर निजको पुनरावेदन परेको देखिएन। मुलुकी ऐन, २०२० अदालती बन्दोबस्तको महलको २०५ नं. मा "एकै मुद्दामा हार्ने झगडियामध्ये कसैको पुनरावेदन उजुर परेकोबाट जाँचिदा इन्साफ वा सजाय उल्टिने भई सो इन्साफ सजाय उल्टाई फैसला गर्दा पुनरावेदन उजुर नदिने झगडियाका हकमा समेत इन्साफ सजाय उल्टिन जाने भयो भने त्यस्तोमा

पुनरावेदन उजुर परेको छैन भनी सदर गरी दिनु हुँदैन । पुनरावेदन उजुर नदिनेका हकमा समेत पुनरावेदन उजुर दिनेसरह उल्टाई छिनी दिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । मुलुकी ऐन, अ.बं.२०५ नं. को उक्त व्यवस्थाअनुसार पुनरावेदन नगर्ने प्रतिवादी सुवास परियारको हकमा समेत इन्साफ गर्न मिल्ने भई मिसिल संलग्न प्रमाण अध्ययन गरी हेर्दा यी प्रतिवादीको समेत कसुरमा संलग्नता रहेको तथ्यको पुष्ट्याइँ पीडितको बकपत्रलगायतका प्रमाणबाट ठोस एवम् शङ्कारहित रूपमा पुष्टि हुन नआएको हुँदा निज प्रतिवादीलाई समेत कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिएन । अतः मुलुकी ऐन, अ.बं.२०५ नं बमोजिम पुनरावेदन नगर्ने प्रतिवादी सुवास परियारको हकमा समेत पुनरावेदन अदालतको फैसला उल्टी भई सफाइ पाउने ।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: विशाल खड्गी
इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WH-००९४, बन्दीप्रत्यक्षीकरण, *अमर झाँक्रीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

पत्रकार सम्मेलनको आयोजना गरी शान्ति सुरक्षामा खलल पुऱ्याएको भनी अनुसन्धान प्रयोजनार्थ हिरासतमा लिइएका यी निवेदकहरूउपर केही सार्वजनिक (अपराध र सजाय) ऐन, अन्तर्गतको कसुरमा मिति २०७५।१।२५ मा पक्राउ गरिएकोमा उक्त ऐनको दफा ४ अनुसार वारदात भएको मितिले ७ दिनभित्र मुद्दा दायर गरिसक्नुपर्ने कानूनी व्यवस्था रहेकोमा सो अवधिभित्र विपक्षीहरूबाट मुद्दा दायर भएको अवस्था देखिएन । यसैगरी सोही ऐनको दफा ४ को उपदफा २ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको व्यवस्थाअनुरूप यी निवेदकहरूउपर ७ दिनभित्र मुद्दा दायर गर्न नसकिने र थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने मनासिब माफिकको कारण पनि प्रमुख जिल्ला अधिकारीले म्याद थपको आदेश दिने क्रममा स्पष्ट रूपमा उल्लेख गर्न सकेको पाइएन । प्राप्त मिसिल हेर्दा प्रमुख जिल्ला अधिकारीले मुद्दा दायर गर्न ३५ दिनको म्याद थप गर्दा पनि मनासिब माफिकको कारण औंल्याई कुनै पर्चा खडा गरेको नदेखिएकोले म्याद थप गर्ने कार्यहरूको औचित्यता पुष्टि हुन नआई स्वेच्छाचारी भएकोसमेत देखिँदा रिट निवेदकहरूलाई अनुसन्धानको लागि भनी थुनामा राख्ने गरी भएको कार्य कानूनसम्मत मान्न मिल्ने नदेखिने ।

यसैगरी निवेदकहरूबाट पत्रकार सम्मेलनको आयोजना भएको भए पनि के कुन प्रकारबाट के कुन कार्य गर्दा शान्ति सुरक्षामा खलल पुग्ने हो ? सो बेहोरा प्राप्त मिसिलबाट खुल्न सकेको छैन। कानून निर्दिष्ट विधि र प्रक्रिया पूरा नगरी यी निवेदकहरूलाई थुनामा राख्नु नेपालको संविधानको धारा १६, १७, २० समेतका विरूद्ध हुने देखिएको सन्दर्भमा नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गरेको, धारा १७(१) ले कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने उलेख गरी कुनै पनि व्यक्तिउपर हुने गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक हकको प्रत्याभूति गरेको तथा धारा १३३ ले मौलिक हकको प्रचलनका निम्ति सर्वोच्च अदालतलाई असाधारण अधिकार क्षेत्रसमेत प्रदान गरेको सन्दर्भमा विपक्षीहरूको कार्यबाट यी निवेदकहरूको संविधान प्रदत्त मौलिक हकको प्रचलनमा गम्भीर आघात पुगेकै देखिन आउने ।

यसरी मनासिब माफिकको कारण र औचित्य पुष्टि नगरी स्वेच्छाचारी रूपमा निवेदकहरू अमर झाँक्री, शिवराज नेपाली, देवबहादुर सूचीकार, हरिचन्द्र खड्का, टेकबहादुर प्रधान, दलबहादुर थापा र लिलबहादुर बुढाथोकीलाई अनुसन्धानको लागि भनी म्याद थप गरी थुनामा राखेको कार्य गैरकानूनी भएकोले

रिट निवेदकहरूलाई अविलम्ब थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ७ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१३४६, किर्ते, *स्यानीमाया वि.क.(कामी) वि. पुकमान गुरूङसमेत*

जिल्ला प्रहरी कार्यालय, लमजुङको च.नं.२८२० मिति २०७१।३।६ को पत्रसाथ प्राप्त कागजको प्रतिलिपि हेर्दा पुनरावेदकले पुकमान गुरूङ र निजकै छोरा सञ्जय वि.क. लाई विपक्षी बनाई जिल्ला प्रहरी कार्यालयमा दिएको निवेदनमा मिलापत्रबाट विवाद टुङ्गिने बेहोरा उल्लेख भई मिलापत्रमा स्वयम् वादीको छोरा सञ्जय वि.क. को सहीछाप परेको देखिन्छ। यद्यपि उक्त मिलापत्रमा वादीको सहीछाप परेको देखिँदैन। तथापि प्रस्तुत फिरादमा उल्लिखित धनमाल फिर्ता दिलाई पाउँ भनी वादीले सोही समयमा जिल्ला प्रहरी कार्यालयमा निवेदन दिई कारबाही चलाएको देखियो। आफूले निवेदन दिएको होइन भन्ने कानूनसम्मत आधार वादीले देखाउन सकेको पाइँदैन। उक्त तथ्यबाट यसै विषयमा अर्थात् गहना फिर्ता दिलाई पाउँ भनी २०६८ साल वैशाख महिनामै वादीले प्रहरी कार्यालयमा निवेदन दिएको तथ्य पुष्टि हुन आएको देखिएबाट प्रतिवादीहरूले मुखको परिपञ्चले किर्ते गरेको थाहा जानकारी वादीले सोही समयमा पाएको मान्नुपर्ने।

प्रस्तुत विवादमा पुनरावेदकले धनमाल फिर्ता पाउँ भनी २०६८ वैशाखमै प्रहरी कार्यालयमा निवेदन दिएको तथ्य स्थापित हुन आएको देखिँदा निजले दाबी गरेको किर्ते अपराध भएको तथ्य सोही समयमा नै थाहा जानकारी भएको मान्नुपर्ने भई वादीको फिराद गर्ने हदम्याद सोही समयबाट सुरू हुने देखियो। यसरी मिसिल प्रमाणबाट स्थापित तथ्यविपरीत वादीले मिति २०७०।९।२ लाई थाहा पाएको मिति कायम गरी हदम्याद सिर्जना गरी प्रस्तुत फिराद दिएको पाइँदा प्रस्तुत फिराद हदम्यादभित्र परेको भन्न मिलेन। जुन कानूनको सहारा लिई उपचारको खोजीमा वादी अदालत प्रवेश गरेको हो सो कानूनले निर्धारित गरेको हदम्याद नघाई फिराद दिएको देखिँदा हदम्यादविहीन फिरादबाट औचित्यभित्र प्रवेश गरी इन्साफ गर्न मिल्ने नदेखिने।

विवेचित आधार, कारण एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार वादीको प्रस्तुत फिराद दाबी मुलुकी ऐन, किर्ते कागजको १८ नं. बमोजिमको हदम्यादभित्र दायर भएको नदेखिँदा वादी दाबी खारेज गर्नुपर्नेमा नगरी दाबीबमोजिम १२ तोला सुनको हुन आउने रकम प्रतिवादीहरूबाट दामासाहीले भराई पाउने ठहऱ्याई भएको सुरू लमजुङ जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेको देखियो। प्रस्तुत विषय किर्ते कागजको महलमा उल्लिखित किर्ते कागजको ४ नं. को परिभाषाभित्र नपरेको भन्ने आधारमा पुनरावेदन अदालत पोखराले फिराद दाबी खारेज हुने ठहर गरेको भए पनि प्रस्तुत फिराद किर्ते कागजको १८ नं. बमोजिमको हदम्यादभित्र नपरेको भन्ने आधारमा फिराद दाबी खारेजभागी देखिएकोले हदम्यादको अभावमा वादीको फिराद खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-WO-०४२५, उत्प्रेषण / परमादेश, *अर्जुनकुमार कुँवर वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खुसमेत*

स्नातकोत्तर तह प्रथम वर्षको परीक्षामा

मर्यादाविपरीत कार्य गरेकाले आवश्यक कारबाहीका लागि स-प्रमाणसहित उत्तरपुस्तिका छुट्टै पठाइएको भनी त्यसको तपसिलको २ नं. मा यिनै निवेदकको सिम्बोल नं. ४०६०१, विषय ECO-५०४ A भन्ने उल्लेख भई केन्द्राध्यक्षको हस्ताक्षरसहितको पत्र प्राप्त भएको देखिँदा निवेदकले भनेजस्तो विपक्षीहरूबाट विनाकारण निजको परीक्षाफल प्रकाशित नगरी Expelled मा राखेको भन्ने देखिन नआउने।

यसैगरी ४०६०१ सिम्बोल नं. का यी निवेदकले परीक्षा दिँदा चिट चोरी गरेको कार्य त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २६०, २६८, २७० समेतका विरूद्ध भएकोले सम्पूर्ण परीक्षाफल रद्द गर्ने भनी २०६८।११।१२ मा निर्णय भएको र मिति २०६९।३।१५ मा निजको परीक्षाफल रद्द गरी अन्य सहभागीको परीक्षाफल प्रकाशित गरेको देखिने।

परीक्षाको मर्यादामा आँच आउने कार्य कसैले गर्नु हुँदैन। परीक्षाको मर्यादा कायम गराउनेतर्फ सम्बन्धित सबै पक्ष तत्पर रहनुपर्छ। निवेदक आफैँले परीक्षाको मर्यादा कायम गर्न नसकेको, निजले परीक्षाको मर्यादामा आँच आउने कार्य गरेको, यस्तो अवस्थामा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० अन्तर्गत भएको कामकारबाही र निर्णयलाई वस्तुनिष्ठ प्रमाण र कारणको अभावमा अन्यथा भन्नु पर्ने नदेखिने।

यस्तै प्रकृतिको निवेदक अंशु गुरूङ विरूद्ध त्रिभुवन विश्व विद्यालय, परीक्षा नियन्त्रण कार्यालयसमेत भएको २०६५ सालको रिट नं. ०६५-WO-००२७ नं. को उत्प्रेषण निवेदनमा पनि निवेदकले आफ्नो परीक्षाफल विनाकारण Expelled मा राखिएको भनी परेको रिट दिवेदनउपर फैसला हुँदा परीक्षाको मर्यादाविपरीत परीक्षा हलमा चिट चोर्ने कार्य गरेकोले त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २६० को विपरीत कार्य गरेको पुष्टि हुन आएको भनी निजको रिट निवेदन खारेज भएको देखिने।

उपर्युक्त तथ्य एवम् प्रमाणसमेतका आधारमा परीक्षालाई मर्यादित, एवम् निष्पक्ष बनाउने अभिप्रायले प्रवेश पत्रमा नै के गर्न हुने र के गर्न नहुने भनी स्पष्ट जानकारी गराई मर्यादित ढङ्गले परीक्षा सञ्चालन गरिरहेको अवस्थामा चिट चोर्ने जस्तो गलत कार्य गरी त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २६० को विपरीत कार्य गर्ने यी निवेदकको परीक्षाफल Expelled गरिएको कार्य उल्लिखित नियमको व्यवस्थाबमोजिम नै भएको देखिने।

अत: प्रस्तुत मुद्दामा मर्यादाविपरीत कार्य गर्ने यी निवेदकलाई नियमानुसारको कारबाही गर्दा र सोही कारबाहीका कारण निवेदकको परीक्षाफल Expelled मा परी परीक्षाफल प्रकाशित नगर्दा नियमविपरीत भएको भन्ने नदेखिएकोले मागबमोजिमको आदेश जारी गरिररहनु पर्ने अवस्थाको विद्यमानता देखिएन। निवेदकको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ८ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०८२७, अप्राकृतिक मैथुन जबरजस्ती करणी, *नेपाल सरकार वि. नारायण श्रेष्ठ*

प्रतिवादीले अनुसन्धानका क्रममा साबिती बयान गरेको भए पनि यस्तो बयानलाई मात्र प्रमाणमा लिन मिल्दैन, अन्य स्वतन्त्र प्रमाणले पुष्टि हुनुपर्छ। प्रस्तुत मुद्दामा अदालतमा आई बयान गर्ने प्रतिवादीले मात्र होइन जाहेरवाला, पीडित तथा बुझिएका मानिसहरू कसैले पनि वारदात भएको कुरालाई स्वीकार गरेको अवस्था छैन। चिकित्सकको बकपत्रले पनि वारदात

भएको लक्षण पीडितको शरीरमा नदेखिएको भनी वारदात भएको अवस्थालाई इन्कार गरी बकपत्र गरेको देखिन्छ । मौकामा बेहोरा लेखाउने रोशनी ढुङ्गेलका अभिभावक र प्रतिवादीबिच विद्यार्थी अनुशासनको कुरालाई लिएर रिसइवी रहेको देखिएबाट कुनै पनि स्वतन्त्र प्रमाणले यी प्रतिवादीबाट अप्राकृतिक मैथुन तथा जबरजस्ती करणीको वारदात गराएको भन्ने कुरा पुष्टि हुन नआउने ।

विद्यालयमा शिक्षकले विद्यार्थीलाई सही सल्लाह सुझाव दिनु, उत्प्रेरित गर्नु शिक्षकको कर्तव्य हो । यद्यपि यी प्रतिवादीले A कुमारीलाई सम्झाउने क्रममा अँगालो हाली सम्झाउँदै सिँढीबाट तल आएको भनी अदालतमा आई बयान गर्दा खुलाएको देखिन्छ । यसबाट निज प्रतिवादीले सम्झाउने भन्दैमा ११ वर्षीया पीडितलाई अँगालो नै हाल्नु पर्ने अवस्था देखिँदैन भने विद्यालयजस्तो शिक्षण संस्थामा यसरी शिक्षकले छात्राहरूलाई अनावश्यक रूपमा स्पर्श गर्दै जाने हो भने यसैको सिको गर्ने आफ्नै सहपाठी तथा शिक्षकहरूबाट समेत छात्राहरू पीडित हुन सक्ने अवस्था उत्तिकै रहने ।

अत: प्रतिवादी नारायण श्रेष्ठउपर आफ्नै विद्यार्थी A कुमारीलाई अप्राकृतिक मैथुन र जबरजस्ती करणीको कसुर गरेको भनी जाहेरी परेको भए पनि प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान, जाहेरवालाले आफूले जाहेरी दिएकै होइन भनी गरेको बकपत्र, पीडितले वारदात नभएको भनी अदालतमा गरेको बकपत्र, बुझिएका मानिसहरूले मौकामा लेखिएको बेहोरा हाम्रो होइन भनी अदालतमा लेखाएको बेहोरा तथा पीडितको शरीरमा जबरजस्ती करणी तथा अप्राकृतिक मैथुनको लक्षण नभेटिएको भनी चिकित्सकले गरेको बकपत्र एवम् रिसइवीका कारण जाहेरी परेको हो भनी प्रतिवादीका साक्षीले गरेको बकपत्रसमेतका आधारमा प्रतिवादी नारायण श्रेष्ठले A कुमारीलाई जबरजस्ती करणी गरी अप्राकृतिक मैथुनसमेत गरेको पुष्टि भएको नदेखिँदा निज प्रतिवादीलाई अप्राकृतिक मैथुन र जबरजस्ती करणी गरेको भनी मुलुकी ऐन, जबरजस्ती करणीको महलअन्तर्गत १ र ३(२) नं. को कसुर अपराधमा ऐजन ऐन, महलको ३(२) नं. बमोजिम सजाय हुनबाट सफाइ पाउने ठहऱ्याई भएको फैसला तथा प्रतिवादीले पीडित A कुमारीलाई अँगालो हालेको कार्य मुलुकी ऐन, आशय करणीको महलअन्तर्गत सजाय हुने कसुरअन्तर्गतको देखिँदा सरोकारवालाले सकार गरेमा वादी पक्ष कायम गरी प्रस्तुत मुद्दाको मिसिलबाट कारबाही किनारा हुने गरी सुरू मोरङ जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७३।२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-१६२६, चोरी, *विजेन्द्रकुमार चौधरी वि. नेपाल सरकार*

अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा यी प्रतिवादी कसुर गरेकोमा साबित रहेको देखियो। यसैगरी बरामद भएको र यो देखाइएको मोटरसाइकल एउटै हो भनी सनाखतसमेत गरेको पाइयो । अनुसन्धानको क्रममा भएको बयान र बरामदी मुचुल्कालाई प्रतिवादीले अन्यथा भन्न सकेको अवस्था देखिएन । प्रतिवादीले अदालतमा आई बयान गर्दा इन्कारी बयान गरे पनि सो इन्कारी बयानलाई साक्षी प्रमाणलगायतका अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्न सकेको अवस्था नरहने ।

अदालतमा बयान गर्दा पनि निज प्रतिवादीले आफू वारदातस्थलमा नरहेको भनी जिकिर लिन सकेका छैनन् । जे जुन स्थानमा वारदात भयो सोही स्थानबाट अबेर साँझ दशीको सामानसहित प्रतिवादी

पक्राउ पर्नु र निजले खुलाएबमोजिमको अवस्थामा मोटरसाइकल बरामद हुनुलाई संयोग मात्र मान्न सक्ने अवस्था नरहने।

प्रहरी प्रतिवेदन र बरामदी मुचुल्कासमेतबाट जाहेरवालाको ना.१५ प ५२०० नं. को पल्सर मोटरसाइकल चोरी भएको तथ्यमा कुनै विवाद रहेन। अगाडिको वायरिङको तार काटिएको अवस्थामा मोटरसाइकल फेला परेको, प्रतिवादी विजेन्द्रकुमार चौधरीले बरामदी मुचुल्कामा नै उक्त मोटरसाइकल आफूले चोरी गरेको तथ्यलाई स्वीकार गरी सहीछाप गरेको, अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले बयान गर्दा ना. १५ प ५२०० नं. को मोटरसाइकल मैले चोरी गरी भाग्दै गरेको अवस्थामा फेला पारी बरामद गरेको भनी कसुरमा साबित रही बयान गरेको तथा प्रतिवादी विजेन्द्र चौधरीले अदालतसमक्ष बयान गर्दा बरामदी मुचुल्कालाई अन्यथा भन्न नसकेकोसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी विजेन्द्रकुमार चौधरीले जाहेरवालाको ना. १५ प ५२०० नं. को मोटरसाइकल चोरी गरेको पुष्टि हुन आउने।

बजाज कम्पनीको Sub-dealer नारायणी मोटर्सले १५० सी.सी. को पल्सर मोटरसाइकलको मूल्य रू.१,१५,०००।– पर्ने भनी मूल्य खुलाई पठाएको पत्र मिसिल संलग्न रहेको देखिएको र सोही क्षमताको मोटरसाइकल बरामद भएको अवस्थामा चोरीको बिगो रकम रू.१,१५,०००।- रहेको कुरामा पनि विवाद नरहने।

अत: उपर्युक्त तथ्य एवम् प्रमाणसमेतका आधारमा प्रतिवादी विजेन्द्र चौधरीले जाहेरवालाको मोटरसाइकल चोरी गरी लैजाँदै गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम १ (एक) महिना कैद र बिगो रू. १,१५,०००।– (एक लाख पन्ध्र हजार) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०८८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरस्वती श्रेष्ठ*

मृतक रेशम श्रेष्ठको छातीलगायतका स्थानमा घा चोट रहेको, घटनास्थल नजिक अँध्यारो कोठामा रगत लागेको रूमाल, हसिया र वसिला फेला परेको, सरस्वती श्रेष्ठकै कर्तव्यबाट मारेको हो भनी छोरा दुर्गाकुमारले किटानी कागज गरिदिएको, नन्द देउरानीलगायत बुझिएका मानिसहरूले कर्तव्य गरी मारेकोमा विश्वास लाग्दछ भनी कागज गरिदिएको तथा मृतकको मृत्युसम्बन्धमा लास पोष्टमार्टम रिपोर्टमा The Probable cause of death is due to Asphyxia भन्ने शब्दहरू मात्र उल्लेख गरी झुण्डिएको भनी उल्लेख हुन नसकेकोसमेतका परिस्थितिजन्य प्रमाणहरूले मालाकार रूपमा यी प्रतिवादीले नै कर्तव्य गरी मारेको पुष्टि गरिदिएको हुँदा निज प्रतिवादी सरस्वती श्रेष्ठले मिति २०६९।४।१८ गते साँझ आफ्नो श्रीमान् रेशम श्रेष्ठलाई कर्तव्य गरी मारी झुण्ड्याई दिएको हुँदा निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं.को कसुर अपराध भएको हुँदा उक्त कसुर अपराध गरेकोमा निजलाई सोही महलको १३(३) नं.बमोजिम सजाय हुन अभियोग मागदाबी रहेकोमा अभियोग मागदाबीबमोजिम सजाय ठहर गरी अ.बं.१८८ नं.बमोजिम ५ वर्ष कैद सजाय गर्न राय व्यक्त गरी गोरखा जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गरी प्रतिवादीलाई अभियोग

दाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत पोखराको फैसलाउपर चित्त नबुझाई वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको पाइने।

प्रतिवादी सरस्वती श्रेष्ठले मौकामा तथा अदालतसमक्षको बयानमा मेरो र श्रीमान्बिच वादविवाद भइरहने गर्दथ्यो, मिति २०६९।४।१८ गते पनि विवाद भएपछि मैले श्रीमान्लाई धकेल्दा मासु काट्न राखेको काठको अचानोमा श्रीमान्को घुँडा ठोकिएपछि म कोठाबाहिर निस्किएर बसेको अवस्थामा श्रीमान्लाई कोठाको खाटमा नदेखेपछि ढोका खोल्न खोज्दा चुकुल लगाएकोले ढोकाको सानो प्वालबाट हेर्दा श्रीमान् पासो लगाई झुण्डिरहेको देखी विष्णु प्रधानलाई बोलाई ढोका खोल्दा श्रीमान्को मृत्यु भइसकेको रहेछ मैले श्रीमान् रेशम श्रेष्ठको कर्तव्य गरी हत्या गरेको होइन, श्रीमान् रेशम श्रेष्ठ आफैँ झुण्डिई आत्महत्या गर्नु भएको हो भनी कसुरमा इन्कार रही बयान गरेको देखिने।

मृतकका दाजु लिलाराज श्रेष्ठले भाइ रेशम श्रेष्ठको मिति २०६९।४।१८ गते राति आफ्नै घरमा झुण्डिई मृत्यु भएको अवस्थामा लास फेला परेको र भाइको शरीरमा घाउचोट देखिएको तथा घरबाट रगत पुछेको गम्छा, बसिला तथा हँसियासमेत फेला परेको हुँदा भाइले झुण्डिई आत्महत्या गरेको नभई कान्छी श्रीमती प्रतिवादी सरस्वती श्रेष्ठले नै भाइलाई कुटपिट गरी कर्तव्य गरी मारी चुन्नीले पासो लगाई झुण्डयाएको हुँदा कारबाही गरिपाउँ भनी किटानी जाहेरी दिई सोही बेहोरा समर्थित हुने गरी अदालतमा बकपत्र गरेको देखिने।

मृतक रेशम श्रेष्ठको पोष्टमार्टम रिपोर्टमा The Probable cause of death is due to Asphyxia भन्ने र शव परीक्षण गर्ने डाक्टर सुनिता घिमिरेले पुनरावेदन अदालत पोखरामा गरेको बकपत्रमा मृतकको घाँटीको डोरीको डामको आकार र स्थान हेर्दा Suicidal देखिन्छ भनी लेखाएको देखिन्छ । यसर्थ मृतक रेशम श्रेष्ठको मृत्यु निजको पत्नी प्रतिवादीले कर्तव्य गरी हत्या गरेकी हुन् वा मृतकले आत्महत्या गरेका हुन् भन्ने विषय देखिन आउने।

लास जाँच मुचुल्का र पोष्टमार्टम रिपोर्टबाट मृतकको शरीरको तिघ्रामा टोकेको डाम, बायाँ स्तन नजिक छाला खुइलिएको १ इन्च गोलाइको रातो घाउ बायाँ घुँडामा छाला खुइलिएको, दायाँ पिठ्युको भागमा कोतरिएको घाउहरू देखिएको छ। उक्त घाउहरू मृतकको शरीरमा लागेकोमा विवाद देखिएन। प्रतिवादीले यी घा चोटको सम्बन्धमा निज र मृतकबिच मृतकको मृत्यु हुनुपूर्व झगडा हुँदा आफूले टोकेको, अचानोमा मृतक ठोकिएको भनेर घा चोटको सम्बन्धमा उल्लेख गरेको देखिन्छ । अतः यी घा चोटबाट मृतकको मृत्यु हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा हेर्दा मृतकको मृत्युको कारणमा शरीरको घा चोट हो भनेर पोष्टमार्टम रिपोर्टमा उल्लिखित नभई मृत्युको कारणमा Asphyxia भन्ने लेखिएको छ, Asphyxia भनेको श्वासप्रश्वाससँग सम्बन्धित भन्ने बुझिन्छ। मृतकको शरीरको घा चोट र निजको श्वासप्रश्वासको कुनै सम्बन्ध नहुने हुँदा घा चोटका कारण मृत्यु भएको भन्न सकिने अवस्था नरहने।

जाहेरवालालगायत मौकामा बुझिएका मानिसहरूले प्रतिवादीउपर किटानी पोल गरेको सन्दर्भलाई नियाल्दा प्रतिवादी सरस्वती श्रेष्ठउपर मृतकका दाजु लिलाराज श्रेष्ठले २०६९।४।१८ गते राति भाइ रेशम श्रेष्ठ आफ्नै घरमा झुण्डिई मृत्यु भएको अवस्थामा लास फेला परेको र मृतकको शरीरमा घाउचोटसमेत देखिएको तथा घटनास्थलमा रगत पुछेको गम्छा, वसिला, हँसियासमेत फेला परेकोले निजलाई निजकै कान्छी श्रीमती सरस्वती श्रेष्ठले कुटपिट गरी कर्तव्य गरी मारेर चुन्नीले पासो लगाई झुण्डाएको भनी किटानी जाहेरी दिई अदालतसमक्ष समेत बकपत्र गरेको देखिने।

जाहेरवाला तथा मौकामा कागज गर्ने

व्यक्तिहरू मृतकका नजिकका नातेदार भन्ने देखिएकाले मृतकप्रति उनीहरूको सद्भाव र स्नेह रहनु स्वाभाविकै हुन आउँदछ, यद्यपि उनीहरू चश्मदिद गवाह भने नभएको भन्ने उनीहरूकै कथनबाट देखिन आउँदछ । जाहेरवाला र मौकामा बुझिएका व्यक्तिहरू मृतकका नजिकका नातेदार भएको र निजहरूले मृतकको मृत्यु हुनुपूर्व मृतक र प्रतिवादीबिच झगडा भएको देखेकाले केवल आशङ्कामा यी प्रतिवादीउपर दोषारोपण गरेको अवस्था देखिन आउँछ । जुन कुरा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सिद्धान्तसँग अनुकूलित हुन जाने ।

जाहेरवालालगायत मौकामा बुझिएका व्यक्तिहरूले केवल आशङ्काको भरमा प्रतिवादीउपर कसुर थोपरेको भन्ने देखिन आएको र वस्तुनिष्ठ स्वतन्त्र प्रमाणबाट प्रतिवादीले कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन सकेको देखिन नआएको तथा कसुरमा इन्कार रही प्रतिवादीले मौकामा तथा अदालतसमक्ष बयान गरेको देखिन आएको, मृतकको शरीरमा देखिएको घाँटीमा साह्रो भएको एक इन्च चौडा रहेको डाम, नाकबाट र्‍याल आएको भन्नेसमेत तथ्यहरूबाट Hanging भन्ने पुष्टि भएको र शव परीक्षण गर्ने डाक्टरले Suicidal hanging भनी उल्लेख गरिदिएबाट तथा मिसिल संलग्न स्वतन्त्र तथ्ययुक्त प्रमाणबाट प्रतिवादीले कर्तव्य गरी मृतकको मृत्यु भएको भन्ने देखिन नआई मृतकको आफैँले सलको पासो लगाई झुण्डिई मृत्यु भएको भन्ने पुष्टि हुन आएकोले अभियोग मागदाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी सरस्वती श्रेष्ठले अभियोग मागदाबीको कसुर अपराध गरेको पुष्टि भएको नदेखिएको अवस्थामा सुरू गोरखा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुर कायम गरी निज प्रतिवादीलाई सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई अ.बं.१८८ नं.बमोजिम ५ वर्ष कैद सजाय हुन राय लगाएको फैसला उल्टी हुने ठहरी प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत पोखराको फैसला अन्यथा नभई मनासिब देखिन आएकोले सदर हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०७२-CR-०४६१, बहुविवाह, *नेपाल सरकार वि. मनोजकुमार मेहता*

प्रतिवादी मनोजकुमार मेहताले जेठी श्रीमती जाहेरवाली रीतादेवी मेहतासँग सम्बन्ध विच्छेद नहुँदै प्रतिवादी रम्भादेवी मेहतासँग दोस्रो विवाह गरेको र प्रतिवादी रम्भादेवीले पनि प्रतिवादी मनोजकुमार मेहताको घरमा जेठी श्रीमती जाहेरवाली छन् भन्ने जान्दाजान्दै निजसँग विवाह गर्न मन्जुर भई विवाह गरेर प्रतिवादीकै घरमा आई बसेको पुष्टि हुन आएकोले प्रतिवादी मनोजकुमार मेहताको सो कार्य मुलुकी ऐन, विहावारीको महलको ९ नं. र प्रतिवादी रम्भादेवी मेहताको सो कार्य सोही महलको १० नं. बर्खिलाप कसुर देखिँदा दुवै प्रतिवादीहरूलाई मुलुकी ऐन, विवाहवारीको महलको १० नं.बमोजिम सजाय हुन मागदाबी लिई अभियोगपत्र दायर भएकोमा प्रतिवादी मनोज मेहतालाई मुलुकी ऐन, विवाहवारीको महलको ९ नं. विपरीतको कसुरमा सोही महलको १० नं.बमोजिम १ वर्ष कैद र रू.५०००।– जरिवाना हुने र प्रतिवादी रम्भादेवी मेहताउपरको अभियोग दाबी पुग्न नसकी सफाइ पाउने ठहर भई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६९।३।४ मा भएको फैसलाउपर प्रतिवादी मनोजकुमार मेहताको

पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन परेकोमा पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।२।४ मा प्रतिवादी मनोजकुमार मेहतालाई १ वर्ष कैद र रू.५०००।– जरिवाना ठहर गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी भई अभियोग दाबीबाट सफाइ दिने ठहर भएकोमा उक्त फैसलाउपर चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा निवेदन पर्न आएको देखिने।

जाहेरवाली बकपत्रको लागि अदालतसमक्ष उपस्थित भएको नदेखिएकोले निजले जाहेरीमा उल्लेख गरेका कुराहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न प्रमाण ऐन, २०३१ को दफा १८ ले नमिल्ने देखिन्छ । यिनै जाहेरवाली रितादेवी मेहताले मनोजकुमार मेहताउपर सम्बन्ध विच्छेद मुद्दा दिएकोमा सुनसरी जिल्ला अदालतबाट २०६८।११।५ मा प्रतिवादीसँग अंश बुझी सम्बन्ध विच्छेद हुने गरी मिलापत्र भएको देखिन्छ । विवाहवारीको ९ नं.मा अंशबन्डाको महलको १० नं. बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेको अवस्थामा लोग्नेले स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी राख्न पाउने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी प्रावधानअनुसार प्रस्तुत मुद्दामा प्रतिवादी मनोजकुमार मेहतासँग रिता मेहताले अंश बुझी सम्बन्ध विच्छेद हुने गरी सुनसरी जिल्ला अदालतमा २०६८।११।५ मा मिलापत्र गरेको देखिँदा सुरू जिल्ला अदालतबाट प्रतिवादी मनोजकुमार मेहतालाई १ वर्ष कैद र रू.५०००।– जरिवाना गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी भई प्रतिवादीले सफाइ पाउने ठहर्‍छ भन्ने पुनरावेदन अदालत विराटनगरको मिति २०७१।२।४ को फैसलालाई प्रमाणको रोहबाट केलाएर हेर्दा जाहेरवालीले म जेठी श्रीमती हुँदाहुँदै मेरो मन्जुरी बेगर पतिले कान्छी श्रीमती रम्भादेवी मेहतालाई विवाह गरेको भनी जाहेरीमा उल्लेख गरेको देखिन्छ भने प्रतिवादी मनोजकुमार मेहताले विवाह भएको १४ वर्षसम्म पनि जेठी श्रीमतीबाट जायजन्म नभएकाले निजको सहमतिमा कान्छी श्रीमती बिहे गरेको हुँ भनी मौकामा तथा अदालतसमक्षको बयानमा लेखाएको पाइने।

मुलुकी ऐन, विवाहवारीको महलको दफा ९ मा स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा मात्र अर्को विवाह गर्न सक्ने देखिएकोमा जाहेरवालीबाट सन्तान हुन नसक्ने त्यस्तो मेडिकल रिपोर्ट मिसिल संलग्न रहे भएको देखिन नआएको तथा प्रतिवादीले जेठी श्रीमती जाहेरवालीको सहमतिमा दोस्रो विवाह गरेको हुँ भनी लेखाएको बयानसमेत जाहेरवालीले मन्जुरीबेगर कान्छी श्रीमती ल्याएको भन्ने मनसायको जाहेरी बेहोरा लेखाएबाट खण्डित भएको अवस्था हुँदा जाहेरवालीबाट सन्तान हुन नसक्ने भएको र सहमति दिएको भन्नेसमेत प्रमाणबाट यकिन भएको नदेखिँदा प्रतिवादी मनोजकुमार मेहतालाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।२।४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने।

अब, विवेचित आधार कारणबाट पुनरावेदन अदालत विराटनगरको फैसला उल्टी हुने ठहरेकाले सुरू सुनसरी जिल्ला अदालतबाट प्रतिवादी मनोजकुमार मेहतालाई १(एक) वर्ष कैद र रू.५०००।– जरिवाना हुने ठहर गरी मिति २०६९।३।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-०२८१, लेनदेन, *विजयकुमार यादव वि. राजकुमार यादव*

वादी विजयकुमार यादवसँग पिताले कुनै लिखत तमसुक गर्नु भएको छैन, वादीले लिखत पेस गरेका बखतमा अ.बं.७८ नं. बमोजिम नामाकरण गर्ने छु भनी प्रतिवादी विजयकुमार यादवले प्रतिउत्तर जिकिर लिएकोमा अ.बं.७८ नं. बमोजिम बयान गर्दा पिताले गरिदिएको मिति २०५७।६।३० को तमसुकमा लागेको सहीछाप बुबाको होइन किर्ते हो भनी सहीछाप जाँच गरिपाउँ भनी लिएको जिकिरअनुरूप तमसुकमा लागेको सहीछापसँग ऋणी रामइश्वर यादवले मिति २०५६।६।७ र.नं.३२३५ को राजीनामामा गरेको सहीछाप मिल्छ मिल्दैन भनी विधिविज्ञान प्रयोगशालामा विशेषज्ञसमक्ष जाँच्न पठाउँदा २०५७।६।३० को तमसुक र र.नं.३२३५ को राजीनामामा लागेको सहीछाप एकै व्यक्तिको हो र ती दुवै लिखतमा लागेको ल्याप्चे छाप भिड्छ भनी विशेषज्ञको राय प्राप्त हुन आएको देखिने।

निवेदक प्रतिवादी विजयकुमार यादवले राय व्यक्त गर्ने विशेषज्ञले अदालतमा आई बकपत्र गरेमा मात्र त्यस्तो रायलाई परीक्षणपश्चात् प्रमाणमा लिन पर्नेमा सुरू तथा पुनरावेदन अदालतबाट समेत लिखत जाँच गर्ने विशेषज्ञलाई बकपत्र गराएको अवस्था नहुँदा विशेषज्ञको रायलाई मात्र ग्रहण गरी भएको फैसला उल्टी हुनुपर्दछ भनी जिकिर लिएको पाइयो । सो सम्बन्धमा हेर्दा यस अदालतका आदेशानुसार लिखत परीक्षण गर्ने विशेषज्ञलाई यस अदालतमा उपस्थित गराई बकपत्र गराउँदा उपर्युक्त उल्लिखित लिखतहरू जाँच गरी परीक्षण प्रतिवेदन मैले नै दिई सोमा दस्तखत गरेको छु भनी लेखाएबाट दाबीको २०५७।६।३० को तमसुकमा भएको सहीछाप यी प्रतिवादीका पिता रामईश्वर यादवको नै भएको पुष्टि हुन आउने।

तमसुकमा लागेको सहीछाप प्रतिवादीका पिताले नै गरिदिएको भनी विशेषज्ञको परीक्षणबाट पुष्टि भएको अवस्थामा दाबीअनुसारको दायित्व ऋणी रामईश्वर यादवको अपुताली खाने यी प्रतिवादीसमेतले बेहोर्नु पर्ने नै देखिन आउँछ भने यी प्रतिवादीले लिखत किर्ते भनी दाबी गरेकोमा विशेषज्ञको परीक्षणबाट लिखत किर्ते नदेखिई सद्दे देखिन आएकोले किर्ते भन्ने यी प्रतिवादीलाई रू.१,००,०००।– जरिवाना गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला उल्टी गरी वादी दाबी खारेज गरी वादीलाई किर्तेतर्फ सजायसमेत गरिपाउँ भन्ने निवेदक प्रतिवादीको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

वादी दाबीको लिखत सद्दे हो भनी विशेषज्ञबाट व्यक्त राय, प्रतिवादीहरू रामचन्देश्वर यादव र विन्देश्वर यादवसमेतले पिता रामईश्वर यादवले वादीबाट रकम लिएको तथ्यलाई स्वीकारोक्ती गरी दाबीको लिखतमा भएको सहीछाप पिताकै हो भनी गरेको बयानसमेतबाट लिखतबमोजिमको साँवा रू.४,००,०००।– र सोको कानूनबमोजिम हुन आउने ब्याजसमेत प्रतिवादीहरूबाट दामासाहीले वादीले लेनदेन व्यवहारको २२ नं. बमोजिम भराई लिन पाउने र लिखत किर्ते भन्ने प्रतिवादी विजयकुमार यादवलाई रू.१,००,०००।– जरिवानासमेत ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।११।२० मा भएको फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ असार २९ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७२-CR-११४४, अदालतको अवहेलना, *जैनुल खातुनसमेत वि. मोहम्मद सहिदसमेत*

विपक्षीहरूले अदालतको अन्तरिम आदेशविपरीत आफ्नो जग्गामा प्रवेश गरी आँपको रूखहरूको हाँगालाई तोडफोड गरी आँप लुटपिट गरी

अदालतको अवहेलना गरेको भनी निवेदकले दाबी गरेको भए तापनि सो दाबीलाई पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । विपक्षीहरूको लिखित जवाफको अध्ययन गरी हेर्दा उक्त कि.नं.५४१ को जग्गामा कुनै पनि आँपको रूख रहेको छैन र हामीहरू उक्त जग्गामा प्रवेश गरेका छैनौँ भनी आफूहरूले अदालतको आदेशको अवहेलना नगरेको भनी जिकिर लिएको देखिन्छ। विपक्षीहरूले अदालतको आदेशको अवहेलना गरेको भनी दाबी गरेपछि निवेदकले सो दाबीलाई शङ्कारहित तवरबाट वस्तुनिष्ठ आधार प्रमाण पेस गरी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम सबुत प्रमाणको आधारमा पुष्टि गर्न सक्नुपर्छ तर प्रस्तुत मुद्दामा सो कुरालाई सबुत प्रमाणको आधारमा पुष्टि गर्न गराउन सकेको देखिँदैन । यस अवस्थामा केवल निवेदकले विपक्षीहरूले कि.नं.५४१ को जग्गामा प्रवेश गरी आँपको रूखको हाँगा तोडफोड गरी आँप लुटपिट गरे भनी दाबी गरेको आधारमा मात्र विपक्षीहरूले अदालतको अवहेलना गरे भनी मान्न मिल्ने नदेखिने।

अतः माथि विवेचित कारण र आधारमा विपक्षीहरूले अदालतको अवहेलना गरेकै हुन् भनी कुनै प्रमाणबाट पुष्टि हुन नसकेको तथा विपक्षीहरूले दायर गरेको लिखित जवाफमा अदालतको आदेशको अवहेलना गरेको होइन छैनौं भनिरहेको अवस्थामा निजहरूलाई अदालतको आदेशको अवहेलना गरेको ठहर गरी सजाय गर्नु उपयुक्त नहुने भएकोले विपक्षीहरूले अदालतको अवहेलना गरे भन्ने निवेदन दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।४।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-CI-१४५८, निषेधाज्ञा, *इमावन मियाँ मन्सुरी वि. मोहम्मद सहिदसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-WO-०७१९, उत्प्रेषण / परमादेश, *निर्मलरत्न प्रकाश वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत*

अदालतबाट अन्तिम फैसला भइसकेपछि सो फैसला कार्यान्वयन भएमा नै वास्तविक न्यायको अनुभूति प्राप्त हुने हुन्छ। अन्यथा सो फैसला कागजी रूपमा मात्र सीमित रहन जान्छ। त्यसैले फैसलालाई जीवन्तता दिने कार्य नै सो फैसला कार्यान्वयन हुनु हो। वस्तुतः न्याय प्राप्त गर्न फैसलाअनुसार कार्यान्वयन भएको हुनुपर्ने।

जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहने पैतृक सम्पत्तिको बाँडफाँटजस्तो महत्त्वपूर्ण अंश हकको विषयमा लामो समय अदालती कारबाहीमा नै अलमली रहने हो भने सो सम्पत्तिको उपभोग गर्न पाउने हकबाट वञ्चित हुन पुग्ने पनि हुन्छ। यसतर्फ पनि अदालतले गम्भीर भएर हेरिनु पर्ने हुन्छ। सानातिना प्राविधिक कारणलाई लिएर कार्यान्वयन भएको विषयलाई हस्तेक्षप गरिरहन उपयुक्त र मनासिब नहुने।

विवादित कित्ता जग्गाहरूबाट अंश पाउने ठहरी अन्तिम फैसला भइसकेको छ। जग्गाधनीसमेतको सहमति मन्जुरीले फैसला कार्यान्वयन भएको देखिन्छ। सो विवादित जग्गामा मोहीको घर रहेको देखिन्छ। सो घरसमेत जग्गाधनीको अंश बाँडफाँट हुँदा मोही हकलाई असर पर्ने हुँदैन। मोही हक नछुट्याई फैसला कार्यान्वयन नै हुने नसक्ने हो भने घर रहेको सम्पत्ति अंशबन्डा महलको मनसायअनुसार बाँडफाँट

हुन ज्यादै कठिनाई हुन्छ । कानूनको प्रयोग र व्याख्या व्यावहारिक प्रयोग हुने गरी गरिनु वाञ्छनीय हुन्छ । प्रस्तुत मुद्दामा जग्गाधनी अनिल शाक्यको मन्जुरी भई निजको सहमति र स्वीकृतिमा बन्डा भएको देखिन्छ । जग्गाधनीले विवाद नउठाएको स्वीकृति दिएका विषयमा निवेदकले प्रश्न उठाउन मिल्ने पनि होइन । अतः घरसमेत रहेको मोहियानी हकको जग्गामा अंशबन्डा गर्न मिल्ने नै देखिने ।

अतः उपर्युक्त आधार प्रमाणहरूबाट काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।३।२४ को बन्डा मुचुल्का कानूनी रीतपूर्वकको देखिन आएको छ । सो बन्डा मुचुल्का सदर गर्ने गरी जिल्ला अदालतबाट मिति २०७०।९।१२ मा भएको आदेश र सो जिल्ला अदालतको आदेश सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२९ मा भएको आदेश गैरकानूनी देखिन नआएकोले निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार १६ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CR-०२०१, जबरजस्ती करणी, *मानसिंह तामाङ वि. नेपाल सरकार*

प्रतिवादी मानसिंह तामाङले प्रतिवादी पदमबहादुर सार्कीसँग मिली पीडिताहरू वर्ष १० की क-७-१ र वर्ष ११ की क-८-१ लाई करणी गर्ने मनसायले नै रू.२००।- दिने प्रलोभन देखाई टिमाई खोला किनारामा लगेको, निज प्रतिवादीले पीडिताहरूको स्तन तथा योनि खेलाई योनिमा औंलासमेत भित्र बाहिर गराएको कार्यबाट निजले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) को कसुर गर्ने प्रयास गरेको तर करणी गर्न भने नपाएको अवस्था हुँदा सोही महलको ५ नं. बमोजिम जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको अवस्था देखिन आउने ।

अतः माथि विवेचित आधार, कारणहरूबाट यी प्रतिवादी मानसिंह तामाङलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(२) नं. बमोजिम ७ वर्ष र ऐ. को ३ क नं. बमोजिम थप ५ वर्षसमेत कैद हुने र पीडिताहरूले यी प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम रू.२५,०००।- दामासाहीले क्षतिपूर्ति भराई दिने गरी पुनरावेदन अदालत इलामको मिति २०६८।१०।९ को फैसला केही उल्टी भई प्रतिवादी मानसिंह तामाङलाई सोही महलको ५ नं. बमोजिम ऐनको ३(२) मा लेखिएबमोजिमको सजायको आधा अर्थात् ६ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-११५१, कर्तव्य ज्यान, *नन्दप्रसाद गौतम वि. नेपाल सरकार*

आगलागी भएको कोठाभित्र रहेका झुल, सुरूवाल कुर्तासम्म डढेको तर सोबाहेकका अरू सामान डढेको भन्ने घटनास्थल विवरणबाट देखिएको छैन । मृतकको घाँटी, छाती, योनिलगायतका भाग जलेको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिँदा मृतक स्वयम्ले आगो लगाएको नभई यौन प्यास बुझाउन नपाएको झोकमा प्रतिवादीले नै पीडितलाई आगो लगाएको भन्ने कुरा घटनास्थल विवरणहरूलगायतका कागज प्रमाणबाट पुष्टि भइरहेको देखिँदा मृतकलाई आफूले आगो लगाएको नभई मृतक आफैँले आगो लगाएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर एवम् निजतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ यी प्रतिवादीले लगाइदिएको आगोको पीडाका कारण मृतकको मृत्यु भएको भन्ने कुरा

प्रतिवादीउपरको किटानी जाहेरी, घटनास्थल मुचुल्का, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकाका व्यक्तिको कागज निजहरूले गरिदिएको बकपत्रसमेतका माथि उल्लिखित मिसिल संलग्न प्रमाणहरूबाट मालाकार रूपमा शङ्कारहित तवरबाट पुष्टि भइरहेको देखिँदा प्रतिवादी चन्द्रप्रसाद गौतमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको झापा जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७०।३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०४९०, ११८३, कर्तव्य ज्यान, *नृपति मिश्र वि. नेपाल सरकार, नेपाल सरकार वि. शशिकान्त मिश्र*

मृतक रिनादेवीले जीवित अवस्थामा मिति २०६६।५।१२ मा दिएको निवेदनमा समेत यी प्रतिवादीले निजलाई यसअघि कुटपिट गर्ने गरेको भन्ने कुनै तथ्य उल्लेख रहेको पाइँदैन । यसबाहेक यस मुद्दाको वारदातमा यी प्रतिवादीको संलग्नता देखिने अन्य सबुत प्रमाण केही पनि देखिन आउँदैन । कर्तव्य ज्यानजस्तो सङ्गिन अपराधमा बिना वस्तुगत आधार प्रमाण अनुमान मात्र गरी कसैलाई कसुरमा संलग्न रहेको भनी ठहर गर्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी नृपति मिश्रलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने भनी एवम् प्रतिवादी शशिकान्त मिश्रले अभियोग दाबीबाट सफाइ पाउने भनी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६८।१२।१४ मा भएको फैसलालाई सदर हुने भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।९।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-०३२९, ११८३, कर्तव्य ज्यान, *देवीप्रसाद विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादी उक्त घटना वारदातका मिति समयसम्म मानसिक रूपमा सक्षम रही होसहवासमा रहेको भन्ने कुरा निजले उक्त घटना वारदातका मिति समयसम्मका गतिविधिहरूमा सक्रियताका साथ एवम् चलाखीपूर्ण ढङ्गले निर्वाह गरी घरसम्म श्रीमतीलाई लिई आएको देखिएको हुँदा सो समयसम्म निज प्रतिवादीको होस ठेगानमा नरहेको भन्ने कुराको कहिँकतैबाट पुष्टि हुन सकेको देखिँदैन । उक्त घटना वारदातको समयमा यी प्रतिवादीले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी आफ्नो मगज बिग्रेको वा बहुलाएको भन्ने कुराको कुनै ठोस प्रमाणद्वारा पुष्टि नभएको हुँदा यी प्रतिवादीको हकमा उक्त मुलुकी ऐन, दण्डसजायको १ नं.को कानूनी व्यवस्था आकर्षित हुन सक्ने अवस्थाको नदेखिने ।

माइती जान लागेकी श्रीमतीको आचरणप्रति शङ्का गरी बिच बाटोबाटै फर्काई ल्याउने प्रतिवादीले नै घरमा आइपुगेपश्चात् श्रीमतीसँग वादविवादको सुरूवात गरेको देखिएकोमा श्रीमतीले नै विष हालेको पानी आफूलाई खान दिएको र आफूलाई श्रीमतीले नै खुकुरीले प्रहार गर्न आएकोले आफूले सो खुकुरी खोसी प्रहार गर्नुपरेको भन्ने यी प्रतिवादीको उक्त बयान बेहोराको कथन नै विरोधाभाषपूर्ण रहेको देखिएबाट प्रतिवादीले आफूले गरेको सो कसुरबाट उन्मुक्ति

पाउने उद्देश्यले नै उक्त अपुष्ट बयान जिकिर लिएको देखिएबाट सोही बयान जिकिरसमेतका आधारमा प्रतिवादीले उक्त आरोपित कसुरबाट उन्मुक्ति पाउने अवस्था नदेखिएको हुँदा निज प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार ठहर गरी सजाय गरेको सुरू मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिन आउने।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी देवीप्रसाद विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू मोरङ जिल्ला अदालतको मिति २०७१।१।१० को फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।९।१३ गतेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-०६५१, कर्तव्य ज्यान, *काले सुरेश भन्ने सुरज थिङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी सुरेश थिङले मृतकसँग वादविवाद भई मृतकले कुटपिट गरेपछि सोही रिसइवी लिई होटलमा आई चक्कु लिई अन्य सहयोगी साथीहरूसमेतलाई साथ लिई गई मृतकको घाँटीजस्तो संवेदनशील अङ्गमा चक्कुले प्रहार गरी सोही चोटको कारणबाट मृतक गोबिन ब्लोनको मृत्यु भएको पुष्टि हुन आएकोले प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन सक्ने अवस्था नदेखिएकोले यी पुनरावेदक प्रतिवादी काले, सुरेश भन्ने सुरज थिङले मृतक गोविन ब्लोनको घाँटीमा चक्कुले रोपी काटी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।१।२३ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।१९ गतेको फैसला मिलेकै देखिने।

तसर्थ, उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी काले, सुरेश भन्ने सुरज थिङले मृतक गोविन ब्लोनको घाँटीमा चक्कुले प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।१।२३ मा भएको फैसलालाई सदर हुने भनी पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।१९ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथ प्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-०००४, उत्प्रेषण / परमादेश, *टंकप्रसाद रेग्मी वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत*

निवेदकले आफूले का.स.मू. भरेको यकिन देखिने प्रमाण पेस गर्न नसकेको अवस्था र सरकारी निकायले गरेको काम कारबाही अन्यथा रहेको भन्ने वस्तुनिष्ठ सबुद प्रमाण कागजातबाट नदेखिएको स्थितिसमेतमा निवेदकउपर सरकारी निकायको दुराशयता रही निज निवेदकलाई बढुवाबाट वञ्चित गरिएको भन्ने जिकिर पुष्टि हुन नसकेको अवस्थामा रिट निवेदकको उक्त आ.व को का.स.मू. भरेको भनी

लिएको जिकिर कुनै प्रमाण कागजबाट समर्थन भएको देखिन नआउने।

निवेदक मिति २०६४।९।२४ देखि २०६९।९।२३ सम्म अध्ययन बिदामा रहेकोमा विवाद देखिँदैन। आ.व. २०६३।०६४ को का.स.मू. फाराम भरेको यकिनसाथ नदेखिएको निज रिट निवेदकको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ७८ख को उपनियम (८) को, "कुनै निजामती कर्मचारीले कुनै वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम नभरेमा त्यस आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कनबापत निजलाई सो आर्थिक वर्षको लागि पूर्णाङ्कको पचास प्रतिशत अङ्क दिइनेछ" भन्ने कानूनी व्यवस्था आकर्षित हुने देखिन्छ। रिट निवेदकको उक्त आ.व. २०६३।०६४ को का.स.मू. भरेको नै हो भन्ने यकिनसाथ स्पष्ट हुन नसकेको स्थिति एवम् उल्लिखित कानूनी व्यवस्थाको आधारमा निजको उक्त आ.व.को ५०% अङ्क गणना गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफ एवम् सोही बेहोराको विद्वान् उपन्यायाधिवक्ताको बहस एवम् प्रतिवाद जिकिर अन्यथा नदेखिने।

तसर्थ उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट समेत विपक्षी बढुवा समिति, बढुवा समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोगलगायतका विपक्षीहरूले निवेदकको जिकिरबमोजिम निवेदकको नाम बढुवाको सम्भाव्य सूचीमा नराखेको भन्ने निवेदन दाबी वस्तुनिष्ठ सबुद प्रमाणबाट स्थापित हुन नसकेको एवम् विपक्षीहरूले निवेदकउपर कुभलो, कुनियत चिताई निजलाई बढुवाबाट वञ्चित गरेको अवस्था मिसिल संलग्न कागजातबाट पुष्टि हुन नसकेको अवस्थामा विपक्षीहरूको काम कारबाहीबाट निज निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा कुनै पनि आदेश जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-RB-०४८५, बैंकिङ कसुर, *नेपाल सरकार वि. पुनरावेदन अदालत बुटवल, Selahattin Yabar समेत*

बरामद भएको अमेरिकी डलर १६६०।- र युरो १७००।- समेत बिगोमा समावेश गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा बरामद भएको अमेरिकी डलर र युरो प्रतिवादीहरूले आफ्नो हो भनी बयान गरेको पाइन्छ। सो बरामद डलर र युरो नेपालको बैंक तथा वित्तीय संस्थाबाट प्रतिवादीहरूले निकालेको भन्ने सबुद प्रमाण वादी पक्षबाट समेत पेस गर्न सकेको देखिँदैन। सोको प्रमाण नै वादी पक्षले देखाउन नसकेको यस स्थितिमा प्रतिवादीहरूले गैरकानूनी रूपमा ATM कार्ड प्रयोग गरी नेपालको विभिन्न बैंक तथा वित्तीय संस्थाको ATM बुथबाट अमेरिकी डलर र युरो निकालेको भन्न मिलेन। निजहरूले निकालेको रू.२६,७५,०००।- मात्र प्रस्तुत बैंकिङ कसुरको बिगो कायम हुने देखिन आउने।

यसैगरी रू.४,४८,०००।- नबिल बैंकलाई दिलाई भराई पाउँ भनी वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिरतर्फ हेर्दा सो रकम के कुन आधारमा नबिल बैंकले फिर्ता पाउने हो ? सो सम्बन्धमा स्पष्ट सबुद प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइँदैन। प्रतिवादीहरूले उक्त रकम के कुन व्यक्तिको कुन कुन बैंक खाताबाट निकालेर लिएको हो ? सोको विवरणसहित सम्बन्धित खातावाला व्यक्तिले

कुनै मागदाबी गरेको अवस्था मिसिलबाट देखिँदैन । नबिल बैंकको खातावाला व्यक्तिले आफ्नो अनुमति विना गैरकानूनी रूपमा निकालेको त्यस्तो रकम आवश्यक प्रमाणसहित दाबी गर्न सक्नु पर्ने हुन्छ । कानूनले तोकेको अवधिभित्र सम्बन्धित व्यक्तिले आफ्नो खाताबाट निकालिएको त्यस्तो रकम फिर्ता गरिपाउँ भनी दाबी गरेको अवस्थामा त्यस्तो रकम सम्बन्धित खातावाला व्यक्तिले फिर्ता लिन सक्ने नबिल बैंकका खातावालाहरूले आफ्नो बैंक खाताबाट प्रतिवादीहरूले अवैध रूपमा ATM कार्ड प्रयोग गरी निकालेको उक्त रकम कानूनबमोजिम फिर्ता पाउँ भनी आवश्यक प्रमाणसहित दाबी गरेको अवस्थामा फिर्ता हुन सक्ने नै देखिँदा सो रकम हाल नबिल बैंकले फिर्ता पाउन सक्ने देखिन नआउने ।

तसर्थ उल्लिखित आधार प्रमाणबाट प्रतिवादीहरू बसेको होटलको कोठाबाट बरामद भएको नेपाली नगद रू.२६,७५,०००।- प्रतिवादीहरूले गैरकानूनी रूपले अन्य व्यक्तिको खाताबाट गैरकानूनी तवरले निकालेको तथ्य प्रहरी प्रतिवेदन, बरामदी मुचुल्का, जाहेरी दरखास्त एवम् सि.सि.टि.भि. फुटेज, प्रतिवादीहरूको बयान, प्रहरी प्रतिवेदक, बरामदी मुचुल्काका मानिसहरू र जाहेरवालाले समेतले गरेको बकपत्रसमेतबाट स्थापित भएको देखिँदा यी प्रतिवादीहरू SELAHATTIN YABAR र MUHARREM UZUM लाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ र ६ बमोजिमको कसुरमा ऐ. ऐनको दफा १५ को उपदफा (२)(ख) बमोजिम जनही २ (दुई) वर्ष कैद र बिगो रू.२६,७५,०००।- (छब्बिस लाख पचहत्तर हजार रूपैयाँ) बमोजिम जरिवाना गरी कायम भएको उक्त बिगोको हकवाला हालसम्म यकिन नभएकोले पछि खुली आएका बखत बिगो भराई पाउने तथा लिन नआएमा कानूनबमोजिम गर्ने गरी हाल उक्त बरामद रकम धरौटीमा आम्दानी बाँध्ने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७४।३।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल साउन २६ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CI-११७९, निषेधाज्ञा / परमादेश, *जवाहरप्रसाद साह तेली वि. उमाशंकर प्रसाद साह तेलीसमेत*

मालपोत कार्यालयबाट भएको दा.खा. दर्ता निर्णय स्वतः बदरयोग्य भन्ने विपक्षीहरू उमाशंकरसमेतको लिखित जवाफ जिकिर एवम् निजहरूका तर्फबाट प्रतिरक्षार्थ उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिर रहेकोमा आधिकारिक निकायबाट अदालतको आदेशानुसार भएको निर्णय स्वतः बदरयोग्य भन्ने लिखित जवाफ एवम् बहस जिकिर नै कानूनसम्मत नदेखिएको र सो दा.खा. दर्ता निर्णय बदरतर्फ विपक्षी उमाशंकरसमेतबाट दाबी उजुर परेको भन्नेसमेत विपक्षीहरूको भनाइ नै नदेखिएबाट उक्त दा.खा. दर्ता निर्णय सदर कायम भई पुनरावेदकको नाममा भएको दाबीको जग्गाको दा.खा. दर्ता कानूनतः रहेको देखिन आउने।

पुनरावेदकउपर भएका पटकपटकका आक्रमण, धाक धम्की निजले सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, बारामा दिएको निवेदनसमेतबाट पुष्टि भइरहेको देखिन्छ । प्रत्यर्थीहरूको उक्त धाकधम्की, कुटपिटलगायतका कार्यबाट पुनरावेदकको संवैधानिक एवम् सम्पत्तिसम्बन्धी हकका साथै निजले आफ्नो जग्गामा बालीसम्बन्धी एवम् कृषि कार्यमा अनाहकमा बाधा व्यवधान भोग्नुपर्ने स्थितिको आँकलन गर्न सकिन्छ । यसरी व्यक्तिको नैसर्गिक हकका रूपमा रहने अंशसम्बन्धी हक, अधिकारमा समेत असर पुग्न जाने स्थितिको विद्यमानता रहेको देखिइरहेको परिप्रेक्ष्यमा सुरू पुनरावेदन अदालत हेटौंडाबाट पुनरावेदकले माग

गरेको निषेधाज्ञाको रिट निवेदन खारेज हुने गरी भएको आदेश मिलेको देखिन नआउने।

कुनै पनि व्यक्तिले आफू कसैबाट असुरक्षित महसुस गर्दछ र शान्ति सुरक्षाको माग गरी सम्बन्धित निकाय वा पदाधिकारीसमक्ष अपिल / निवेदनसमेत गर्दछ भने यो वा त्यो वहानाजस्तै सनाखत नभएको निवेदन, दाजुभाइबिचको झगडा आदि इत्यादिका नाममा प्राप्त भएको निवेदनको वैधतासम्म नजाँची सो सम्बन्धमा कुनै प्रारम्भिक कामकारबाही जस्तै सो सूचनाबारे बुझ्ने, अनुसन्धान तहकिकात, निगरानीसम्म नगरी निवेदनउपरको सुनुवाइ नै नगर्ने हो भने व्यक्तिले अकल्पनीय परिणाम भोग्नुपर्नेसमेत हुन सक्नेमा सम्बन्धित निकाय सदैव समयमै सचेत रहनुपर्ने।

पुनरावेदक र प्रत्यर्थीबिचको मिति २०७१।२।२१ को झैझगडा र मिति २०७१।१२।४ को सोही जग्गाको विषयमा भएको वादविवाद सम्बन्धमा प्रहरी प्रशासनलाई जानकारी गराई शान्ति सुरक्षा माग गरेको देखिएको र सोउपर कारबाही हुँदा प्रहरी कर्मचारीहरू घटनास्थलमा आई घटनाको फोटोसमेत खिचेर लगेको भए पनि सोपश्चात् आवश्यक सहयोग नगरेको भन्ने बेहोराको पुनरावेदकको भनाइलाई प्रत्यर्थी कार्यालयहरूले अन्यथा भन्न नसकेको स्थितिसमेतका आधार कारणबाट पुनरावेदकको नाम दर्ता एवम् भोगचलनको जग्गाको विषयमा पटकपटक विवाद आउनु र पुनरावेदकको निवेदनउपर सम्बन्धित जिम्मेवार निकाय प्रहरी कार्यालयसमेतले आवश्यक अनुसन्धान, सोधपुछ, तहकिकातसमेत नगरी मुकदर्शक भई बसेको काम कारबाहीलाई न्यायोचित एवम् कानूनसङ्गत मान्न सकिएन। यस स्थितिमा निवेदकको मागदाबीबमोजिम प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी नहुने गरी भएको पुनरावेदन अदालत हेटौंडाको आदेश मिलेको देखिन नआउने।

हदबन्दी मुद्दाको फैसला हुँदा सोबमोजिम हुने नै हुँदा अहिले नै आफ्ना बुबाको अंशियारको रूपमा प्राप्त गरेको अंशजस्तो नैसर्गिक हकमा आघात पुऱ्याई भोगचलनमा रोक लगाउँदा मिति २०३५।५।२५ को फैसला र सोबमोजिम भएको मिति २०४०।९।१६ को बन्डा मुचुल्काको मर्मविपरीत हुन जाने हुँदा प्रत्यर्थी विपक्षीहरूको लिखित जवाफ एवम् सोही बेहोराको निजका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार कारणसमेतबाट पुनरावेदक वादी र विसुनदयाल साह तेली प्रतिवादी भई चलेको अंश मुद्दाको फैसला र सो फैसलाबमोजिम भएको बन्डा अन्तिम भई बसेको देखिएको स्थितिमा निज पुनरावेदकको नाम दर्ताको जग्गाको हक भोगमा एकासगोलको अंशियार नरहेका निज प्रत्यर्थीहरूबाट प्रत्यक्ष वा परोक्ष रूपमा कुनै प्रकारको बाधा अवरोध बेहोर्ने अवस्थाको सिर्जना हुनु न्यायिक दृष्टिकोणले मनासिब नदेखिँदा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।१७ को फैसला उल्टी भई निवेदकका नाम दर्ताको उक्त कित्ता नं.२३,३६,३,५१ का जग्गाहरूको भोगचलनमा कुनै प्रकारको हस्तक्षेप नगर्नु, नगराउनु भनी विपक्षी नं.१,२,३ का नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ, साथै निज पुनरावेदकले आफूले भोगचलन गरी आएको प्रस्तुत विवादका जग्गाहरूको भोगचलन कार्यमा झैझगडा, आक्रमण, कुटपिट हुनसक्ने हुँदा शान्ति सुरक्षा गरिपाउँ भनी दिएको निवेदनमा आवश्यक काम कारबाही गर्नु, गराउनु भनी प्रत्यर्थी विपक्षी नं. ४, ५, ६, ७ को नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल साउन २९ गते रोज ३ शुभम्।

- ०७१-CI-११६५, निषेधाज्ञा, *अच्युतकुकार साह तेलीसमेत वि. जवाहरप्रसाद साह तेलीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-०८२६, फैसला बन्डा मुचुल्का निर्णय अंश बन्डापत्र दर्ता बदर, *अमिका अहिर यादवसमेत वि. रामवृक्ष अहिरसमेत*

यसमा प्रतिवादी रामवृक्ष अहिर र विक्रम अहिरका बाबु महातम अहिर र सुग्रीव अहिरका बिच चलेको अंश मुद्दाको फैसलाबमोजिम २०३०।४।१९ मा भएको बन्डा मुचुल्काको सि.नं.१० मा उल्लेख भएको जग्गा विवादित जिल्ला रूपन्देही असुरैना गा.वि.स.वडा नं. ६ कि.नं. १७९ को जग्गा हो भन्ने कित्ता नभिडेको र यिनै पुनरावेदक वादी हरिहर केवटसमेतका उपर यिनै प्रत्यर्थी प्रतिवादी रामवृक्ष केवटसमेतले दायर गरेको आजै पेस भएको यसै लगाउको ०७२-CI-८२७ को दोहोरो दर्ता बदर मुद्दामा अमिका अहिरका नाउँमा रहेको कि.नं.१७९ ज.वि.०-७-० को जग्गा निजको नाममा भएको दोहोरो दर्ता लिखत र दर्तासमेत बदर हुने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला उल्टी भई सो मुद्दाका वादी रामवृक्ष अहिरसमेतको दाबी नपुग्ने ठहर भएको छ । प्रस्तुत मुद्दामा वादी हरिहर केवटसमेतले बदर गरिपाउँ भनी दाबी लिएको महातम र सुग्रीवका बिच चलेको अंश मुद्दाको फैसला एवम् सो फैसलाबमोजिम भएको बन्डा मुचुल्काको सि.नं.१० को जग्गा विवादित जग्गा रहे भएको नदेखिएकोले ती अंश मुद्दाको फैसला तथा बन्डा मुचुल्का बदर गरिरहनु पर्ने अवस्था नभएकोले वादी दाबी नपुग्ने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला अन्यथा नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६७।१२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल मङ्सिर ११ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CI-१५९७, लिखत दर्ता बदरसमेत, *श्यामकृष्ण पुतुवारसमेत वि. मिनुकुमारी अर्यालसमेत*

आनन्दराम र वैकुण्ठरामले मिति २०४६।५।२२ को लिखतबाट प्राप्त गरेपछि मीना अर्यालले पाएको हालैको बक्सपत्र बदर गर्ने फैसला जिल्ला अदालतबाट मिति २०४७।६।१ मा भएको देखिन्छ । मुद्दा पर्दापर्दैको अवस्थामा जग्गा लिनु दिनु गर्ने गरी भएको कार्य दूषित भएको भनी पुनरावेदिका वादीहरूले उक्त फैसला भएको मितिले १२ वर्षपछि मिति २०५९।११।६ मा प्रस्तुत मुद्दाको फिराद दायर गरेको देखिन्छ । हदम्यादसम्बन्धी अवधारणाको मूल मान्यता भनेको नै कसैको कार्यबाट आफ्ना हकमा आघात पुगेमा कानूनले तोकेको हदम्यादभित्र आफ्नो हक प्रचलनको लागि अदालत, प्रवेश गर्नुपर्ने हुन्छ । पुनरावेदक वादीहरूले मिति २०४७।६।१ मा भएको फैसलाको जनाउ १२ वर्षपछि २०५९।११।६ मा पाएको र फैसला कार्यान्वयनमा मिति २०५९।११।१९ मा अदालत जाँदा अरूको नाममा गइसकेको भन्ने थाहा जानकारी पाई मिति २०५९।१२।२६ मा उक्त फैसलाको नक्कल सारी लेनदेन व्यवहारको १० र ४० नं. तथा जग्गा पजनीको १७ नं.लाई आधारमा प्रस्तुत लिखत दर्ता बदरको फिराद दायर गरेको भन्ने देखिने।

प्रतिवादी आनन्दराम र वैकुण्ठरामसमेतले

लिखत पारित गराई लिएको कुरा मिति २०५९।१२।२६ मा थाहा पाएका हुन् कि भनी हेर्दा विवादित जग्गा नाप जाँच हुँदाका समयमा पुनरावेदिका मध्येकी सानुमाया पुतुवारले ५ नं. नापी टोलीसमक्ष सनाखत बयान गर्दा बयानको दोस्रो अनुच्छेदमा कि.नं.७२४ को क्षेत्रफल ०-२-० र कि.नं.७२५ को क्षेत्रफल ०-२-० मीनाकुमारी अर्यालले आनन्दराम ताम्राकारलाई बिक्री गरेको कुरा भनी बेहोरा लेखाएकोबाट निज सानुमाया पुतुवारलाई आनन्दरामले लिखत गराई लिएको कुरा सोही मिति २०४९।६।५ मा नै थाहा जानकारी भएको भन्ने स्वाभाविक रूपमा मान्नुपर्ने देखिने। यस्तो अवस्थामा दश वर्षपछिको मिति २०५९।१२।२६ मा मात्र नक्कल सारी थाहा जानकारी भएको भन्ने बेहोरा उल्लेख गरी सो मितिलाई आधार मानी प्रस्तुत फिराद दिएको देखिँदा यी पुनरावेदिका वादीहरू सफाहात लिई अदालत प्रवेश गरेको भन्ने देखिन आएन । अर्कोतर्फ पुनरावेदिका सानुमायाले विवादित कि.नं.७२४ क्षेत्रफल ०-२-० र कि.नं.७२५ को क्षेत्रफल ०-२-० जग्गा आनन्दरामको हकमा नगएको अवस्था भए वा आफ्नो हक पुग्ने भए सो सम्बन्धमा अन्यथा दाबी गरी बेहोरा लेखाउन सक्ने हक निजमा सुरक्षित नै रहेको अवस्थामा सोबमोजिम कुनै हक दाबी गरी बेहोरा लेखाएकोसमेत नदेखिँदा विवादित जग्गाबाट यी पुनरावेदिकाले नापीका बखतमा नै हक छोडेको तथ्य पुष्टि हुन आउने।

यसरी विवादित जग्गासमेत नापी हुँदाका बखत पुनरावेदिकामध्येकी सानुमाया पुतुवारले उक्त जग्गामा झगडा वा विवाद जनाउन नसकी उक्त जग्गामध्ये बाँकी जग्गा निजका नाउँमा दर्ता गर्न माग गरी बयान कागज गरी दिएबाट यी पुनरावेदिकाले सोही बखतमा नै उक्त जग्गाउपरको हक दाबी छाडेको भन्ने कुरामा कुनै विवाद रहेको देखिएन । अर्कोतर्फ नापीअनुसार नयाँ कायम भएको कि.नं.६१ आनन्दराम र वैकुण्ठ रामसमेतको नाममा दर्ता भई जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत उठाइसकेको देखिएको र जग्गा नापजाँच ऐनअनुसार गैरकानूनी रूपमा दर्ता गराएको भए सो कार्यका विरूद्ध तत्काल दर्ता बदरमा नालेस गर्नुपर्ने हक सुरक्षित नै रहेकोमा सोबमोजिम नालेस गरेको नदेखिँदा यी पुनरावेदिकाहरूको जिकिरबमोजिम विवादित जग्गामा हक सुरक्षित रहेको भन्ने मान्न मिलेन। यस्तो अवस्थामा वादी दाबीबमोजिम लिखत बदर गरी दर्तासमेत गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको फैसला कानूनी रूपमा त्रुटिपूर्ण हुँदा बदर गरी सुरू फिराद दाबीबमोजिम गरिपाउँ भन्ने वादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट वादी दाबी नपुग्ने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०६६।८।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल चैत ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०६६७, वैदेशिक रोजगार ठगी, *ज्ञानु गुरूङ वि. नेपाल सरकार*

ज्ञानु गुरूङले जाहेरवालाका भाइदाइहरूसमेत ५ जनालाई वैदेशिक रोजगारमा ओमन पठाउन भनी मिति २०६७।११।१६ मा रू. २,१०,०००।- (दुई लाख दश हजार रूपैयाँ) बुझिलिनु भई उक्त रोजगारमा पठाउन नसकी मिति २०६८।६।१० गते राहदानी फिर्ता गरी २५ दिनभित्र रकम र ब्याजसमेत तिर्ने बुझाउने छु, नबुझाए वैदेशिक रोजगार ऐनबमोजिम घर घरानबाट लिनुहोला भन्ने लिखत कागज गरिदिनुभएकोमा बारम्बार ताकेता गर्दासमेत रकम नदिएकोले प्रतिवादीलाई कानूनबमोजिम सजाय

गरी साँवा र हर्जानासमेत दिलाई भराई पाउन सविन वलामीले प्रतिवादीउपर किटानी जाहेरी दिई सो बेहोरालाई समर्थन गर्दै वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्रसमेत गरिदिएको पाइने।

जाहेरवालाका मानिसहरूलाई न्यु ब्लु स्टार मेनपावरमार्फत वैदेशिक रोजगारमा ओमन पठाउन रकम लिएको हो । जाहेरवालाले दरखास्तसाथ पेस गरेको लिखत कागजमा भएको बेहोरा र सहीछाप मेरो नै हो । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन र हालसम्म कसैलाई पनि विदेश पठाएको छैन भनी अनुसन्धानको क्रममा बयान कागज गरेको देखिन्छ भने वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष जाहेरवालाले झुक्यानमा पारी कागज गराएको भनी केही फरक बेहोराको बयान गरेको देखिन्छ। विवादित कागजमा भएको सहीछाप आफ्नो हो भनी प्रतिवादीले स्वीकारै गरेको देखिन्छ । जबरजस्ती वा झुक्याई कागज गराएको भनी प्रतिवादीले कहीँकतै उजुर गरेको देखिन आएको छैन। जाहेरवालाले सक्कलै लिखत पेस गरेको अवस्था छ। उक्त कागजमा उल्लेख भएअनुसार जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन सकेको भन्ने देखिएन । न्यु ब्लु स्टार म्यानपावर प्रा.लि.का सञ्चालक पुष्कल रानाले प्रतिवादीबाट भएको कामका सम्बन्धमा कम्पनीको कुनै सम्बन्ध र सरोकार नभएको भनी लेखाइदिएको पाइन्छ। त्यसबाट कम्पनीमा काम गर्छु भन्ने प्रतिवादीको भनाइ झुठा देखिएको र भएको कागज करकापसँग भएको भन्ने प्रमाणको अभाव देखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू. १,०५,०००।- (एक लाख पाँच हजार रूपैयाँ) जरिवाना हुने र जाहेरवालाको बिगो तथा सोको ५०% ले हुने हर्जानासमेत जम्मा रू. ३,१५,०००।- (तीन लाख पन्ध्र हजार रूपैयाँ) प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहऱ्याई मिति २०६८।१२।२६ मा भएको फैसला मनासिब नै देखिने।

अत: वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।१२।२६ मा भएको फैसला माथि उल्लेख भई विवेचना भएको आधार प्रमाणसमेतबाट मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-०४८८, कर्तव्य ज्यान, *उमेश माझी वि. नेपाल सरकार र नीशा माझी वि. नेपाल सरकार*

प्रतिवादीद्वय उमेश माझी र नीशा माझीको पुनरावेदन जिकिरका हकमा हेर्दा मृतकलाई मार्नु पर्ने कारण यी प्रतिवादीहरू उमेश माझी र नीशा माझीबिचमा वारदातका दिनमा भएको अनैतिक शारीरिक सम्बन्ध मृतकले देखेकोले निजहरूको अनैतिक सम्बन्ध सार्वजनिक हुनेदेखि मृतकलाई मार्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ। यी प्रतिवादीहरूले मृतकलाई मारेपछि मृतकको शरीरमा लगाएको सुन तथा चाँदीको गहना चोरी गरेको तथ्य बरामदी मुचुल्काबाट समर्थित हुन आएको देखिन्छ । प्रतिवादीहरूले मृतकलाई मार्ने हाम्रो मनसाय थिएन भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा निजहरूको बिचमा भएको अवैध शारीरिक सम्बन्धमा मृतकले देखेकोले सो अवैध सम्बन्ध सार्वजनिक नहोस् भन्ने उद्वेश्यबाट मृतकलाई मार्नुपर्ने मनसाय सिर्जना भई तत्कालै मृतकलाई घाँटी बटारी मारेकोबाटै प्रतिवादीहरूको मनसाय तत्त्व प्रमाणित हुन आएको छ। घटना विवरण कागज गर्ने दुर्गावति राजवंशी, वस्तुस्थिति मुचुल्काका मानिस इन्द्रप्रसाद पोखरेल र जलवर्षा चौधरीले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरू उमेश माझी र नीशा माझीले मृतकलाई मारेर लाससमेत सिसौ घारीमा फालेका हुन

भनी बेहोरा लेखाएको देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन आएको देखिएकोले सुरू जिल्ला अदालतबाट प्रतिवादी उमेश माझीलाई सर्वस्वसहित जन्मकैद र प्रतिवादी नीशा माझीलाई जन्मकैद हुने ठहर गरी भएको फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलास भएको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा विद्वान् कानून व्यवसायीको बहस बुँदासँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी उमेश माझीलाई सर्वस्वसहित जन्मकैद र प्रतिवादी नीशा माझीलाई जन्मकैद हुने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७६ साल जेठ १९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०८०३, जालसाजी, *बासुदेव महतो कोइरी वि. मदन महतो कोइरी*

वादी बासुदेव महतो कोइरी र प्रतिवादीहरू रामभजन महतो र मदन महतो एकासगोलका बाबु छोराहरू भएको तथ्यमा विवाद देखिँदैन । प्रतिवादीमध्येका मन्चित महतो यी वादीका दाजु मदन महतोका सम्धि नाताका व्यक्ति भन्ने देखिन्छ । वादीले जालसाज घोषित गरिपाउँ भनी दाबी लिएको मिति २०६५।६।२९ को तमसुकमा वादीका पिता रामभजन महतो साक्षी बसी दाजु मदन महतो कोइरी र प्रतिवादी मन्चित महतोबिच भएको देखिन्छ । प्रतिवादीहरू मदन महतो र मन्चित महतोबिच भएको तमसुकमा प्रतिवादीमध्येका बाबु रामभजन महतो साक्षी बसी लेनदेन कारोबार भएको देखिने । वादी र प्रतिवादीहरू रामभजन महतोसमेतका बिच अंश मुद्दा चली कारबाहीयुक्त अवस्थामा रहेको देखिए तापनि यी प्रतिवादीहरूका बिच मिति २०६५।६।२९ मा लेनदेनको तमसुक खडा भएको देखिन्छ भने यी वादीले रामभजन महतोसमेतलाई प्रतिवादी बनाई मिति २०६६।६।२६ मा अंश दर्ता मुद्दाको फिराद दायर गरेको देखिन्छ । अंश मुद्दा दायर हुनुभन्दा पहिले घरको मुख्य व्यक्ति रामभजन महतो साक्षी बसी तयार भएको तमसुकलाई उल्लिखित ८ नं. को कानूनी व्यवस्थाविपरीतको भनी मान्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दाका प्रतिवादी मन्चित महतो वादी र मदन महतो प्रतिवादी भई लेनदेन मुद्दा चली सर्लाही जिल्ला अदालतबाट मिति २०६७।२।२ मा वादी दाबीबमोजिमको रकम प्रतिवादी मदन महतोबाट भराई पाउने ठहर्‍याई भएको फैसलाउपर प्रतिवादीको पुनरावेदन नपरी अन्तिम भई बसेको देखिन्छ । सोही लेनदेन मुद्दाको बिगो भराइ पाउँ भनी मन्चित महतोले बिगो मुद्दा दायर गरेकोमा मदन महतोको नाउँमा दर्ता भएको कि.नं.४९३ को १-२-० जग्गा लिलाम गरेउपर प्रस्तुत मुद्दाका वादी बासुदेव महतोले प्रतिवादी मन्चित महतो कोइरीसमेत उपर २०६९ सालको दे.नं.१५६४ को लिलाम बदर लिखत दर्ता बदर दर्ता मुद्दा दायर गरेकोमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसला अन्तिम भई बसेको देखिने ।

वादीका भाइहरू राजदेव महतो कोइरी र श्रीचन महतो कोइरी एकासगोलका अंशियार भएकोमा निजहरूले प्रस्तुत मुद्दाका प्रतिवादी मदन महतोले लिएको ऋणलाई स्वीकार गरी बसेको देखिन्छ । उक्त ऋणका सम्बन्धमा आफूसरहका अन्य अंशियारहरूले अन्यथा नभनी स्वीकारेको विषयलाई यी वादीले आफ्नो अंश हक मार्ने नियतले तमसुक खडा गरेकोले जालसाजी घोषित गरिपाउँ भन्नलाई निजको मात्र अंश हक मेटिने नभई सगोलमा रहेका अन्य अंशियारहरूको

अंश हक लाग्ने सम्पत्तिबाट भरिभराउ हुने देखिएकोले वादीको हकमा मात्र जालसाजी भन्न मिल्ने नदेखिने ।

तसर्थ, वादीका दाजु मदन महतो कोइरीले लिएको ऋणको तमसुकमा वादीका बाबु घरको मुख्य व्यक्ति रामभजन महतो साक्षी बसेको वादीसरहका अन्य अंशियारहरूले विवादित तमसुकको विषयमा विवाद नगरेको र विवादित तमसुक लिखत मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. को कानूनी व्यवस्थाबमोजिम भए गरेको देखिएकोले उक्त तमसुकका विषयमा मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. आकर्षित नहुने हुँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल फागुन २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-०९२२, प्रतिषेध / परमादेश, *रामबहादुर कार्कीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

प्रस्तुत विवादमा निवेदक रामबहादुर कार्कीले गृहमन्त्रीलाई सम्बोधन गरी दिएको निवेदन सम्बन्धित जिल्ला प्रशासन कार्यालय, रामेछापमा पत्राचार भएको र सोहीबमोजिम दुवै पक्षलाई छलफलका लागि उपस्थित हुनु भनी २ पटक पत्राचार भएकोमा निवेदक रामबहादुर कार्की उपस्थित नभएकले सो विषयमा छलफल हुन नसकेको भन्ने जिल्ला प्रशासन कार्यालय, रामेछापको लिखित जवाफबाट देखिन्छ । निजले दिएको निवेदनका सम्बन्धमा सम्बन्धित निकायले छलफल गर्न उपस्थित हुनु भनी पटकपटक पत्राचार गरेकोमा यी निवेदक छलफलमा उपस्थित नभएबाट निजलाई शान्ति सुरक्षाको आवश्यकता नरहेको भन्ने देखिन आयो । शान्ति सुरक्षा कायम गर्ने निकायहरू जिल्ला प्रशासन कार्यालय, रामेछाप र जिल्ला प्रहरी कार्यलय रामेछापको पहलमा कार्की संरक्षक तथा विकास समाजका व्यक्तिहरूले मिति २०७३।१।२८ मा एक आपसमा छलफल गरी मिति २०७३।२।८ मा विपक्षी गणेशबहादुर कार्की पक्षकाले र मिति २०७३।२।१६ मा निवेदक रामबहादुर कार्की पक्षकाले कुलपूजा (देवाली पूजा) सम्पन्न गरेको भन्ने देखिँदा प्रस्तुत देवाली पूजा गर्न नदिने भन्ने घोषणा गरेकोले प्रतिषेधको आदेश जारी गरिपाउँ भन्ने विषयलाई लिएर रिट निवेदन दायर गरेकोमा उल्लिखित देवाली पूजा शान्तिपूर्ण रूपमा सम्पन्न भइसकेको भन्ने देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य रहेको नदेखिने ।

तसर्थ २०७० सालदेखि छुट्टाछुट्टै देवाली पूजा भएकोमा २०७३ सालको देवाली पूजासमेत सम्पन्न भइसकको देखिँदा निवेदकको मौलिक हक हनन् भएको भनी मान्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस १२ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-१६८६, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, *जोगेन्द्र राजवंशी वि. नेपाल सरकार*

प्रतिवादी जोगेन्द्र राजवंशीले अदालतमा बयान गर्दा अभियोग दाबीको कसुर आफूले गरेको होइन भनी इन्कार रहे पनि अनुसन्धानका क्रममा बयान गर्दा अभियोग दाबीबमोजिमको कसुर गरेकोमा साबित रहेको देखिन्छ । प्रस्तुत वारदातमा खुकुरी प्रहारबाट घाइते भएकी मीना राजवंशीले मौकामा कागज गर्दा यी पुनरावेदक प्रतिवादीले सासू आमालाई काटी कर्तव्य गरी मारी मलाईसमेत मार्ने उद्देश्यले धारिलो हतियार

खुकुरीले काटेको हो, वारदातमा जोगेन्द्र राजवंशीले कालो भेस्ट, कालो पेन्ट, सेतो खैरो जुत्ता लगाएका कालो झोला बोकेका थिए निजको साइकलसमेत थियो भन्नेसमेत बेहोरा लेखाएको र निजले सो बेहोरालाई समर्थन गरी अदालतमा बकपत्र गरेको देखिने । जाहेरवाला महेन्द्रकुमार राजवंशीले यी प्रतिवादीले षडयन्त्रमूलक ढङ्गले पूर्वयोजना उद्देश्यमूलक ढङ्गले मेरी आमा महावती राजवंशीलाई खुकुरी जस्तो घातक हतियारले घाँटीको देब्रेतिरको साइडबाट श्वास नलीसहित आधाभन्दा बढी घाँटी काटी बिभत्सपूर्वक ज्यान लिएको र मेरी बुहारी मीना राजवंशीलाई समेत सोही बखत ज्यान मार्नेसम्मको कार्य गरेको कुरा वारदातमा घाइते भई बाँच्न सफल भएकी बुहारी मीना राजवंशीले वारदातको सम्पूर्ण विवरण बताएकी र प्रतिवादीलाई पराल छोपेको प्लास्टिकमा बेरिएर लुकी बसेको अवस्थामा पक्राउ गरेको हो भनी सुरू जाहेरी दिएको र सुरू जाहेरी बेहोरालाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिने । यसैगरी घटना विवरण कागज गर्ने छत्रसिंह राजवंशी, घटनास्थल मुचुल्काका मानिस कमला भुजेलसमेतले वारदातको दिन मृतक तारा भन्ने महावती राजवंशीलाई खुकुरीले काटी मारी मीना राजवंशीलाई ज्यान मार्ने उद्देश्यले राखी टाउकोलगायत शरीरको विभिन्न ठाउँमा काट्ने व्यक्ति यिनै प्रतिवादी गजेन भन्ने जोगेन्द्र राजवंशी हुन् भनी मौकाको बेहोरालाई समर्थन गरी अदालतमा एकै मिलानको बकपत्र गरेको देखिन्छ । मृतकको शरीरको घाँटीमा धारिलो हतियारले काटेको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको र घटनामा प्रयोग भएको काठको बिँड भएको १ फिट ४.५ इन्च लम्बाइ रहेको खुकुरी थान-१ समेत फेला परेको बरामदी मुचुल्काबाट देखिन आएको अवस्था हुँदा यी पुनरावेदक प्रतिवादीको अदालतको इन्कारी बयान तथा पुनरावेदन जिकिर खण्डित भएको देखिन आउने ।

वारदातमा घाइते भएकी मीना राजवंशीको अनुसन्धानका क्रममा भएको कागज र निजले गरेको बकपत्रसमेतका उल्लिखित प्रमाणहरूबाट प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित भइरहेकोले शङ्काको भरमा अभियोग मागदाबीबमोजिम कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ.ऐन, महलको १५ नं.बमोजिम १० (दश) वर्ष कैदसमेत गर्ने गरी भएको गरेको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथ्यगत र विश्वसनीय नदेखिएकोले निजको जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी गजेन भन्ने जोगेन्द्र राजवंशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. ऐन, महलको १५ नं.बमोजिम १० (दश) वर्ष कैदसमेत गर्ने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।८।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल चैत १० गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७२-CI-०७६४, खाना खर्च भराई पाऊँ, *पूर्ण सिंह गुरूङ वि. फुलमाया गुरूङसमेत*

पुनरावेदक / प्रतिवादी र प्रत्यर्थी वादीबिच श्रीमान् श्रीमती र बाबु छोराको नाता रहेको कुरामा कुनै विवाद देखिएन । पुनरावेदक प्रतिवादी भारतीय सेनाको पेन्सनर रहेको र निजले सन् २०१० को जनवरी तदअनुसार विक्रम संवत् २०६६ पौष महिनामा ६ महिनाको रू.३०,३३६।- पेन्सनबापत बुझेको देखिँदा

सो दरले प्रतिमहिना निजले रू.५,०५६।- पेन्सन त्यतिबेला नै पाएको देखियो। यी पुनरावेदक / प्रतिवादी आफ्नो घरमा बसेका र घर भाडामा समेत लगाएका भन्ने वादी दाबी तथा निज प्रतिवादी भू.पू.सैनिक संघद्वारा सञ्चालित एम्बुलेन्स चलाउने र त्यसबाट मासिक रू.८,०००।– प्राप्त गरिरहेका भनी वादीबाट गरिएको कागजबाट खुलेको तथ्यलाई अन्यथा हो भनी यी पुनरावेदक प्रतिवादीले पुष्टि गरेको नदेखिने।

प्रस्तुत विवादमा भाडाको घरमा बस्ने श्रीमतीको सामान्य खर्च र विद्यालय तहमा अध्ययनरत छोराको अध्ययन खर्चलगायतका उचित स्याहार सम्भारका लागि पूरा गर्नुपर्ने जिम्मेवारी पूर्णरूपमा अभिभावकमा नै रहने हुँदा आफ्नो सन्तानप्रतिको संरक्षकीय दायित्व अंश छुट्ट्याई नदिँदा नलिँदासम्म इज्जत आमदअनुसार बेहोर्नु पर्ने दायित्व प्रतिवादीमा नै रहने कुरामा विवाद नदेखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर कानूनसङ्गत नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट समेत सुरू बाँके जिल्ला अदालतबाट रू.२०००।– खाना खर्च भरी पाउने ठहऱ्याई भएको फैसला केही उल्टी गरी वादीहरूले प्रतिवादीबाट खाना खर्चबापत रू.७०००।– भरी पाउने ठहर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६९।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार १ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७०-CR-०१६७, सवारी ज्यान, *नेपाल सरकार वि. रोहितजंग थापासमेत*

प्रतिवादीमध्येका रोहितजंग थपलियाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०६७।१।१८ गते को. ३ प २५४७ नं. को मोटरसाइकल मैले चलाई पछाडिको सिटमा अपिल चौधरीलाई राखी इटहरीबाट विराटनगर फर्कने क्रममा घटनास्थल नजिक पुग्दा विपरीत दिशातर्फबाट आएको ट्रकको लाइट मेरो आँखामा परेको कारणले अगाडि अँध्यारो भएको र सोही क्रममा साइकलमा गस्ती गरिरहेका प्रहरी जवान सोमलाल खवासलाई मेरो मोटरसाइकलले ठक्कर लाग्न गएको कारण निज सोमलाल घाइते भएको र उपचारको क्रममा निजको मृत्यु भएको हो। मलाई सवारी मोटरसाइकल चलाउने अनुमतिपत्र प्राप्त छैन भनी उल्लेख गरेको देखिए तापनि निजले अदालतमा बयान गर्दा इटहरी यातायात व्यवस्था कार्यालयमा लाइसेन्स लिन आएकोमा उक्त दिन यातायात व्यवस्था कार्यालयबाट कार्य गर्न नसकी विराटनगर फर्कने क्रममा खनारमा पुगेपछि विपरीत दिशाबाट ट्रक आइरहेको थियो । त्यसको हेडलाइट आँखामा पर्न गएकोले मैले केही नदेखेको हुँदा मोटरसाइकलको स्पिड कम गर्दागर्दै सोमलाल खवासलाई ठक्कर लाग्न गई दुर्घटना भएको हो। मैले लापरवाही गरेको हैन भनी उल्लेख गरेको देखिने।

अनुसन्धानको क्रममा फरार रहेका प्रतिवादी हिराप्रसाद मण्डलले अदालतमा बयान गर्दा म प्रतिवादी रोहितरजंग थपलियालाई चिन्दिन। म घरमा नभएको समयमा निजले छोरासँग मेरो नाममा दर्तामा रहेको को. २ प २५४७ को मोटरसाइकल अस्पताल जान्छु भनी माग गरी लगी दुर्घटना भएको रहेछ। सो कुरा मैले भोलिपल्ट फोनबाट थाहा पाएँ। मैले प्रतिवादी रोहितजंग थपलियालाई मोटरसाइकल नदिएको हुँदा सजाय हुनुपर्ने होइन भनी उल्लेख गरेको देखिने।

जाहेरवालाले अदालतमा बकपत्र गर्दा के कसरी दुर्घटना भयो म भन्न सक्दिन । प्रतिवादी रोहितजंग थपलियाले चलाएको मोटरसाइकलले ठक्कर लागी मृतकको मृत्यु भएको हो भनी उल्लेख गरेको र वादी नेपाल सरकारका अन्य साक्षीहरूले अदालतमा बकपत्र गर्दा आगाडीबाट आएको ट्रकको

बत्तीले प्रतिवादी रोहितजंग थपलियाले केही नदेखेको हुँदा उक्त दुर्घटना भएको हो, चालकको लापरवाही थिएन भनी लेखाएको देखिने।

प्रतिवादी रोहितजंग थपलियाको साक्षी सुरेन्द्रमणि मण्डलले प्रतिवादी रोहितजंग थपलियाले मसँग समय समयमा मोटरसाइकल मागेर लगिरहन्थे र उक्त वारदात भएको दिन पनि मेरो बुबा घरमा नभई तेह्रथुममा भएको अवस्थामा निजले हस्पिटल जान्छु भनी मागेकोले मानवीय नाताले दिएको थिएँ। निजले इटहरीबाट विराटनगरतर्फ फर्कंदा राति भई अँध्यारो भएकोले २५ / ३० को स्पिडमा मोटरसाइकल चलाउँदा खनारमा विपरीत दिशाबाट आएको ट्रकको हेडलाइट आँखामा परेकोले केही नदेखेको हुँदा दुर्घटना भएको रहेछ। निज प्रतिवादी रोहितजंग थपलियाले कहिले पनि मादक पदार्थ सेवन नगर्ने गरेको र उक्त दुर्घटनामा निजको गल्ती तथा लापरवाहीले भएको होइन भनी लेखाएको देखिने।

प्रतिवादी हिराप्रसाद मण्डलको साक्षी उमाकान्त पौडेलले प्रतिवादी हिराप्रसाद मण्डल तेह्रथुममा कृषिसम्बन्धी प्रोजेक्टमा काम गर्ने भएकोले मिति २०६७।१।१८ गते तेह्रथुममा नै हुनुहुन्थ्यो। प्रतिवादी हिराप्रसाद मण्डलको नाममा दर्ता रहेको मोटरसाइकल निजको छोरा सुरेन्द्रमणि मण्डलले प्रतिवादी रोहितजंग थपलियालाई दिनुभएको रहेछ। प्रतिवादी हिराप्रसाद मण्डलले प्रतिवादी रोहितजंग थपलियालाई मोटरसाइकल चलाउन दिएको नहुँदा निजलाई सजाय हुनुपर्ने होइन भनी लेखाएको देखिने।

विवेचित आधार प्रमाणहरूसमेतबाट प्रतिवादी रोहितजंग थपलिया इटहरीबाट विराटनगरतर्फ फर्कंदा राति अँध्यारोमा २५ / ३० को स्पिडमा मोटरसाइकल चलाउँदा खनारमा विपरीत दिशातर्फबाट आएको ट्रकको हेडलाइटबाट अगाडि देख्न नसकी सावधानी अपनाउँदा अपनाउँदै मोटरसाइकलले साइडमा रहेका साइकल चालक प्र.ज.सोमलाल खवासलाई ठक्कर दिई रातिको समयमा दुर्घटना भई निजको मृत्यु भएको देखिएको हुँदा उक्त दुर्घटना लापरवाहीबाट भएको भन्ने प्रमाणबाट पुष्टि भएको नदेखिएको अवस्थामा निज प्रतिवादी रोहितजंग थपलियालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र (४) नं. बमोजिम सजाय नगरी सोही ऐनको दफा १६१ (३) नं. बमोजिम सजाय गर्ने गरेको र प्रतिवादी हिराप्रसाद मण्डलले आफ्नो नाममा मोटरसाइकल दर्ता भएको स्वीकार गरे तापनि निजले प्रतिवादी रोहितजंग थपलियालाई मोटरसाइकल चलाउन दिएको नदेखिएको तथा दुर्घटना हुँदाको अवस्थामा निज तेह्रथुम जिल्लामा कार्यरत रहेको भन्नेसमेत देखिएको र निजको साक्षीले समेत सोही कुराको पुष्टि हुने गरी बकपत्र गरेकोसमेत देखिँदा निज प्रतिवादी हिराप्रसाद मण्डललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरूको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा देखिन नआएको अवस्थामा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको यस अदालतको आदेशसँग सहमत हुन नसकिने।

तसर्थः माथि उल्लिखित आधार कारणहरूसमेतबाट प्रत्यर्थी प्रतिवादी रोहितजंग थपलियालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुरमा सोही दफा बमोजिम कैद ४ (चार) महिना २७ (सत्ताइस) दिन हुने र अर्को प्रत्यर्थी प्रतिवादी हिराप्रसाद मण्डललाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।६।१८ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६८।८।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७२-CR-१५८७, वैदेशिक रोजगार कसुर, *तुलबहादुर थापा वि. नेपाल सरकार*

तुलबहादुर थापाले वैदेशिक रोजगारमा अफगानिस्तान पठाइदिन्छु भनी रू.४,३५,०००।- बुझिलिई भनेबमोजिम वैदेशिक रोजगारीमा नपठाएकोले कानूनबमोजिम कारबाही गरिपाउँ भनी प्रतिवादी तुलबहादुर थापाले मिति २०६९।५।१६ मा गरिदिएको लिखत, आफ्नो राहदानी र वैदेशिक रोजगारसम्बन्धी कागजातहरूको प्रतिलिपि साथै राखी जाहेरवाला नरबहादुर अधिकारीले जाहेरी दरखास्त दिएकोमा सो जाहेरी दरखास्तलाई पुष्टि हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई निजले बकपत्र गरी दिएको देखिने।

प्रतिवादी तुलबहादुर थापाले जाहेरवाला नरबहादुर अधिकारीलाई मिति २०६९।५।१६ मा गरिदिएको लिखत हेर्दा, तपाइँ नरबहादुर अधिकारीलाई अफगानिस्तान पठाई सेक्युरिटीमा रोजगार लगाई दिने सर्तमा मिति २०६९।२।८ मा रू.४,३५,०००।- बुझिलिएकोमा सर्तबमोजिम वैदेशिक रोजगारमा पठाउन नसकेकोले उक्त रकम २ महिनाभित्रमा भुक्तान गर्ने छु, तोकिएको मितिमा बुझाउन नसके वैदेशिक रोजगार ऐनबमोजिम कारबाही गर्नुहोला भन्ने बेहोरा उल्लेख भएको देखिने।

पुनरावेदक प्रतिवादी तुलबहादुर थापाले अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा जाहेरवालाबाट वैदेशिक रोजगारमा पठाई दिने भनी कुनै रकम लिएको छैन। निजबाट घर खर्चबापत रू.४०,०००।- लिएको हो। समयमा फिर्ता गर्न नसकेको हुँदा मिति २०६९।५।१६ मा जबरजस्ती रू.४,३५,०००।- को कागज गराएका हुन्। उक्त कागजमा भएको सहीछाप मेरै हो। सो कागज सम्बन्धमा अन्यत्र उजुर गरेको छैन भनी उल्लेख गरेको देखियो। पुनरावेदक प्रतिवादीको जिकिर लिएबमोजिम जाहेरवालाले निजलाई जबरजस्ती कागज गराएको भए सोउपर सक्षम अदालतसमक्ष उजुर गरी लिखतलाई बदर घोषित गराउन सक्नु पर्नेमा सो गरेको देखिन आउँदैन र उजुर नगरेको कुरालाई निजले आफ्नो बयानमा नै स्वीकार गरेको देखिएको हुँदा सो लिखतलाई अन्यथा हो भनी भन्न सक्ने अवस्था नरहने।

पुनरावेदक प्रतिवादी तुलबहादुर थापाले मानिसलाई वैदेशिक रोजगारमा पठाउन पाउने इजाजतसमेत लिएको देखिँदैन। निजले बिनाइजाजत जाहेरवाला नरबहादुर अधिकारीलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी मिति २०६९।२।८ मा रू.४,३५,०००।- रकम लिई भनेबमोजिम वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता नगरेको भन्ने निजले मिति २०६९।५।१६ मा गरेको कागजबाटै देखिएको अवस्थामा निज पुनरावेदक प्रतिवादीको उपर्युक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. विपरीतको कसुर भएको तथ्य स्थापित भइरहेको हुँदा निजलाई कसुरदार ठहर गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र अभियोग मागदाबीबमोजिम हर्जानासहितको बिगो निज प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहऱ्याई सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिन आएकोले निज पुनरावेदक प्रतिवादी तुलबहादुर थापाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः उपर्युक्त आधार र कारणहरूसमेतबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१२।२२ मा भएको फैसला मनासिब नै

देखिएकोले सदर हुने।
इजलास अधिकृत: नारदप्रसाद भट्टराई
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०७६ साल जेठ १५ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०६७-CR-११११, जबरजस्ती करणी, *नेपाल सरकार वि. राजकुमार जैसवाल*

स्वास्थ्य परीक्षणजस्तो भौतिक परीक्षणबाट प्रमाणित हुने सो प्रमाण तत्काल सङ्कलन गरिएको हुँदा सो स्वास्थ्य परीक्षण प्रतिवेदन जबरजस्ती करणीजस्तो कसुरमा ज्यादै महत्त्व हुन्छ। व्यक्तिले तथ्य ढाट्न सक्ने र अदालतमा जाहेरवाली तथा पीडितले Hostile भई बकसपत्र गर्न सक्छन् तर भौतिक परीक्षणबाट देखिएका तथ्यले झुठो बोल्दैन। पीडितको यौनाङ्गमा घा खत देखिएको र योनि वरिपरि वीर्यजस्तो पदार्थ सुकेको भन्ने तत्काल पीडिताको स्वास्थ्य जाँच हुँदा विशेषज्ञ डाक्टरले रिपोर्टमा उल्लेख गरिदिएको पाइन्छ। अदालतमा आई सो तथ्य जाँचमा देखिएको थियो भनी निज विशेषज्ञले बकसपत्रसमेत गरेको स्थितिमा पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई अन्यथा मान्न सकिँदैन। प्रमाण लिन मिल्ने देखिने।

पीडितको बाबु परिवर्तित नाम 'सर्वोच्च B' को रोहबरमा सहीछाप नभएकै कारण पीडितको मौकामा भएको कागजलाई कानूनी मान्यता दिन मिलेन भन्न मिल्ने देखिएन। प्रतिवादीको सुरू अनुसन्धानको क्रममा भएको बयान इच्छाविपरीत हो भनी निजले अदालतमा इन्कारी बयान गरेको पाइन्छ । निज प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको स्वीकारोक्ति बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतको वस्तुगत तथा परिस्थितिजन्य तथ्य प्रमाणहरूबाट समर्थित भइरहेको पाइन्छ। पीडित १० वर्षभन्दा माथि १४ वर्ष नपुगेको अवस्थाको उमेरसमेतलाई विचार गरी उल्लिखित मिसिल संलग्न प्रमाण कागजहरूबाट मामा नाताको प्रतिवादी राजकुमार जैसवालले भान्जी नाताकी नाबालिकालाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भइरहेको अवस्थामा सुरू गोरखा जिल्ला अदालतबाट भएको फैसला सदर गर्नुपर्नेमा प्रतिवादी राजकुमार जैसवाललाई अभियोग दाबीबाट सफाइ दिने गरी गरेको पुनरावेदन अदालत पोखराको मिति २०६७।०६।१७ गतेको फैसला मिलेको नदेखिने।

तसर्थ पीडित ११ वर्षकी नाबालिकाको शारीरिक परीक्षण तथा मौकामा निजले गरेको कागजबाट निजउपर जबरजस्ती करूणी भएको पुष्टि हुन्छ। मामा नाता पर्ने भएको र निजहरू वारदात एकै कोठामा सुतेको भन्ने देखिन आएको परिस्थितिजन्य तथा तथ्यगत प्रमाणबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान समर्थित भएको देखिँदा प्रतिवादी राजकुमार जैसवालले आफ्नो ११ वर्षकी भान्जी परिवर्तित नाम 'सर्वोच्च A' लाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३(२) नं. बमोजिम जबरजस्ती करणी गरेको पुष्टि हुन आएकाले कसुरबाट निज प्रतिवादीलाई सफाइ दिने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०६७।६।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी राजकुमार जैसवाललाई सोही महलको ३(२) नं. बमोजिम ८ वर्ष र सोही ऐनको २ नं. बमोजिम आफ्नो भान्जी नाता पर्ने परिवर्तित नाम 'सर्वोच्च A' लाई करणी गरेको हुनाले मुलुकी ऐन, हाडनाता करणी महलको २(२) नं. बमोजिम थप ३ वर्ष कैद सजाय हुने र पीडित बालिकालाई पर्न गएको मानसिक एवम् शारीरिक क्षतितर्फ दृष्टिगत गर्दै प्रतिवादीबाट रू.१०,०००।– क्षतिपूर्तिबापत भराई लिन पाउने ठहर्‍याई सुरू मोरङ

जिल्ला अदालतबाट मिति २०६६।७।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०७९१, १७१८, अपरहण तथा शरीरबन्धक, *नेपाल सरकार वि. भवानी आचार्यसमेत, देवेन्द्रराज तिमिल्सिना वि. नेपाल सरकार*

अर्जुन भन्ने रामचन्द्र आचार्यलाई अपहरण गरेकोमा प्रतिवादीउपर किटानी जाहेरी दरखास्त परेको देखिएको, जाहेरवाला तथा बुझिएका मानिसहरूले गरिदिएको बकपत्र, प्रतिवादी लक्ष्मण भन्ने देवेन्द्रराज तिमिल्सिनाले अधिकारप्राप्त अधिकारीसमक्ष अपहरण गरेको कसुरमा साबित भई गरेको बयान र प्रतिवादी भवानी आचार्यले निजको पति अर्जुन भन्ने रामचन्द्र आचार्यलाई अपहरण गर्न लगाएकोमा अदालतमा आफूसमेत कसुरमा साबित भई प्रतिवादी देवेन्द्रराज तिमिल्सिनाले अभियोग दाबीबमोजिम मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिने महलको ३ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादी लक्ष्मण भन्ने देवेन्द्रराज तिमिल्सिनालाई मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लिने महलको ३ नं. बमोजिम १० वर्ष कैद हुने गरी भएको सजाय कानूनसम्मत नै देखिने ।

प्रतिवादीहरू भवानी आचार्य र देवेन्द्रराज तिमिल्सिनासमेत दुईजना मिली अर्जुन भन्ने रामचन्द्र आचार्यको अपहरण गरेको देखिँदा प्रतिवादीहरू भवानी आचार्य र देवेन्द्रराज तिमिल्सिनालाई मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लिनेको महलको ७ नं. बमोजिम थप २ वर्ष कैदसमेत हुने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने ।

प्रतिवादी भवानी आचार्यको मुलुकी ऐन, अपहरण तथा शरीरबन्धक लिनेको महलको १२ नं. को कानूनी व्यवस्थाबमोजिम अन्य कुनै किसिमको लाभ लिएको नदेखिएको र निज प्रतिवादी भवानी आचार्यले प्रतिवादी देवेन्द्रराज तिमिल्सिनालाई दिएको रू.५०,०००।– जाहेरवालालाई भराई सोहीबमोजिम देवेन्द्रराज तिमिल्सिनालाई जरिवानासमेत भइरहेको देखिँदा प्रतिवादी भवानी आचार्यबाट जरिवाना माग गरी क्षतिपूर्ति भराउनु नपर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।२७ को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम अपहरण तथा शरीरबन्धक लिनेको महलको ७ नं. बमोजिम थप सजाय गर्नुपर्नेमा सो नगरेको हदसम्मको फैसला मिलेको नदेखिँदा सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६८।१।१५ को फैसला केही उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, शरीरबन्धक लिनेको महलको ३ नं. को कसुरदार ठहऱ्याई ऐ. को ७ नं. बमोजिम जनही थप २ वर्ष कैद हुने र प्रतिवादी भवानी आचार्यबाट जरिवाना माग गरी क्षतिपूर्ति भराउनु नपर्नेसमेत ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७४ साल माघ २ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-००४७, डाँका, *नेपाल सरकार वि. देवेन्द्रदास तत्मा*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेरी प्रतिवादीबाट जाहेरवालाको बिगो भराउने सम्बन्धमा विचार गर्दा प्रतिवादी देवेन्द्रदास तत्मालाई धनुषा जिल्ला अदालतबाट फैसला हुँदा निजलाई आरोपित

कसुर डाँका गरेको ठहऱ्याई कैदसम्म गरी बिगो भराउनु नपर्ने गरी फैसला भएको देखिन्छ । मुलुकी ऐन, चोरीको १४ नं. को देहाय ३ नं. मा डाँका गर्नेलाई बिगोको डेढी बढाई जरिवाना गरी पहिलो पटकलाई छ वर्ष, दोस्रो पटकलाई नौ वर्ष, र तेस्रो पटकदेखिलाई जतिसुकै पटकको भए पनि बाह्र वर्ष कैदसमेत गर्नुपर्छ भन्ने व्यवस्था भएको पाइन्छ । डाँका ठहर गरेपछि बिगोअनुसार जरिवानासमेत गर्नुपर्नेमा जिल्ला अदालतबाट फैसला हुँदा बिगो बरामदअनुसार नभएको भनी जरिवाना नगरी कैद मात्र गरेको देखिने ।

बिगो नखाएकोमा बिगोबाट छुटसम्म हुने हो तर बिगो बराबरको डाँका भएको ठहर भई उक्त वारदातमा प्रतिवादीको संलग्नता पुष्टि भएको अवस्थामा मुलुकी ऐन, चोरीको १४ को देहाय ३ नं. बमोजिम बिगोअनुसार जरिवाना गर्नुपर्ने देखिन्छ । साथै चोरीको १० नं. को देहाय ३ नं. मा चोरी मुद्दामा फैसला गर्दा सबै प्रकारको चोरी मुद्दामा बिगो जसले जतिजति खाएको ठहर्छ उसबाट उतिउति असुल गरी लिनुपर्छ... भन्ने उल्लेख गरेको पाइन्छ । तर प्रतिवादी देवेन्द्रदास तत्माले नै डाँका गरेको उक्त रकम लिएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आएन । साथै निज प्रतिवादीबाट कुनै रकम बरामद भएकोसमेत नदेखिँदा प्रतिवादीबाट जाहेरवालालाई बिगो भराउनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । प्रतिवादीलाई बिगोको डेढी जरिवाना रू.१,२०,०००।– र ६ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६५।१२।१० को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: डाँका गरेको ठहर गरेपछि चोरीको १४ नं. बमोजिम बिगोको डेढी बढाई जरिवाना गरी कैदसमेत गर्नुपर्ने व्यवस्थाको प्रतिकूल प्रतिवादी देवेन्द्रदास तत्मालाई कैदसमेत गर्नुपर्ने व्यवस्थाको प्रतिकूल प्रतिवादी देवेन्द्रदास तत्मालाई कैद मात्र गर्ने गरेको धनुषा जिल्ला अदालतको मिति २०६३।१२।२१ को फैसला केही उल्टी गरी प्रतिवादी देवेन्द्रदास तत्मालाई बिगोको डेढी जरिवाना रू.१,२०,०००।– र ६ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६५।१२।१० को फैसला सदर हुने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: चन्द्रा तिमिल्सेना

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०६७-CI-०६६७ र ०६८-CI-०१८८, निर्णय दर्ता बदर दर्तासमेत, *टिकानारायण महर्जन वि. तिर्थरत्न शाक्य र तिर्थरत्न शाक्य वि. टिकानारायण महर्जन*

मिति २०४१।१२।४ मा न्हुच्छेनारायण मानन्धरसमेतले दिएको निवेदन र पछि मोही मचाभाइले मिति २०४९।१०।१२ मा दिएको निवेदन एकैसाथ राखी दुवै निवेदनबाट उठेको विषयमा एकैसाथ निर्णय गर्नुपर्नेमा जग्गाधनीको तर्फबाट अघि परेको मिति २०४१।१२।४ को निवेदनमा म.क्षे.अ. बाट प्रमाण मिसिल प्राप्त नभएसम्म स्थगित राख्नु भनी आदेश गरी उक्त निवेदन विचाराधीन नै रहेको अवस्थामा विवादित जग्गा सम्बन्धमा नै मोहीको तर्फबाट मिति २०४९।१०।१२ मा परेको निवेदनमा मात्र मालपोत कार्यालयले कारबाही चलाई निर्णय गरेको मिलेको नदेखिने । जग्गाधनी तथा मोहीको तर्फबाट छुट्टाछुट्टै निवेदन परेको अवस्थामा दुवै निवेदनमा एकैपटक निर्णय दिनुपर्नेमा यसरी मालपोत कार्यालयबाट जग्गाधनीको तर्फबाट पहिला परेको निवेदनलाई स्थगित राखी मोहीको तर्फबाट पछि परेको निवेदनमा मात्र मालपोत कार्यालय, ललितपुरले गरेको निर्णयउपर जिल्ला अदालतमा परेको फिरादपत्रको आधारमा ललितपुर जिल्ला अदालतले मिति २०६३।०२।०१

मा गरेको फैसलासमेत मिलेको देखिन आएन । यसरी मालपोत कार्यालय, ललितपुरको मिति २०५९।३।३२ को निर्णय र सो निर्णयका आधारमा परेको फिरादमा ललितपुर जिल्ला अदालतबाट मिति २०६३।०२।०१ मा भएको फैसला कायम राखिराख्न मिल्ने नदेखिएको अवस्थामा मालपोत कार्यालय, ललितपुरको मिति २०५९।३।३२ को निर्णय र सोही निर्णय बदरका लागि परेको फिरादमा ललितपुर जिल्ला अदालतले मिति २०६३।२।१ मा गरेको फैसलासमेत बदर गरी जग्गाधनी र मोहीको तर्फबाट दिएको निवेदनका निवेदक तथा निजहरूका हकवालाहरू र अरू जो जे बुझ्नुपर्छ बुझी जग्गावाला तथा मोहीसमेतका दुवै निवेदनमा एकैपटक निर्णय गर्नु भनी मिसिल मालपोत कार्यालय, ललितपुरमा फिर्ता पठाई दिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।५।७ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

तसर्थ, विवेचित आधार प्रमाणहरूसमेतबाट मालपोत कार्यालय, ललितपुरको मिति २०५९।३।३२ को निर्णय र सो निर्णयका आधारमा परेको फिरादमा ललितपुर जिल्ला अदालतबाट मिति २०६३।०२।०१ मा भएको फैसला बदर हुने र जग्गाधनी र मोहीको तर्फबाट दिएको निवेदनका निवेदक तथा निजहरूका हकवालाहरू र अरू जो जे बुझ्नुपर्छ बुझी जग्गावाला तथा मोहीसमेतका दुवै निवेदनमा एकैपटक निर्णय गर्नु भनी मिसिल मालपोत कार्यालय, ललितपुरमा फिर्ता पठाइदिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।५।७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद पराजुली
कम्प्युटर: हर्कमाया राई
इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०८१३, अपहरण गर्ने धम्की दिई रकम मागेको, *नेपाल सरकार वि. रमेश शर्मा*

मिति २०६६।६।२ को मौकाको खानतलासी तथा बरामदी मुचुल्कामा एजेलिया सेकेन्डरी बोर्डिङ स्कुलको प्रिन्सिपल घनश्याम भट्टराईको कार्य कक्षमा रहेका प्रतिवादी रमेश शर्माको साथबाट २ थान मोबाइल, २ थान सिम तथा पत्रिकाको फोटोकपी एक बरामद भएको भन्ने देखियो । निज प्रतिवादीबाट मौकामा भूमिगत तराई टाइगर्सको लेटर प्याड, छापलगायत अन्य सामग्री बरामद नभई एउटा पत्रिकामा छापिएको टाइगर्सका ३ जना सार्वजनिक भन्ने समाचार लेखिएको पत्रिकाको फोटोकपी मात्र बरामद भएको पाइयो । प्रतिवादीबाट व्यक्ति अपहरण गर्ने वा शरीरबन्धकको धम्की दिन आवश्यक पर्ने हातहतियारलगायतका अन्य कुनै पनि सामग्रीहरू बरामद भएको अवस्था मिसिलबाट नदेखिने ।

बोर्डिङ स्कुलको प्रिन्सिपलजस्तो शिक्षित एवम् जिम्मेवार व्यक्तिले एकपटक प्रतिवादी रमेश शर्मा र सुरेन्द्र राय दुवैले रकम माग गरेको कुरा चश्मदिद भई स्वीकार गरिसकेपछि पुन: सुरेन्द्र राय भन्ने व्यक्ति कसुरमा सहभागी छैनन् भन्ने निज जाहेरवालाको भनाइले मौकाको जाहेरी दर्खास्त आफैँमा खण्डित भएको देखिने ।

प्रतिवादीहरूले एजेलिया सेकेन्डरी बोर्डिङ स्कुलका डाइरेक्टर यमुना दत्तसँग भेटी हामी भूमिगत तराई टाइगर्स पार्टीका कार्यकर्ता हौं भनी रू.एक लाख चन्दा चाहियो नभए सञ्चालक तथा जिम्मेवार व्यक्तिलाई अपहरण गरी मारी दिने धम्की दिई मेरो कार्यकक्षमा प्रवेश गरी चन्दा माग्दा मैले दिन नसक्ने जनाउँदा मलाई अपहरण गरी साथै जानु पर्ने र अन्यलाई पनि क्रमश: अपहरण गरी शरीरबन्धक लिने र रकम नदिए ज्यानै मार्ने, स्कुलमा बम विष्फोट गराई जे पनि गर्न सक्ने भनी २ जना तराई मूलका मानिसहरू आई नियन्त्रणमा लिएकाले मैले रकम जुटाएर आउँछु भनी

बाहिर निस्की प्रहरीलाई जानकारी गराई रमेश शर्मा र सुरेन्द्र रायलाई पक्राउ गरेको भनी घनश्याम भट्टराईले मौकामा दिएको जाहेरी दर्खास्तको विपरीत हुने गरी मिति २०६६।२।२३ मा मौकाको कागज गर्दा रमेश शर्माले मेरो कार्यकक्षभित्र रकम माग गरेका हुन्, सुरेन्द्र राय भन्ने व्यक्ति कसुरमा सहभागी छैनन् भनी घटना विवरण कागजमा उल्लेख गर्नु र अदालतको बकपत्रमा समेत सोही बेहोरा उल्लेख हुनुले जाहेरवालाको मौकाको जाहेरी दर्खास्त भरयोग्य नदेखिएकाले त्यस्तो जाहेरी दर्खास्त प्रमाणमा ग्रहण गर्न मिल्ने देखिएन । प्रतिवादी रमेश शर्माले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेका र निजको इन्कारीलाई निजका साक्षीको बकपत्रबाट पुष्टि हुन आएको देखिन्छ । जाहेरीमा उल्लेख गरेका यमुनादत्त भट्टराईलाई अनुसन्धानमा बुझिएको देखिँदैन । यी प्रतिवादी फर्निचर मर्मतका लागि कृष्ण सर भन्नेले खबर गरेका कारण स्कुल परिसरमा गएको भन्नेसम्म देखिएको अवस्थामा प्रतिवादीले जाहेरवालालाई अपहरण तथा शरीरबन्धकको वारदातको उद्योग गरेको भन्ने स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेकोसमेत नदेखिने।

विवेचित तथ्य, कानून र प्रतिपादित सिद्धान्तसमेतको आधारमा जाहेरवालाको मौकाको किटानी जाहेरी र सोको विपरीत हुने गरी गरेको मौकाको कागज र सोहीबमोजिम अदालतमा भएको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतमा भएको इन्कारी बयान र सोलाई पुष्टि गर्ने गरी भएको निजका साक्षीहरूको बकपत्र, तथ्ययुक्त र ठोस सबुद प्रमाणद्वारा प्रतिवादीउपरको कसुर पुष्टि गर्न वादी पक्षले नसकेको अवस्थासमेतका आधारमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न नमिल्ने हुँदा सुरू फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिने गरी पुनरावेदन अदालत विराटनगरबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने देखिएन । प्रमाणद्वारा पुष्टि नभएको अवस्थामा अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः पुनरावेदन अदालत विराटनगरबाट प्रतिवादी रमेश शर्मालाई सफाइ दिने गरी मिति २०६९।५।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-११६९, लिखत दर्ता बदर, *ध्रुवप्रसाद बनिया वि. विकेशप्रसाद चौधरीसमेत*

प्रतिवादी बद्रीनारायण चौधरी र निजको पत्नी प्रतिवादी सोहनी थारूको ३ छोरी र २ छोरा भएकोमा २ छोरामा क्रमश: वादी विकेशप्रसाद चौधरी र प्रतिवादी इन्द्रेश चौधरी रहेको, इन्द्रेश चौधरीको पत्नी वादी दिपमाला चौधरी र छोरा वादी उदय चौधरी रहेको मिसिलबाट देखिन आयो । प्रतिवादी सोहनी थारूको नाम दर्ताको नवलपरासी जिल्ला सोमनी गा.वि.स. वडा नं.३ कि.नं.१८७ को ०-१८-१५ पुरै जग्गा प्रतिवादी ध्रुवप्रसाद बनियालाई र.नं.६०९ मिति २०६८।११।१४ मा बिक्री गरेबापत वादी विकेशप्रसाद चौधरीले ४ भागको १ भाग र अन्य वादीहरू दिपमाला चौधरी तथा उदय चौधरीले ४ मागको १ भागमध्ये ३ भागको २ भाग बदरका लागि मागदाबी लिँदै संयुक्त रूपमा फिराद दायर गरेको पाइयो । दिने सोहनी थारू र लिने ध्रुवप्रसाद बनिया भई र.नं.६०९ मिति २०६८।११।१४ मा मालपोत कार्यालय, नवलपरासीबाट पारित भएको राजीनामाको लिखतमा प्रतिवादी बद्रिनारायण चौधरी र वादीहरू दिपमाला चौधरी तथा उदय चौधरीका पति पिता

इन्द्रेश चौधरी साक्षी बसेको मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखियो । वादीहरू दिपमाला चौधरी र उदय चौधरीका पति पिता प्रतिवादी इन्द्रेश चौधरी र निज इन्द्रेश चौधरीका पिता बद्रीनारायण र आमा सोहनी थारू एकासगोलमा नै रहेको कुरामा विवाद देखिँदैन । आमा सोहनी थारूको नामको जग्गा बिक्री गर्दा वादीहरू दिपमाला चौधरी तथा उदय चौधरीका पति पिता इन्द्रेश चौधरी लिखतमा साक्षी बसी हक हस्तान्तरण गरेको अवस्थामा विवादित कि.नं.१८७ को जग्गा बिक्री गर्दा यी वादीहरू दिपमाला चौधरी तथा उदय चौधरीको मन्जुरी लिइरहनुपर्ने अवस्था रहन आउँदैन । त्यसैले वादीहरू दिपमाला चौधरी तथा उदय चौधरीको अंशसम्मको लिखत बदर गरिपाउँ भन्ने जिकिर पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिन आउने ।

फिरादी विकेशप्रसाद चौधरी र प्रतिवादी सोहनी थारूबिच आमा, छोरा नाता रहे भएको कुरामा विवाद देखिँदैन । लिखत पारित हुँदासम्म यिनीहरूबिच अंशबन्डा भएको देखिँदैन । प्रतिवादी सोहनी थारूको नाउँ दर्ताको विवादित कि.नं.१८७ को जग्गामध्ये ४ भागको १ भाग जग्गा बिक्री गर्दा वादी विकेशप्रसाद चौधरीलाई साक्षी राखेको वा निजको मन्जुरी लिएको अवस्था देखिन आएन । मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. हेर्दा "अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेबाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूको मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ ।....." भन्ने कानूनी व्यवस्था रहेको छ । यो कानूनी व्यवस्थाको रोहमा विचार गर्दा प्रतिवादी सोहनी थारूले वादी विकेशप्रसाद चौधरीको अंश हक लाग्ने विवादित जग्गा बिक्री गर्दा निज वादी विकेशप्रसाद चौधरीको मन्जुरी लिएको वा निजलाई साक्षी राखेको अवस्था देखिन आएन । साथै यी वादीले लिखत पास हुँदाका अवस्थामा आफ्नो बुबा, आमाबाट अंश पाइसकेको भन्ने अवस्था पनि देखिँदैन । तसर्थ दाबीको जग्गा वादीको समेत अंश हक लाग्ने सगोलको सम्पत्ति रहेको मान्नु पर्ने देखिने ।

अत: सुरू नवलपरासी जिल्ला अदालतको मिति २०७०।१०।२६ को फैसला उल्टी भई दिने सोहनी थारू लिने ध्रुवप्रसाद बनिया भई मिति २०६८।११।२४ मा भएको पारित राजीनामा लिखतमध्ये वादी विकेशप्रसाद चौधरीको अंश हकसम्म कि.नं.१८७ को जग्गामध्ये ४ भागको १ भाग राजीनामा लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७२।२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल जेठ ४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा**, ०७०-CR-११०७, जबरजस्ती करणी, *नेपाल सरकार वि. अजयकुमार यादव*

यसरी मौकाको किटानी जाहेरी दरखास्त तथा सो जाहेरी बेहोरालाई समर्थन हुने गरी जाहेरवालाले अदालतसमक्ष आई गरेको बकपत्र, पीडितले आफूउपर यी प्रतिवादीहरूले जबरजस्ती करणी गरेको भनी घटनाक्रम सविस्तार उल्लेख गरी मौका तथा अदालतमा आई गरेको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइ एवम् वारदातस्थलबाट पीडितको सल तथा सुरूवाल बरामद भई पीडितले सनाखत गरेकोसमेतका ठोस एवम् वस्तुनिष्ठ प्रमाणहरूबाट पीडित आशाकुमारी खरेल (परिवर्तित नाम) लाई यी पुनरावेदक प्रतिवादी अजयप्रसाद यादव भन्ने अजयकुमार यादवसमेतले जबरजस्ती करणी गरेको वारदात स्थापित भएको देखिँदा कसुर कायम गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको

पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।०८।१३ को फैसला बदर गरी सुरू अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने यी पुनरावेदक प्रतिवादी अजयप्रसाद यादव भन्ने अजयकुमार यादवको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पीडितका बाबु लालबहादुर खरेल (परिवर्तित नाम) ले मिति २०६७।४।४ गते रातको समयमा मेरो छोरी वर्ष १२ की आशाकुमारी खरेल (परिवर्तित नाम) घरछाडि पिसाब फेर्न गएको अवस्थामा यी पुनरावेदक प्रतिवादी अजयकुमार यादव र अर्का प्रतिवादी रामविनेश पटेल आई छोरीलाई मुख थुनी समाती बोकी लगी निजको कपडासमेत खोली जबरजस्ती करणी गरी छाडेको भनी यी पुनरावेदक प्रतिवादी अजयकुमार यादवसमेत उपर मिति २०६७।४।६ मा किटानी जाहेरी दिएकोमा निज जाहेरवालाले आफ्नी छोरी पीडित आशाकुमारी खरेल (परिवर्तित नाम) को उमेर साढे बाह्र वर्ष भएको र निजको अन्दाजी उमेर राखी जन्म दर्ता गराएको हुँ भनी मौकाको किटानी जाहेरीलाई समर्थित हुने गरी मिति २०६७।१०।११ मा बकपत्र गरेको पाइन्छ। त्यस्तैगरी पीडित आशाकुमारी खरेल (परिवर्तित नाम) ले आफू १३ वर्षकी भएको भनी मिति २०६८।०१।१३ मा बकपत्र गरेकोसमेत देखिन्छ । यसरी जाहेरवाला र पीडितको बकपत्रसमेतबाट वारदातको समयमा पीडित आशाकुमारी खरेल (परिवर्तित नाम) को उमेर १२ वर्ष रहेको पुष्टि हुन आएको छ। पीडित आशाकुमारी खरेल (परिवर्तित नाम) को जन्म दर्ताको लागि निवेदन दिने निजकै बाबु लालबहादुर खरेल (परिवर्तित नाम) ले पीडितको अन्दाजी उमेर राखी जन्म दर्ता गराएको भनी बकपत्र गरेको अवस्थासमेतलाई विचार गर्दा पीडितको जन्मदर्ताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति २०५७।१२।२९ लाई नै पीडितको जन्ममिति हो भनी मान्न मिल्ने नदेखिने। यस्तो अवस्थामा पीडित आशाकुमारी खरेल (परिवर्तित नाम) को उमेर १२ वर्षको ठहर गरी यी पुनरावेदक प्रतिवादी यादव भन्ने अजयकुमार यादवलाई जबरजस्ती करणीको महलको ३(२) नं. र अनुसार ९ (नौ) वर्ष कैद तथा ऐ. ३ क नं. अनुसार ५ (पाँच) वर्ष कैद सजाय गरी जम्मा १४ (चौध) वर्ष कैद र ऐ. को १० नं. अनुसार पीडितले प्रतिवादीबाट रू. ३०,०००।- (अक्षरूपी तीस हजार मात्र) क्षतिपूर्तिसमेत भराई पाउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।०८।१३ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा साथै उक्त फैसला भइसकेको कारण नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन पुग्न नसकी खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट नै मिति २०७०।०५।२५ मा भएको फैसलासमेत परिवर्तन गर्नुपर्ने अवस्था नहुँदा उल्लिखित दुवै फैसला बदर गरी अभियोग मागदाबीबमोजिम प्रतिवादी अजयप्रसाद यादव भन्ने अजयकुमार यादवलाई सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त आधार प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी अजयप्रसाद यादव भन्ने अजयकुमार यादवलाई जबरजस्ती करणीको महलको ३(२) नं. अनुसार ९ (नौ) वर्ष कैद तथा ऐ. ३ क नं. अनुसार ५ (पाँच) वर्ष थप कैद सजाय गरी जम्मा १४ (चौध) वर्ष कैद र ऐ. को १० नं. अनुसार पीडितले प्रतिवादीबाट रू. ३०,०००।- (अक्षरूपी तीस हजार मात्र) क्षतिपूर्तिसमेत भराई पाउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।०८।१३ को फैसला र नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन पुग्न नसकी खारेज हुने ठहऱ्याई सोही अदालतबाट मिति २०७०।०५।२५ मा भएको फैसलासमेत मिलेको

देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम्।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री कुमार रेग्मी**, ०६९-WO-११०७, उत्प्रेषण, *छेदाराम थारू वि. मालपोत कार्यालय, बर्दिया गुलरियासमेत*

निवेदक छेदाराम थारूले दाबी गरेको जिल्ला बर्दिया सोरहवा गा.वि.स. वडा नं. २ को कि.नं. ६२९, १०३६, १०३३, १०३७, १०३४ र १०३५ र १०३२ को क्रमशः क्षेत्रफल ०-१०-०, ०-५-०, ०-४-०, ०-४-०, ०-४-०, ०-४-० र ०-४-० जग्गाहरू निवेदक छेदाराम थारूको नाममा दर्ता स्रेस्ता रहेको निवेदकले पेस गरेको जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट देखिए तापनि पुनः नापी हुँदा उक्त जग्गाहरूसमेत जिल्ला बर्दिया, गा.वि.स. सोरहवा वडा नं. ३ सिट नं. ०३५-९६२ कि.नं. ४४४ क्षेत्रफल ६९,११३५ वर्गमिटरअन्तर्गत कायम भई उक्त जग्गाको जग्गाधनीमा श्री ५ को सरकार र कैफियतमा साबिक कि.नं. ३२७ को तालको जग्गा रहेको भनी उल्लेख भएको नापी कार्यालयबाट प्राप्त भएको उक्त जग्गाको फिल्डबुक उतारबाट देखिन्छ भने नापी कार्यालयबाट प्राप्त भएको पछिल्लो पुनः भएको नापी नक्सा हेर्दा उक्त सातै कित्ता जग्गा बढैया तालको क्षेत्रभित्र परेको देखिने।

बर्दिया जिल्लाको सोरहवा गा.वि.स.मा अवस्थित बढैया ताल ऐतिहासिक महत्त्व बोकेको परापूर्वकालदेखि चलिआएको धार्मिक र सांस्कृतिक महत्त्वको ताल भएको, उक्त तालमा साइबेरियादेखिको चराहरूसमेत आउने गरेको, उक्त तालको क्षेत्रफल साबिकमा ज.वि. १०३-४-१५ रहेको, उक्त तालको संरक्षण साबिकमा जिल्ला पञ्चायत र हालमा जिल्ला विकास समिति, बर्दियाले गरी आएको भनी जिल्ला विकास समिति, बर्दियाले आफ्नो लिखित जवाफमा खुलाएको देखिने।

जिल्ला विकास समिति बर्दियाले पेस गरेको मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, नेपालगन्ज नहर सवडिभिजन कार्यालय, भेरी अञ्चल नेपालगन्जको च.नं.१६८ मिति २०४१।९।५ को बढैयाताललाई हस्तान्तरण गरी लिनेसम्बन्धी पत्रको प्रतिलिपि हेर्दा नेपालगन्ज नहर सव-डिभिजन कार्यालयले उक्त बढैया ताल तत्कालीन जिल्ला पञ्चायत कार्यालय, बर्दियालाई उक्त मितिमा हस्तान्तरण गरेको देखिन्छ। साथै आ.व. ०६४।६५ को चौधौं जिल्ला परिषद्ले उक्त बढैया ताल क्षेत्रको साबिकको क्षेत्रफल कायम गरी अतिक्रमण रोकी संरक्षणको प्रक्रिया अगाडि बढाउने भनी निर्णय भएकोसमेत मिसिल संलग्न उक्त निर्णयको प्रतिलिपिबाट देखिने।

उक्त बढैया ताल सरकारी ताल भएको देखिएको र सो कुरामा यी निवेदकको समेत विमति नदेखिएको, २०२१ सालको नापीपछि उक्त सोरहवा गा.वि.स.मा पुनः नाप जाँच हुँदा यी निवेदकले दाबी लिएको निजको नाममा दर्ता कायम भएको उक्त सातै कित्ता जग्गा उक्त बढैया तालको क्षेत्रभित्र परेको मिसिल संलग्न फिल्डबुक उतार तथा नक्सा प्रिन्टबाट समेत देखिएकोले यी निवेदकले दाबी गरेको उक्त जग्गाहरू बढैया तालकै क्षेत्रभित्र रहेको सरकारी जग्गा भएको देखिँदा मालपोत ऐन, २०३४ को दफा २४ ले सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न नहुने र दर्ता भएको भए पनि स्वतः बदर हुने व्यवस्था गरेको देखिएकोले सरकारी बढैया तालभित्र परेको उपर्युक्त जग्गाहरू निवेदकको नाममा कायम रहन सक्ने अवस्था विद्यमान नदेखिँदा उक्त जग्गाहरू यी निवेदकको नामबाट स्वतः बदर भई श्री ५ को सरकार बढैया तालको नाममा पुनः नाप नक्सा भइसकेको देखिँदा उक्त जग्गाहरू निवेदकको नाममा हाल साबिक अद्यावधिक हुन सक्ने अवस्था विद्यमान नदेखिएकोले मालपोत कार्यालय, बर्दियाले उक्त जग्गाहरू निवेदक

छेदारम थारूको नाममा हाल साबिक अद्यावधिक गर्न नमिल्ने भनी गरेको मिति २०६९।१।२८ को निर्णय कानूनसम्मत देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: अरूणकुमार कोइराला
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७६ साल जेठ २० गते रोज २ शुभम्।

६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७५-WH-०२०२, बन्दीप्रत्यक्षीकरण, *पियुष मुसलमान वि. मकवानपुर जिल्ला अदालतसमेत*

मकवानपुर जिल्ला अदालतले दिएको उक्त मिति २०७४।१२।२२।५ को कैदी पुर्जी हेर्दा यी निवेदक आकिव मण्डल भन्ने पियुष मुसलमानलाई विदेशी विनिमय अवैध कारोबार तथा ओसारपसार मुद्दामा मकवानपुर जिल्ला अदालतको मिति २०७४।१०।०८ को फैसलाले रू.९०,४७,४७१।– जरिवाना हुने ठहर भएकोमा निज मिति २०७४।०२।०२ मा पक्राउ परी पुर्पक्षको लागि थुनामा रहेको र सोही मितिदेखि लागु हुने गरी लागेको जरिवाना रू.९०,४७,४७१।– को हकमा मुलुकी ऐन, दण्ड सजायको ३८ नं.ले हुने अधिकतम कैद वर्ष ४।०।० कैद म्याद ठेकी मिति २०७४।०२।०२ गतेदेखि मिति २०७८।०२।०१ गतेसम्म थुनामा बसी मिति २०७८।०२।०२ गते थुनाबाट छुटी जाने गरी कैदी पुर्जी दिइएको भन्ने उल्लेख भएको पाइन्छ । उक्त कैदी पुर्जी तथा मकवानपुर जिल्ला अदालतको लिखित जवाफबाट यी रिट निवेदकलाई फैसलाले लागेको जरिवाना नतिरेबापत दण्ड सजायको महलको ३८ नं. अनुसार अधिकतम ४ वर्ष कैद ठेकिएको भन्ने देखिन आउने।

तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ३८ (३) नं. र मुलुकी अपराध संहिताको दफा ४६(२)(ग) अनुसार जरिवाना मात्रको सजाय हुने अपराधमा जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरेबापत कैद ठेक्नु पर्दा बढीमा २ वर्षको अवधिसम्म मात्र कैद ठेक्न सक्ने देखिन आउने।

उपर्युक्त कानूनी व्यवस्थाअनुसार जरिवाना मात्र हुने कसुरमा जरिवाना नतिरेबापत कैद ठेक्नु पर्दा दुई वर्षभन्दा बढी अवधि कैद हुने गरी कैद ठेक्न मिल्ने देखिन आएन । अत: यी रिट निवेदकलाई जरिवाना मात्र हुने कसुरमा रू.९०,४७,४१७।- जरिवाना हुने सजाय भएकोमा उक्त जरिवाना नतिरेबापत मकवानपुर जिल्ला अदालतले कैद ठेक्दा दण्ड सजायको महलको ३८(३) अनुसार मिति २०७४।२।२ देखि मिति २०७६।२।१ सम्म दुई वर्षको मात्र कैदी पुर्जी दिनुपर्नेमा मिति २०७४।२।२ देखि मिति २०७८।२।१ सम्म कैद म्याद ठेकेको मिति २०७४।१२।२२।५ को कैदी पुर्जी गैह्रकानूनी देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। साथै रिट निवेदक आविक मण्डल भन्ने पियुष मुसलमान मिति २०७६।२।२ देखि हालसम्म गैह्रकानूनी रूपमा थुनामा रहेको देखिँदा उक्त गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने।
इजलास अधिकृत: उषा श्रेष्ठ
कम्प्युटर: हर्कमाया राई
इति संवत् २०७६ साल असार ९ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-CI-१३०९, बकसपत्र लिखत बदर, *विनाकुमारी कार्की वि. खरिमाया श्रेष्ठसमेत*

साबिक विश्वनाथ चौधरीबाट गंगामायाको पति भिमबहादुरले र.नं.१७ मिति २०३५।०१।०७ मा कि.नं.२६ को ३-९-१६ मध्ये १-०-० जग्गा रू.७,५००।- मा राजीनामाबाट खरिद गरेकोमा सो १ बिगाहा जग्गामध्ये गंगामायालाई मिति २०३६।१२।१४ मा र.नं. १४७० बाट ९ कठ्ठा जग्गा बिक्री गर्नु भयो।

गंगामायाले सो ९ कठ्ठा जग्गामध्येबाट सौतेनी छोरा टिकाराम श्रेष्ठलाई मिति २०४४।०१।०८ मा र.नं. १८६२ बाट कि.नं.१२३ को ५ कठ्ठा जग्गा बकसपत्र दिई ४ कठ्ठा जग्गा गंगामायाको बाँकी रहेको देखिन्छ। पछि पुनः सोही ५ कठ्ठा जग्गा दिने टिकाराम श्रेष्ठ लिने गंगामाया भई मिति २०६२।०२।२४ मा र.नं. ४५४० बाट गंगामायाले राजीनामा पारित गरी लिनु भएको देखिन्छ । गंगामाया श्रेष्ठले आफ्नो नाम दर्ताको ९ कठ्ठा जग्गामध्ये आफ्नो बहिनी मीनाकुमारी कार्कीलाई जिल्ला उदयपुर गा.वि.स. गाईघाट वडा नं. ६क कि.नं. १२४ को क्षेत्रफल ०-४-० जग्गा मिति २०६१।०३।१६ मा हालैको बकसपत्र गरिदिएको देखिने।

गंगामाया सगोलमा नै भएको भए यसरी सगोलमै भएका अंशियारहरूबिच एकआपसमा राजीनामा गरी लिनु दिनु गर्ने स्थिति रहने थिएन, तसर्थ यी गंगामाया वादीहरूले भनेबमोजिम सगोलमा नरही भिन्न भएकी हुन् भन्ने मान्नु पर्ने देखिन आउने।

प्रस्तुत मुद्दामा गंगामायाले सो जग्गामध्ये सौतेनी छोरा टिकाराम श्रेष्ठलाई ०-९-० कठ्ठा जग्गामध्येबाट ०-५-० कठ्ठा जग्गा मिति २०४४।१।८ मा राजीनामा पारित गरी सोही जग्गा वादीमध्येका टिकाराम श्रेष्ठबाट मिति २०६२।२।२४ मा राजीनामा गरी पुनः गंगामायाले लिएको अवस्थामा आफ्नो स्वामित्वमा भएको ०-९-० जग्गामध्ये प्रतिवादी मीनाकुमारी कार्कीलाई सोही जग्गाबाट ०-४-० बकसपत्र गरी दिई आधाभन्दा बढी जग्गा सोही कित्तामा बाँकी रहेको देखिँदा यसरी भिन्न भएकी कुनै विधवा महिला गंगामायाले आफ्नो स्वामित्वमा भएको जग्गा साबिक मुलुकी ऐन, स्त्री अंशधनको महलको २ नं. बमोजिम अचलमा आधासम्म आफूखुस गर्न पाउने नै देखिन आउने।

गंगामायाले अंशबापत प्राप्त गरी आधासम्म आफूखुस गर्न पाउने सम्पत्तिमध्येबाटै बकसपत्र पारित गरिदिएको देखिँदा दाबीको लिखतमध्ये ४ भागको ३ भाग लिखत बदर हुने ठहऱ्याई सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६३।१२।२० मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत राजविराज सप्तरीबाट मिति २०६६।२।४ मा भएको फैसला मिलेको नदेखिने।

अतः विवेचित आधार, कारणहरूसमेतबाट विवादित सम्पत्ति प्रतिवादी गंगामाया श्रेष्ठको आफूखुस गर्न पाउने सम्पत्ति रहे भएको पाइएकोले पुनरावेदक / प्रतिवादी मीनाकुमारी कार्कीलाई हालैको बकसपत्र गरिदिँदा वादीहरूको मन्जुरी लिइरहनु पर्ने अवस्था नहुँदा सो लिखत सदर गर्नुपर्नेमा दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६३।१२।२० मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराज सप्तरीबाट मिति २०६६।०२।०४ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई मीनाकुमारी कार्कीको हालैको बकसपत्रको लिखत सदर कायम हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल पुस ३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७२-CR-१५९५, डाँका, *नेपाल सरकार वि. उत्तम लामा थिङसमेत*

प्रतिवादीहरू उत्तम लामा थिङ, अरूण तामाङ, वाङ्गथुप लामा, सर्वजित थकाली, राजु लामा, गणेशमान लामा, मानबहादुर थिङ, दिनेश तामाङ र सन्तोष लामाले समेत अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित रहे पनि अदालतमा इन्कार रही बयान गरेको पाइन्छ। अनुसन्धान अधिकारीसमक्ष साबित रहे पनि बरामदी मुचुल्कालगायतका अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट कसुर पुष्टि हुन सकेको अवस्था देखिँदैन। दशीसाथ पक्राउ परेका प्रतिवादीहरू सुदम कँडेल र

साङ्गे भन्ने सन्तबहादुर राई र अन्य प्रतिवादीहरू वारदातपछि एकै ठाउँबाट पक्राउ परेको अवस्थासमेत देखिँदैन । केही मौकामा कागज गर्ने व्यक्तिहरूले यी प्रतिवादीहरूसमेतको संलग्नता रहेको खुलाए तापनि ती मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा बकपत्र गरेको अवस्थासमेत देखिएन । यस्तो अवस्थामा यस्ता बयानलाई प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रमाणको रूपमा ग्रहण गर्नसमेत मिलेन । साथै वारदातको दिन २/३ जना मात्र केटाहरूले गाडी रोक्न हात दिएकोमा निजहरूलाई गाडीमा नचढाएकोले मलाई गाली गलौज गरी थर्काएकाले त्यस सम्बन्धमा ती केटाहरूलाई पक्राउ गरी ल्याएको भन्ने सवारी चालक विकल तामाङको बकपत्रबाट खुल्न आएको दखिन्छ । तसर्थ प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानको मात्र आधार लिई अन्य स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको अभावमा यी प्रतिवादीहरूसमेतको संख्या र संलग्नतामा डाँकाको वारदात घटेको रहेछ भनी मान्न मिल्ने अवस्था नदेखिँदा यी प्रतिवादीहरूलाई सफाइ दिएको मिलेन भनी दायर भएको नेपाल सरकारको पुनरावेदन र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईले आरोपित कसुरमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी बयान गरे तापनि अनुसन्धान अधिकारीसक्षम यी प्रतिवादीहरूले चालक बिकल तामाङलाई जबरजस्ती सडकको पेटीमा तानी सबैजनाले घेरा हाली निजको साथमा रहेको सुन जबरजस्ती चोरी गरी चालक तथा माइक्रोबसलाई पठाई फिस्लिङस्थित रहेको सुन चाँदी पसलमा गई सुन टुक्रा पारी हिँडिरहेको अवस्थामा आफूहरूलाई बरामदी मुचुल्कामा उल्लिखित सामानसहित फेला पारी प्रहरीहरूले पक्राउ गरी ल्याएको भन्ने बेहोरा खुलाइदिएको पाइन्छ । उल्लिखित जाहेरी दरखास्त, बरामदी तथा घटनास्थल मुचुल्का, प्रहरी प्रतिवेदन र प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान र अन्य परिस्थितिजन्य प्रमाणसमेतको रोहबाट माइक्रोबसका चालकको साथबाट यी दुईजना प्रतिवादीहरूले सुन चोरी गरेको तथ्य प्रस्ट स्थापित रहे भएको देखिने ।

वारदातमा प्रतिवादी बनाइएका अन्य अभियुक्तहरूको संलग्नता नदेखिई सफाइ पाउने ठहर भएको अवस्थामा यी दुईजना प्रतिवादीहरूको मात्र संलग्नता देखिएको हुँदा चोरीको ६ नं. आकर्षित हुन सक्ने देखिएन । तसर्थ यी दुईजना प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईको सन्दर्भमा सुरू अभियोग परिवर्तन भई रहजनी चोरीतर्फ कसुर कायम गरी सोहीअनुसार पुनरावेदन अदालत हेटौंडाबाट सजाय ठहर भएको मनासिब नै देखिने ।

अत: माथि विवेचित तथ्य र कानूनी व्यवस्थाको विश्लेषणसमेतबाट प्रतिवादीहरू उत्तम लामा थिङ, अरूण तामाङ, वाङ्गथुप लामा, सर्वजित थकाली, राजु लामा, गणेशमान लामा, मानबहादुर थिङ, दिनेश तामाङ र सन्तोष लामालाई सफाइ दिने तथा जाहेरवाला ताराप्रसाद श्रेष्ठलाई झुठा बकपत्र गरेबापत रू.१,०००।– (एक हजार) जरिवाना गर्ने र प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईलाई मुलुकी ऐन, चोरीको १ नं. र ४ नं. विपरीतको कसुरमा सोही महलको १४(२) नं. बमोजिम कसुर ऐ. को १२ नं. ले साधारण चोरीमा हुने सजाय डेढी अर्थात् जनही १ महिना १५ दिन कैद र बिगो रू.१७,५६,९२५।- (सत्र लाख छपन्न हजार नौ सय पच्चिस) को डेढी रू.२६,३५३८७।५० (छब्बिस लाख पैंतिस हजार तीन सय सतासी रूपैयाँ पचास पैसा) जरिवाना हुने ठहऱ्याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०७१।९।७ मा फैसला भएकोमा उत्तम लामा थिङसमेतका प्रतिवादीहरूलाई सफाइ दिने तथा जाहेरवाला ताराप्रसाद श्रेष्ठलाई झुठा

बकपत्र गरेबापत रू.१,०००।– (एक हजार) जरिवाना हुने फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने र प्रतिवादीहरू सुदम कँडेल र साङ्गे भन्ने सन्तबहादुर राईको हकलाई मुलुकी ऐन, चोरीको महलको ५ नं. को कसुरमा सोही महलको १४ नं. को देहाय २ बमोजिम सजाय गर्नुपर्नेमा सो चोरीको महलको ४ नं. को कसुर कायम गरी १४ नं. को देहाय २ बमोजिम सजाय हुने ठहऱ्याएको उक्त फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीहरू सुदम कँडेल र साङ्गे राई भन्ने सन्तबहादुर राईलाई मुलुकी ऐन, चोरीको महलको ५ नं.को कसुरमा १४ नं. को देहाय ३ बमोजिम साधारण चोरीमा हुने सजायको दोब्बर अर्थात् जनही २(दुई) महिना कैद र बिगोको दोब्बर रू.३५,१३,८५०।– पैंतिस लाख तेह्र हजार आठ सय) जरिवाना भई जरिवानाबापत समेत कैद हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।९।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल कात्तिक १ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०६९-CR-०५८२, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. राजा पुरी*

मिति २०६७।३।१४ गतेका दिन गस्तीको क्रममा जिल्ला रूपन्देही सिद्धार्थनगर न.पा. वडा नं.१ सडकमा चेक जाँच गर्दा प्रतिवादी राजा पुरीबाट २ ग्राम ९२० मिलिग्राम लागु औषध ब्राउन सुगर फेला परेको भन्ने बरामदी मुचल्का रहेको पाइन्छ। प्रतिवादी राजा पुरीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बुबा मोहनलाल पुरीले लागु औषधसमेत बिक्री वितरण गर्दै आउनु भएकोमा उक्त दिन भैरहवाको बसपार्कस्थित प्रकाश मल्ललाई बरामद भएको लागु औषध दिएर आउन भनी अह्राएकोले सो लागु औषध लिएर हिँडेको अवस्थामा पक्राउ परेको भनी कागज गरेको देखिने।

प्रत्यर्थी प्रतिवादी राजा पुरीले अभियोग दाबीअनुसार लागु औषध ओसारपसार खरिद बिक्री गर्ने कसुर गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजहरूबाट पुष्टि हुन नसकेको अवस्थामा केवल निजको अनुसन्धानको बयानलाई मात्र आधार मानी निजलाई लागु औषध ओसारपसारको कसुरदार ठहर गर्न मिल्दैन । अनुसन्धानका क्रमको बयान अन्य स्वतन्त्र प्रमाण तथा परिस्थितिजन्य प्रमाणबाट पुष्टि भएको अवस्थामा मात्र प्रमाणमा ग्राह्य हुन सक्छ । अनुसन्धानको बयानको मात्र आधारमा कसैलाई दोषी ठहर गर्नु न्यायोचित हुन नसक्ने।

बरामद लागु औषधको मात्रा हेर्दा पनि सेवनको लागि राखेको हुन नसक्ने जस्तो ठुलो मात्रामा रहे भएको भन्ने देखिन आउँदैन। यसमा बरामदी लागु औषधको मात्रा, यी प्रत्यर्थीको अदालतको बयान तथा निजले लागु औषधको कारोबारका लागि ओसारपसार गरेको भन्ने तथ्य पुष्टि हुन नसकेको अवस्थामा निजले सेवनको लागि नै सो लागु औषध राखेको भन्ने प्रमाणित हुने।

अत: विवेचित आधार प्रमाणहरूबाट यी प्रत्यर्थी प्रतिवादी राजा पुरीलाई अभियोग मागदाबीबमोजिम ऐ. ऐनको दफा ४ को देहाय (घ)(ङ) र (च) को कसुरमा ऐ. को दफा १४(१) को देहाय (छ) (१) बमोजिम ६ वर्ष कैद र रू.१०,०००।- जरिवाना हुने ठहऱ्याई सुरु रूपन्देही जिल्ला अदालतबाट मिति २०६७।१२।१३ मा भएको फैसला सो हदसम्म केही उल्टी गरी निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (ङ) बमोजिम १ (एक) वर्ष कैद र रू.१०,०००।- (दश हजार रुपैयाँ) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।१२।२२ मा भएको

फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, ०७४-CR-०५६९, १७००, कर्तव्य ज्यान, *बबिन राई वि. नेपाल सरकार, नेपाल सरकार वि. बबिन राई*

प्रस्तुत घटनाको प्रकृतिलाई विश्लेषण गरी हेर्दा मृतकको क्रियाकलापको कारणबाट प्रतिवादी तत्काल आवेशमा आई मृतकउपर बक्सिङले प्रहार गर्दा मृतक लडेर खोलामा पुगी निजको मृत्यु भएको देखिन्छ । प्रस्तुत वारदातको प्रत्यक्षदर्शी कोही नरहेका र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयान बेहोरामा प्रायः एकरूपता नै देखिएको हुँदा प्रतिवादीको अदालतको बयानलाई अन्यथा मान्न मिल्ने नदेखिएको अवस्थामा पुनरावेदक प्रतिवादी बबिन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सदर गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला मनासिब नै रहेको देखिने।

मृतक रामसिंह चौधरीको शव परीक्षण गर्ने डाक्टर दिनेश भण्डारीले गरेको बकपत्रबाट रामसिंह चौधरीको शव परीक्षण गर्दा डाक्टर दिनेश भण्डारीले गरेको बकपत्रबाट रामसिंह चौधरीको मृत्यु फोक्सो र त्यसलाई छोप्ने झिल्लीबिच रगत जमेर भएको हो भनी आफ्नो बेहोरा लेखाएको देखिन्छ। मृतकको छातीमा बक्सिङले हानेको जस्तो घाउ, चोट, निलडाम रहेको नदेखिँदा प्रतिवादीले रामसिंह चौधरीलाई हान्दा लागेको चोटबाट नभई प्रतिवादीले बक्सिङले हान्दा निज रामसिंह चौधरी भीरबाट लड्न गई लागेको चोटबाटै निजको मृत्यु भएको देखिन्छ। प्रतिवादीले मृतकलाई ठेली दिँदा कुनै वस्तुमा ठोक्किई चोट लागेर मृत्यु भएको अवस्था र प्रतिवादीले मृतकलाई बक्सिङले हान्दा लडेर मृत्यु भएको अवस्थामा सारभूतरूपमा भिन्नता रहेको मान्न मिल्दैन। यी पुनरावेदक प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको हो भनी वादी पक्षले वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्न सकेको अवस्थासमेत छैन। प्रतिवादीले मृतक रामसिंह चौधरीलाई मार्ने मनसाय, पूर्वरिसइवी रहेभएको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिने।

प्रतिवादी र मृतकबिच रक्सीले मातेको अवस्थामा भनाभन हुँदा प्रतिवादीलाई तत्काल रिस उठी रामसिंह चौधरीलाई बक्सिङले हान्दा निज रामसिंह चौधरी भीरबाट लडी निजको मृत्यु भएको देखिएको अवस्थामा यी प्रतिवादीले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमकै कसुर गरेको भनी अनुमान गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जाने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कानूनी व्यवस्थाबमोजिम यी पुनरावेदक प्रतिवादीले मृतकलाई मार्नको लागि कुनै प्रकारको हातहतियारको प्रयोग गरेको पनि देखिँदैन । यी पुनरावेदक प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारण, मनसाय, पूर्वरिसइवी, योजना र तयारीसमेत गरी हातहतियारको प्रयोग गरी मृतक रामसिंह चौधरीलाई मारेको भन्ने तथ्य वादी पक्षले वस्तुनिष्ठ प्रमाण पेस गरी अभियोग दाबी प्रमाणित गर्न नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादी बबिन राईलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला मनासिब नै रहेको देखिन आयो । त्यसर्थ प्रस्तुत वारदातलाई मुलुकी

ऐन, ज्यानसम्बन्धीको महलको ६(२) नं. बमोजिमको कसुर कायम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारण र प्रमाणबाट सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०७३।४।२४ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७४।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७६ साल वैशाख २२ गते रोज १ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-१००२, परमादेश, *राजेश अधिकारी वि. वीरगन्ज उपमहानगरपालिकाको कार्यालय, वीरगन्जसमेत*

निवेदकले परमादेशको आदेश जारी गरी पाउन माग गरेको हक कानूनप्रदत्त हक नभई वीरगन्ज उपमहानगरपालिका कार्यालयसँग फर्निचरलगायतका सामान सप्लाई गर्ने कोटेसनबाट प्राप्त करारीय हक हो। सामान खरीद गर्न इच्छुक कुनै कार्यालयले सामान विक्रेतासमक्ष सामान सप्लाइको आशयपत्रको कोटेसन माग गरेको र विक्रेताले क्रेतासमक्ष कोटेसन पेस गरी कोटेसन प्रस्तुतकर्ताहरूमध्ये प्रचलित कानूनबमोजिम कसैको कोटेसन स्वीकृत भई सामान खरिद बिक्री गरिएको हुँदा करारको सम्झौता भएको देखियो। करार ऐन, २०५६ को दफा २(क) मा करार भन्नाले दुई वा दुईभन्दा बढी पक्षबिच कुनै काम गर्न वा नगर्नका लागि भएको कानूनबमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनुपर्छ भनी करारको परिभाषा गरिएकोले पनि निवेदकको हक कानूनी नभई करारीय हक भएको स्पष्ट हुन आउँछ। करार उल्लङ्घन भएको अवस्थामा मर्का पर्ने करारका पक्षलाई करार ऐन, २०५६ ले विभिन्न उपचार प्रदान गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। तर निवेदक करार ऐनले निर्धारण गरेको साधारण अधिकारक्षेत्रको वैकल्पिक कानूनी उपचारको बाटो नअपनाई रिट निवेदन लिई अदालत प्रवेश गरेको देखियो। करारको सम्बन्धमा कुनै विवाद सिर्जना भएमा त्यस्तो विवादको विषय करार ऐनको अधिकारक्षेत्रभित्र (contractual obligation and liabilities) को कुरा हो। साथै रकम भुक्तान पाउँ भन्ने विषय सबुद प्रमाण बुझी निष्कर्षमा पुगिने भएकोमा रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने पनि नदेखिने।

अतः रिट खारेज हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।७।२६ को फैसला (आदेश) मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-०८७४, लागु औषध लोराजेपाम तथा चोरी, *नेपाल सरकार वि. जितु भण्डारी*

प्रस्तुत मुद्दामा चोरीतर्फको अभियोग दाबी ठहर भएतर्फ प्रतिवादीको पुनरावेदन नै नपरेको हुँदा सोतर्फ विचार गर्न परेन। प्रतिवादीबाट ५५ ट्याब्लेट लोराजेपाम बरामद भएको देखिन्छ। सो पदार्थ निजले भारतमा नोकरी गरी घर फर्किने मानिसलाई खुवाई बेहोस गराई लुटपाट गर्ने मनसायले उक्त लागु औषध आफ्नो साथमा राखेको हुँ भनी लेखाएको र

अदालतको बयानमा भारत सिमलाबाट ३० वटा पिस आफैँले सेवनको लागि ल्याएको हो, ५५ वटा बरामद भएको देखाएको झुट्ठा हो, ३० वटा मात्र बरामद भएको हो, लागु औषध बिक्री वितरण गर्दिन भनी बयान गरेको देखियो । लागु औषध बिक्री वितरण, सञ्चय वा ओसारपसार गर्ने कार्यमा प्रतिवादीको संलग्नता रहेको भनी पुष्टि हुने प्रमाण वादी पक्षबाट पेस हुन सकेको देखिँदैन । बरामदित लागु औषधको प्रकृति र परिमाण हेर्दा ओसारपसार, बिक्री वितरण प्रयोजनको लागि साथमा राखेको भन्ने तथ्य समर्थित भएको देखिँदैन । प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा ३३ थान लोराजेपाम ट्याब्लेट बरामद भएको कुरा स्वीकार गरी उक्त लागु औषध आफूले सेवनका लागि राखेको भनी जिकिर गरेको देखिन्छ । व्यापारिक प्रयोजनले लागु औषध बिक्री वितरण वा ओसारपसार गरेको तथ्य खुल्न आएको नदेखिएको हुँदा प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१)(ज) बमोजिम २ (दुई) महिना कैद र रू.२,०००।– जरिवाना हुने ठहऱ्याई भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला कानूनअनुकूल नै देखिने ।

अतः विवेचित आधार कारणबाट पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७१।१२।१५ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीलाई लागु औषध ओसारपसार र बिक्री वितरणतर्फ सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल कात्तिक २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-WO-११७१, उत्प्रेषण / परमादेश, *उदयकिशोर तिवारीसमेत वि. त्रिभुवन विश्वविद्यालय सभा कीर्तिपुर, काठमाडौंसमेत*

मिति ०६९।१२।२६ मा प्रकाशित गरेको विज्ञापनअनुसारको बिक्री वितरण र फाराम दर्तासम्बन्धी काम कारबाही विशेष कारणबस अर्को सूचना प्रकाशित नभएसम्म स्थगित गर्ने भनी त्रिभुवन विश्व विद्यालयबाट मिति २०७०।१।२० मा सूचना प्रकाशित भएको भन्ने देखिन्छ । वस्तुतः विपक्षीको तर्फबाट प्रकाशित विज्ञापन अनुसार पदपूर्ति गर्ने कारबाही स्थगित भएको देखिँदा सो विज्ञापनअनुसार तत्काल पदपूर्ति हुने अवस्था रहेको देखिएन । निवेदकको निवेदनउपर विपक्षीहरूका तर्फबाट लिखित जवाफ प्रस्तुत भई निवेदन विचाराधीन रहिरहेकै अवस्थामा निवेदकमध्येका उदयकिशोर तिवारीलाई त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७४।०१।१९ को बैठकको निर्णयानुसार मिति २०७४।१।२४ मा व्यवस्थापन विषयको उपप्राध्यापक पदमा र उदयकुमार कर्णलाई उक्त कार्यकारी परिषद्को मिति २०७४।१०।१८ को निर्णयानुसार मिति २०७४।१०।१९ मा गणित (विज्ञान) विषयको उपप्राध्यापक पदमा त्रिभुवन विश्वविद्यालय रजिस्ट्रारको कार्यालय, कीर्तिपुरबाट नियुक्ति पाइसकेको भनी निवेदकहरूले नियुक्ति प्राप्त गरेको नियुक्तिको प्रतिलिपि बहसको क्रममा पेस भई मिसिल संलग्न रहेको देखिन आयो । विज्ञापन भएको आधारबाट निवेदकहरू सो पदमा नियुक्ति हुने सम्भावना नहुने भनी प्रकाशित विज्ञापन बदर गरिपाऊँ भन्ने निवेदकको मूल माग रहेको पाइन्छ । तर निवेदकहरू उपप्राध्यापकको पदमा नियुक्ति पाइसकेको हुँदा अब निवेदकहरूको मूल मागको औचित्य रहेको देखिन आएन । अत: निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-०५७७, किलास हक कायम, *अभिमन्यु नापित वि. रामचन्द्र नापित*

अदालतबाट भई आएको मिति २०६४।११।२८ को नक्सा कुण्डली हेर्दा न.नं. २ कि.नं.१११ वादी रामचन्द्र नापितको घर जग्गा र न.नं. ४ कि.नं.१८६ प्रतिवादी अभिमन्यू नापितको घर जग्गा देखियो । विवादित न.नं.६ किलास (१०'१०"x१'२") देखिई सो किलासमा कि.नं.१११ को छिँडी तल्लामा ४'६" लम्बाई र १'१" चौडाई भएको खाली ठाउँ र दलिनहरू छिँडी तल्लादेखि चौथो तल्लासम्म रहेको देखिन्छ। कि.नं. १८७ को घर जग्गा र कि.नं.१११ को दक्षिण साँध सीधा रेखामा छ र किलास कि.नं. १८६ को उत्तरमा कि.नं. १११ को जग्गामा रहेको देखियो। प्रतिवादीले मिति २०४६।१।१८ मा कि.नं. १८६ को राजीनामा लिँदा उत्तर दक्षिण चौडाई १० फिट मात्र रहेको हाल न.नं. ४ (कि.नं. १८६) मा पश्चिमतर्फ ११'१" र पूर्वतर्फ १२'५" जग्गा देखिन्छ । विवादित किलासको चौडाइ १'२" समेत गर्दा प्रतिवादीको हकमा १२'३" जग्गा हुने भयो अर्थात् राजीनामाभन्दा बढ्ता जग्गा देखिँदा यसरी भई आएको नक्सा मुचुल्का तथा नक्सा ट्रेससमेतबाट विवादित न.नं. ६ को किलास वादीको कि.नं.१११ भित्र नै परेको देखिई वादीकै हकको देखिने।

सो किलासमा पुनरावेदक / प्रतिवादीको कि.नं.१८६ घरको छिँडी तल्लामा पक्की ईँटा र सिमेन्टको जोडाई भएको वाल रहेको देखिन्छ। पहिलो तल्लामा सो किलासमा एउटा नाल र १' चौडाइ भएको दराज रहेको देखिएको र सोही किलासको दोस्रो तल्लामा एउटा नाल र दुईवटा खोपीको बिचमा १'४" गहिराई र ५' उचाइ भएको माटोले टालेको देखिएको खाली ठाउँ। तेस्रो तल्लामा १' गहिराई भएको एउटा खोपी र एउटा वाल रहेको देखिएको। चौथो तल्लामा एउटा पिलर र ७" गहिराई भएको एउटा खाल्डो रहेको देखिएको। प्रतिवादीको ढलान वादीको चौथो तल्लाको जस्ताभन्दा १'६" माथि रहेको भनी अदालतबाट मिति २०६४।११।२८ मा भएको नक्साबाट देखिन्छ। यसरी अदालतबाट भई आएको नक्सा कुण्डलीसमेतको आधारमा प्रतिवादीको कि.नं. १८६ मा बनेको घर पुरानो रहेको र प्रतिवादीको उत्तरतर्फको निदाल सोही न.नं. ६ को किलासमा नै अडिएको हुँदा सो किलासमा लामो समयदेखि प्रतिवादीको भोगाधिकारसम्म रहेको देखिने।

अतः उपर्युक्त आधार प्रमाणहरूबाट न.नं. ६ को किलास वादीको कि.नं. १११ अन्तर्गत नै पर्ने देखियो । सो किलासमा वादीको हक कायम हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुन्छ । घर भत्की पातल नभएसम्म वा प्रतिवादीले आफ्नो घरतर्फको संरचनामा फेरबदल नगरेसम्मको लागि सो न.नं. ६ को किलासमा रहेको प्रतिवादीको निदाल यथास्थितिमा नै रहने र वादीले सो हदसम्म प्रतिवादीको घरको निदाललाई बाधा विरोध गर्न नमिली पुनरावेदकको विवादित न.नं. ६ को किलासमा भोगाधिकारसम्म रहन्छ । सोबमोजिम नगरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।११।६ फैसला सो हदसम्म केही उल्टी हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६६-WO-०२६२, उत्प्रेषण, *सोमप्रसाद धमला वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

नागरिकको जिउ ज्यान रक्षार्थ र समाजको शान्ति सुरक्षाको कार्यमा चौबिसै घण्टा खटिनु पर्ने प्रहरी सेवाजस्तो संवेदनशील सुरक्षा निकायमा कार्यरत प्रहरी कर्मचारीले आफ्नो पेसागत काम कर्तव्यविपरीत

गुटबन्दी गरी आफूभन्दा माथिको कमाण्डरलाई कुटपिट गर्नुका साथै नाराबाजी गर्दै गाडी ग्यारेज लाइन ब्यारेकमा ढुङ्गामुढा प्रहार गरी स्थानीय जनमानसमा समेत प्रतिकूल प्रभाव पार्ने गरी हो हल्ला तथा अशान्ति मचाउनुको साथसाथै प्रहरीको चेनअफ कमाण्ड नै नमानी प्रहरी संगठनको मूलभूत उद्देश्यविपरीत कार्य गरेको भन्ने खड्कबहादुर श्रेष्ठको निवेदन र प्र.ना.नि. भक्तबहादुर तामाङको प्रतिवेदनसमेतको कागज मुचुल्काबाट पुष्टि हुन्छ । ब्यारेकभित्र यसप्रकारको प्रहरी संगठनको मूल कार्य र उद्देश्यविपरीत कार्य भएको छ । यस्तो घटनाक्रम लगातार भई लामो समयसम्म कमाण्डरलाई कुट्ने लखेट्ने हुलदङ्गा गरी नाराबाजी गर्ने कार्य हुन गई अनुशासनको उल्लङ्घन बराबर भएको अवस्था छ। अत: बराबर भन्ने शब्दले प्रहरी संगठनमा अलग अलग दिनदिनै यस्तो कार्य भएको भन्ने होइन। चेन अफ कमाण्डको अवज्ञा गरी उपल्लो दर्जाको प्रहरी कर्मचारीले दिएको आदेश नमान्ने र उल्टै कुटपिट गर्ने प्रहरी कर्मचारीलाई बहाली भएमा प्रहरी संगठनको उद्देश्यअनुरूप कमाण्डरले उच्च नैतिकताको साथ काम गर्ने वातावरण सिर्जना नहुने । कुनै पनि क्षेत्रमा कार्यरत व्यक्तिले आफ्नो पेसासँग सम्बन्धित अनुशासन र आचरणको जानकारी हुनुपर्छ र त्यसलाई पालना र अनुशरण गर्नुपर्छ भन्ने सामान्य समझको कुरा हो। यी रिट निवेदकले आफूभन्दा माथिल्लो दर्जाका प्रहरी कर्मचारीले दिएको आदेश तदारूकतासाथ पालन गरेको नदेखिई अनुशासन र आज्ञापालन उल्लङ्घन गरेको देखियो। अतः अख्तियारवालाले आवश्यक कार्यविधि अवलम्बन गरी निवेदकलाई नोकरीबाट बर्खास्त गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदकलाई नोकरीबाट बर्खास्त गर्ने गरी भएका निर्णयहरू कानूनसङ्गत नै देखिने।

सशस्त्र प्रहरी गण मुख्यालय रानी विराटनगरमा कार्यरत प्रहरी जवान सोमप्रसाद धमलाले सोही गणका हवल्दार मेजरलाई मिति २०६४।७।३ गते कार्यालय, परिसर भई कुटपिट गरी निज प्रहरी हवल्दारले भागी ज्यान जोगाउन परेको र सो घटनालाई लिएर निजले गणको पेरिमिटर पोस्टमा खटिएका डिउटीवाला प्रहरी कर्मचारीहरूलाई समेत बोलाई भेला जम्मा गराई नाराबाजी गरी गाडी ग्यारेजमा समेत ढुङ्गामुडा गरी हो हल्ला गरी गणपतिको निवास घेरा गर्नेसम्मको प्रहरी आचरणविपरीतको अनुशासनहीनताको कार्य गरेको तथा आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेको देखिँदा प्रहरी नियमावली, २०४९ को परिच्छेद ९ को नियम ८८ को देहाय (ग) र (ज) अनुसारको कसुरमा ऐ.नियमावलीको नियम ९३(२)(ख) ले दिएको अधिकार प्रयोग गरी नियम ८४(ज) अनुसार यी निवेदकलाई भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यत: अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गरी पूर्वक्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय रानी विराटनगरका प्रहरी उपरीक्षकबाट मिति २०६४।७।११ गते भएको निर्णय र त्यस निर्णयलाई सदर हुने ठहऱ्याएको पुनरावेदन तह पूर्वक्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६५।४।१६ मा भएको निर्णय कानूनअनुरूप नै देखिँदा उक्त निर्णयहरू निवेदन मागबमोजिम बदर गर्नुपर्ने नदेखिने।

अतः विवेचित कानूनी आधार कारणबाट निवेदकको मागदाबीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CI-१३९१, लिखत दर्ता बदर, *चमेरे प्रधान वि. सानु श्रेष्ठसमेत*

मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. को

कानूनी व्यवस्थाअनुसार व्यवहार चलाउनलाई अचल सम्पत्तिको आधीसम्म आफूखुस गर्न पाइने र आधीभन्दा बढीको हकमा भने एकासगोलका अंशियारहरूको अनिवार्य मन्जुरी लिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा, यी वादी कान्छी श्रेष्ठका पति मचाबाबुले आफ्नो नाउँमा भएको जग्गाहरूमध्येबाट जग्गा बिक्री गर्दै जाने क्रममा मिति २०६२।४।१४ मा आधीभन्दा बढी जग्गा बिक्री गरिसकेको देखिन आयो । तर सो बिक्री व्यवहार गर्ने क्रममा सगोलमा रहेकी पत्नी वादी कान्छी श्रेष्ठसँग मन्जुरी लिएको वा निजलाई राजीनामा लिखतमा साक्षी राखिएको भने देखिएन । यस्तो स्थितिमा उक्त लिखतले कानूनी मान्यता पाउन सक्ने अवस्था नरहने ।

जग्गा बिक्रीको समयमा नै वादी कान्छी श्रेष्ठले मन्जुरी दिएको र सो तथ्यलाई वादीले जिल्ला अदालतमा पनि स्वीकार गरेकोले लिखत बदर हुनुपर्ने होइन भन्ने पुनरावेदक प्रतिवादी चमेरे प्रधानको पुनरावेदन जिकिर छ । साथै सुरू काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा पनि वादीले जग्गा बिक्री गर्न मन्जुरी दिएको कुरा इजलाससमक्ष स्वीकार गरेको भन्ने आधार लिइएको छ । तर मिसिल संलग्न कागजातहरूबाट दाबीको जग्गा बिक्री गर्ने सन्दर्भमा वादी कान्छी श्रेष्ठको मन्जुरी रहेको भन्ने कुरा समर्थित भएको पाइँदैन । बरू निज वादी कान्छी श्रेष्ठले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्दा दाबीको जग्गा आफ्नो मन्जुरी लिई बिक्री भएको हो भन्ने कुरालाई खण्डन गरी पुनरावेदनपत्र पेस गरेको देखिन्छ । अंशबन्डाको १९ नं. ले अन्य अंशियारहरूको मन्जुरी नलिई आधीभन्दा बढी पैतृक सम्पत्ति एकलौटी रूपले आफूखुस गर्न पाउने गरी अधिकार नदिएको र मिति २०६२।४।१४, र.नं. ७९३ को राजीनामा लिखतमा वादी कान्छी श्रेष्ठको मन्जुरी नभएको अवस्थामा निज वादी कान्छी श्रेष्ठको हकजति लिखत बदर हुने नै देखियो । सोही आधारमा उक्त लिखतको ७ भागको १ भाग लिखत बदर भई वादीको नाउँमा दर्ता कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखियो । प्रतिवादी चमेरे प्रधानको पुनरावेदन जिकिर एवम् यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधारसँग सहमत हुन नसकिने ।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणको आधारमा वादी कान्छी श्रेष्ठको मन्जुरी नलिई प्रतिवादी मचाबाबु श्रेष्ठले पुनरावेदक प्रतिवादी चमेरे प्रधानलाई गरिदिएको मिति २०६२।०४।१४, र.नं.७९३ को राजीनामा लिखत मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. र लेनदेन व्यवहारको १० नं. विपरीत रहेको हुँदा उक्त लिखत वादी कान्छी श्रेष्ठको हकजति बदर हुने नै देखियो । वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी सो लिखतको ७ भागको १ भाग बदर भई वादीका नाउँमा दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।४।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : कल्याण खड्का

इति संवत् २०७५ साल कात्तिक १४ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-१३०२, उत्प्रेषण / परमादेश, *यज्ञबहादुर के.सी. वि. जिल्ला प्रहरी विशेष अदालत, हाल जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

राज्यको तर्फबाट कामकारबाही गर्दा विभिन्न व्यक्ति वा निकायबाट कहिलेकाहीँ जानी नजानी कानूनविपरीतका कामकारबाही र निर्णयहरू भएका हुन सक्छन् । एउटा सभ्य र लोकतान्त्रिक समाजमा राज्यले यस प्रकारका गल्तीहरूलाई ढाकछोप गर्ने होइन । आधुनिक लोकतान्त्रिक राज्यले आफूबाट भएका गलत कामकारबाही भविष्यमा नदोहोराउने

प्रतिबद्धता व्यक्त गर्दै पीडितलाई मनासिब क्षतिपूर्ति दिने अपेक्षा गरिन्छ । प्रस्तुत रिट निवेदनमा यी रिट निवेदक राष्ट्रसेवक प्रहरी कर्मचारीको रूपमा कार्यरत रहेकै अवस्थामा आफूले गर्दै नगरेको रिभल्वर चोरीको अभियोगमा अन्यायपूर्ण तवरबाट थुनामा राखी, स्वच्छ सुनुवाइको अवसरबाट वञ्चित गरी, जबरजस्ती रूपमा कैद सजाय गरिएकोमा कैद भुक्तान गरी निस्किसकेपछि उक्त रिभल्वर चोरी कार्यमा अर्को व्यक्ति संलग्न रहेको भनी सप्रमाण पुष्टि हुन आएको अवस्था छ । यसरी निवेदक निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरूको लापरवाहीपूर्ण काम कारबाहीको परिणामस्वरूप अनाहकमा कैदमा बस्नु परेको दुर्भाग्यपूर्ण अवस्था देखिन्छ । यस अवस्थामा यी निवेदकलाई राज्यले क्षतिपूर्ति दिनु नै पर्ने देखिन आउने ।

निवेदकको रिभल्वर चोरीमा कुनै प्रकारको संलग्नता नरहेको र निवेदकबाट चोरी गरिएको भनिएकोमध्ये एउटा रिभल्वर अरू नै व्यक्तिबाट बरामद भई निजले आफूले चोरी गरेकोसमेत स्वीकार गरी निजउपर मुद्दासमेत चलेको र अर्को चोरी गरिएको भनिएको रिभल्वर पनि प्रहरी कार्यालयमा आम्दानी बाँधिएको देखिएको अवस्थामा रिभल्वर चोरीको अभियोगमा रिट निवेदकलाई ७ वर्ष कैद र एक वर्ष बराबरको तलब जरिवाना हुने सजाय गरेको जिल्ला प्रहरी विशेष अदालत, काठमाडौंको मिति २०४५।०५।२४ को फैसला तथा सो फैसलालाई सदर गर्ने गरेको मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालत, पाटनको मिति २०६९।११।११ को फैसलामा प्रत्यक्ष कानूनी त्रुटि रहेको देखिएको तथा उक्त फैसलाहरू गर्दा निवेदकलाई सुनुवाइको मौकासमेत दिएको नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्त एवम् स्वच्छ सुनुवाइको सिद्धान्तको समेत विपरीत भएको पुष्टि हुन आएकोले उल्लिखित फैसलाहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

माथि प्रकरणहरूमा उल्लेख भएबमोजिम यी रिट निवेदकउपर भएको अन्यायपूर्ण कामकारबाहीको सन्दर्भमा राज्यबाट क्षतिपूर्ति पाउने हकदार रहेको देखिएको छ । प्रहरी सेवामा रहँदाकै अवस्थामा गलत रूपमा गरिएको अनुसन्धान, अभियोजन एवम् न्याय सम्पादनको परिणाम स्वरूप रिट निवेदक कैदमा बस्नु परी प्रहरी सेवाको पदबाट समेत हटाइएको अवस्था छ । रिट निवेदकउपर भएको अन्यायपूर्ण कार्यको बदलामा कुनै पनि मौद्रिक क्षतिपूर्तिले भरिपूरण हुने अवस्था छैन, परन्तु क्षतिपूर्तिस्वरूप निजलाई उल्लिखित चोरीको अभियोगमा थुनामा राखिएको मितिदेखि निज अवकास हुने मितिसम्मको निजले कानूनबमोजिम प्रहरी सेवामा रहँदा प्राप्त हुने तलब, भत्ता र निवृत्तिभरणसमेतको सुविधा प्रदान गर्दा न्यायपूर्ण हुने देखिएकाले उपर्युक्तानुसार निजले प्राप्त गर्ने तलब, भत्ता र अन्य सुविधा प्रदान गरी निजले कानूनबमोजिम प्राप्त गर्ने निवृत्तिभरणको रकमसमेत यो आदेश प्राप्त भएको मितिले २ (दुई) महिनाभित्र निवेदकलाई उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः सन्देश श्रेष्ठ, कृति थापा

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल फागुन २३ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-०२५०, जग्गा खिचोला चलन, *मनोजकुमार साहसमेत वि. सितली देवी तेलीनसमेत*

२०३४ सालको दे.नं. ३५२८ को अंश मुद्दामा यी वादीका पति विन्देश्वर साहले मिति २०३४।११।११ मा कि.नं. २८१ ज.वि. ०-१३-८$^{1}/_{2}$ बाट ०-४-१५ र साबिक कि.नं. १४७७ गाउँ ब्लकको जग्गाबाट दक्षिणतर्फ ०-२-६ जग्गा पाउने गरी मिलापत्र भएको देखिन्छ । कि.नं.२८१ बाट अंशप्राप्त गरेको जग्गा कित्ताकाट भई कि.नं.४५५ ज.वि.०-४-१५ कायम भई

वादीहरूको हकभोगमा रहेको देखिन्छ । २०६५।९।४ मा भएको नक्सा मुचुल्कामा कि.नं.४५५ लाई न.नं. ८, ९ र १० मा देखिई सोमा विवाद देखिँदैन । न.नं.५ गाउँ ब्लकको भई ०-१-०.३५ मा वादीको भोगचलन रहेको देखिन्छ । न.नं.२, ३, ४ मा विवादित देखिई न.नं.२, ३ र ४ को क्षेत्रफल ०-२-३.५५ देखिन आएको पाइन्छ । वादीले २०३४।११।११ को अंश मुद्दामा मिलापत्र हुँदा गाउँ ब्लकको ज.वि.०-२-६ पाएको तथ्यमा विवाद छैन । मिलापत्रबमोजिमको जग्गा वादीले भोग गर्न पाउनु पर्ने कुरामा कुनै विवाद हुन सक्दैन । मिलापत्रले कि.नं.२८१ बाट ०-४-१५ र गाउँ ब्लकको ०-२-६ गरी जम्मा ०-७-१ जग्गामा निजको हक अधिकार सिर्जना भएपछि सो जग्गा पुगेन भनी खोजी गर्न पाउनु वैधानिक अपेक्षा नै हुनजान्छ । यस स्थितिमा न.नं. २,३ र ४ को ज.वि. ०-२-३.५५ पुरै खिचोला गरेको भन्न मिलेन । न.नं. ५ मा ज.वि. ०-१-०.३५ मा वादीले भोग गरेकोसम्म देखियो । गाउँ ब्लकको जग्गा निज वादीको हक भएको नपुग जग्गा न.नं.५ मा विवाद जनिई प्रतिवादीले अवरोध सिर्जना गरेको देखियो । विवादित न.नं.२,३,४ को ज.वि.०-२-३.५५ मध्ये दक्षिणतर्फको वादीको मिलापत्रबाट हक भएको नपुग ०-१-५.६५ जग्गासम्म प्रतिवादीले खिचोला गरेको देखिने ।

अतः उल्लिखित आधार कारणबाट विवादित न.नं.२, ३, ४ को ज.वि. ०-२-३.५५ मध्ये दक्षिणतर्फबाट वादीको मिलापत्रबाट हक भएको ०-१-५.६५ को जग्गामा मात्र प्रतिवादीहरूले खिचोला गरेको हुँदा सो बराबरको जग्गामा खिचोला मेटाई चलन चलाई पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।८।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल चैत ६ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-१४९९, लागु औषध (कोरेक्स), *नेपाल सरकार वि. एमुना लामासमेत*

प्रतिवादी एमुना लामाको हकमा विचार गर्दा प्रतिवादी एमुना लामाले लागु औषध कोरेक्सको कारोबार र बिक्री वितरण गरेकोले निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(झ) को दाबी लिई अभियोग दर्ता भएकोमा निजलाई दफा १४(१)(ज) बमोजिम लागु औषधको सेवनतर्फ मात्र सजाय भएको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी एमुना लामाबाट ६५ बोतल कोरेक्स बरामद भएको तथ्यमा विवाद छैन । प्रतिवादी एमुना लामाले अदालतमा बयान गर्दा आफू लागु पदार्थको दुर्व्यसनी रहेको स्वीकार गरी बयान गरेको देखिन्छ । यी प्रतिवादी एमुना लामा लागु औषध बिक्री गर्दागर्दैको अवस्थामा पक्राउ परेको पनि देखिँदैन । प्रतिवादी एमुना लामाकी साक्षी रमौली देवी सहनीले यी प्रतिवादीले २/३ वर्ष पहिलेदेखि कोरेक्स औषधीको रूपमा प्रयोग गर्दै आएको र खाने बानी परी उक्त लागु औषध ल्याएको हो भनी प्रतिवादीको अदालतको बयानलाई समर्थन हुने गरी बकपत्र गरेको पाइयो । बरामद भएको लागु औषध सञ्चय तथा बिक्री वितरणको लागि नै ल्याएको पुष्टि हुने कुनै आधार र प्रमाणसमेत मिसिल संलग्न रहेको देखिँदैन । लागु औषधको कारोबार गरेको होइन भनी एमुना लामाले अदालतमा बयान गरेको देखिने ।

प्रतिवादीमध्येका राजकुमार कोइरालाको हकमा विचार गर्दा निजले आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखिन्छ । निजबाट उक्त लागु औषध बरामद भएको अवस्था पनि छैन । सहअभियुक्त एमुना लामाले आफूसँग बरामद उक्त लागु औषधको सम्बन्धमा यी प्रतिवादीको कुनै संलग्नता छैन भनी अदालतमा बयान गरेको देखिन्छ । यी प्रतिवादीउपर लगाइएको अभियोग तथ्ययुक्त र वस्तुगत प्रमाणबाट

पुष्टि गर्ने भार वादी पक्षको रहेकोमा केवल मौकाको बयानको आधारमा मात्र लागु औषधको कसुरदार ठहऱ्याउन न्यायोचितसमेत देखिँदैन। निज लागु औषध दुर्व्यसनी हुन् भन्ने पनि मिसिल प्रमाणबाट देखिएको छैन। निजउपरको पोल स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्था छैन। तसर्थ, निजउपरको अभियोग दाबी पुष्टि हुन आएको नदेखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादी एमुना लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम २ महिना कैद र रू.२,०००।- जरिवाना हुने र प्रतिवादी राजकुमार कोइरालाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।९।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: केदारनाथ पौडेल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल माघ २३ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०३७७, ०७२-CR-१५२० र ०७२-CR-१५२१, कर्तव्य ज्यान, *सुजन शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. सुजन शाहीसमेत र नेपाल सरकार वि. अनिल महर्जन*

प्रतिवादी सुजन शाहीको आफू घटनास्थलमा उपस्थित मात्र रहेको, मृतकउपर छुरा प्रहार नगरेको भन्ने जिकिर भए पनि निजले मौकामा आफूले मृतकउपर छुरा प्रहार गरेको भनी अभियोग दाबीबमोजिमको कसुरलाई स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, रूजेन शाहीको शव परीक्षण गर्ने डा. हरिहर वस्तीले अदालतसमक्ष गरेको बकपत्र, घटना विवरण कागज गरिदिने राज शाहीसमेतले उल्लेख गरेको कागज बेहोरा, प्रतिवादी राजेन्द्र शाहीको अनुसन्धान अधिकृतसमक्षको बयानसमेतका कागजातहरूले पुष्टि एवम् समर्थन गरेको देखिन आयो। यसरी रूजेन शाहीको मृत्यु प्रतिवादी सुजन शाहीको कर्तव्यबाट भएको भन्ने तथ्य शङ्कारहित तवरले स्थापित हुन आएको देखिने।

प्रतिवादी सुजन शाहीउपर सोही वारदातमा दिपक शाही र राज शाहीउपर पनि ज्यान मार्ने मनसायले छुरा प्रहार गरी ज्यान मार्ने उद्योग गरेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को पनि दाबी भएको अवस्था छ। वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनमा पनि निजउपर ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम समेत सजाय हुनुपर्ने भन्ने जिकिर रहेको छ। यस सम्बन्धमा हेर्दा, मूलतः उक्त वारदातबाट घाइते भएका भनिएका दिपक शाही र राज शाहीउपर यिनै प्रतिवादी सुजन शाहीले छुरा प्रहार गरेको भन्ने कुरा वादी पक्षबाट वस्तुनिष्ठ रूपमा पुष्टि हुन सकेको पाइँदैन। उक्त वारदातमा यी प्रतिवादी आफैँ पनि घाइते भएको देखिएको र दिपक शाहीसमेत उपर लागेको चोट यिनै प्रतिवादी सुजन शाहीको प्रहारका कारण भएको हो भन्ने तथ्य स्थापित नभएको अवस्थामा सोतर्फ दाबी नपुग्ने ठहऱ्याएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखिने।

प्रतिवादी राजेन्द्र शाही र अनिल महर्जन घटनास्थलमा उपस्थित रहेको भन्ने कुरा निज प्रतिवादीहरू स्वयम्ले स्वीकार गरिरहेको भए पनि निजहरूले कुनै प्रकारको हतियार बोकेर हिँडेको तथा यो यस हतियारले मृतक अथवा घाइतेलाई प्रहार गरेको कुरा स्थापित हुने कागज प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको देखिँदैन। उल्लिखित अवस्थामा प्रतिवादी राजेन्द्र शाही र अनिल महर्जनउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. आकर्षित हुने

ठहऱ्याएको सुरू र पुनरावेदन अदालतको फैसलासमेत मनासिब देखिने।

तसर्थ, यी प्रतिवादी सुजन शाहीकै छुरा प्रहारबाट रूजेन शाहीको मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजबाट स्थापित भएकोले यी प्रतिवादी सुजन शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने तथा दिपक शाही र राज शाही यिनै प्रतिवादी सुजन शाहीको प्रहारका कारण घाइते भएको तथ्य ठोस प्रमाणबाट शङ्कारहित तवरले पुष्टि हुन नआएबाट निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने दाबी पुग्न नसक्ने र प्रतिवादी राजेन्द्र शाही र अनिल महर्जनउपर ज्यानसम्बन्धी महलको १५ नं.को दाबी पुग्न नसकी ऐ. महलको १७(३) नं. बमोजिम जनही एक वर्ष छ महिना कैद हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।०१।०८ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादी सुजन शाही र मृतकबिच मृतकलाई मार्न पर्नेसम्मको पूर्वरिसइवी, पूर्वयोजना तथा मनसाय भएको देखिँदैन । धार्मिक जात्रामा मूर्ति खटमा राखी परिक्रमा गराउँदै जाँदा प्रसाद बाँड्ने क्रममा उक्त वारदात घट्न गएको भन्ने देखिएको छ। सोही क्रममा मृतकसँग वादविवाद भई प्रतिवादीसमेतलाई कुटपिट भई निजको टाउकोसमेतमा चोट लागेको अवस्थामा आफूसँग रहेको सानो तरकारी काट्न प्रयोग हुने छुरीले गरेको प्रहारबाट मृतकको मृत्यु हुन गएको देखिएको छ। यसरी वारदात हुँदाका परिस्थिति, अवस्था, वरदातमा प्रयोग भएको हतियारलगायतका समग्र अवस्थालाई विचार गर्दा, ठहरेबमोजिम प्रतिवादी सुजन शाहीलाई सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादी सुजन शाहीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुनुपर्ने भनी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलामा व्यक्त भएको राय मनासिब देखिएकाले काठमाडौं जिल्ला अदालतबाट व्यक्त राय सदर हुने ठहर्छ। पुनरावेदन अदालत पाटनले सो राय सदर नहुने ठहऱ्याएको हदसम्मको फैसला मिलेको नदेखिँदा सो काठमाडौं जिल्ला अदालतको राय कायम हुने।

इजलास अधिकृत: कृति थापा

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल मङ्सिर ६ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-RC-००८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उदयकुमार बस्नेतसमेत*

प्रस्तुत मुद्दामा जाहेरवाला र प्रत्यक्षदर्शीले मौका र अदालतमा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने देखिन आयो। वारदात भएको प्रतिवादीको घरमा भाडा माझ्ने काम गरी बसेका र वारदातको दिन मृतकसँग सुतेकी फुच्ची भन्ने छम्मी मुर्मु सतारको अधिकारप्राप्त अधिकारीसमक्ष र निजले अदालतमा आई गरेको बकपत्र प्रस्तुत मुद्दामा महत्त्वपूर्ण प्रमाणको रूपमा रहेको देखिन्छ। वारदातको सुरूवातदेखि मृतकलाई कर्तव्य गरी मारिसकेपछि झुन्ड्याइएको देख्ने चश्मदिद् व्यक्ति रहेकी छिन् । निज चश्मदिद् प्रमाणले प्रतिवादीहरू उदयकुमार बस्नेत, निजकी कान्छी श्रीमती जमुना चौहान र रमेश बस्नेतले मृतकलाई कुटपिट गरेको बाँधछाँद गरेकोसमेतमा सम्पूर्ण देखेका तथ्यहरू स्पष्ट रूपमा खुलाइदिएको पाइने।

मृतकको शवपरीक्षण प्रतिवेदन (Autopsy Report) मा चोटपटकले अत्यधिक रक्तश्राव भएर (Shock) मृतकको मृत्यु भएको भन्ने उल्लेख छ । शवपरीक्षण गर्ने डा. इन्द्रनारायण मल्लिक र डा.पिताम्बर ठाकुरले मृतकको अत्यधिक रक्तश्राव भएर मृत्यु भएको हो, शरीरका विभिन्न अङ्गमा गम्भीर किसिमका चोटपटक रहेको, कुटपिटका कारण मृतकको मृत्यु भएको हो भनी अदालतमा बकपत्र गरेको देखियो। घटना विवरण कागज गर्ने पूर्णबहादुर कार्कीले जमुना चौहानलाई विवाह गर्न अधिकार दे भनी शारदालाई पतिले कुटपिट गरेको, निजको पिँडौलामा निल परेको देखिएको, प्रतिवादीहरूले शारदालाई हेलाहोचो गर्ने गरेका र प्रतिवादीहरूले मृतक शारदालाई कुटपिट गरी कर्तव्य गरी मारी झुन्डाएका हुन्

भनी स्पष्टरूपमा खुलाई बकपत्र गरेको देखिँदा शवपरीक्षण प्रतिवेदन, विशेषज्ञ डा.को भनाइहरू, जाहेरी बेहोरा तथा प्रत्यक्षदर्शीले यिनै प्रतिवादीहरूसमेतले शारादालाई कुटपिट गर्ने गरेका थिए भन्ने भनाइसँग मेलखाएको देखियो। प्रतिवादी उदयकुमार बस्नेतले प्रतिवादी कान्छी श्रीमती जमुना चौहानलाई विवाह गरी राखेको र मृतक जेठी श्रीमती शारदाले बहुविवाह मुद्दा दिन्छु भनी भनेको र सोही विषयको रिसइवीले मृतकलाई मार्नुपर्ने कारण सिर्जना हुन गएको भन्ने तथ्य खुल्न आएको।

अतः उल्लिखित अवस्थामा प्रतिवादीहरू कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत तथा जमुना चौहान (बस्नेत) समेत भई मृतकलाई कतर्व्य गरी मारेको पुष्टि हुन आएकाले निजहलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू फैसलालाई साधक सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासले मिति २०७४।११।२९ मा गरेको साधक फैसला सदर हुने ठहर्छ। सजायको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी प्रावधान रहेको सन्दर्भमा निजहरूलाई पनि सर्वस्व ठहर गर्नु कानूनसम्मत नहुने हुँदा प्रतिवादीहरू कुमार भन्ने उदयकुमार बस्नेत, रमेश बस्नेत र जमुना चौहान बस्नेतको हकमा ल.नं. ३४९२ मा कसेको लगतमा राखेको सर्वस्वको लगत कट्टा गर्नु भनी सुरू झापा जिल्ला अदालतमा लेखी पठाई दिनू।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल चैत १९ गते रोज ३ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-११२२, मानव बेचबिखन तथा ओसारपसार, *अकल तामाङ वि. नेपाल सरकार*

पीडितले अनुसन्धान अधिकारीसमक्ष गरेको (अदालतबाट प्रमाणित भएको) बयानमा भक्तपुर स्थित गलैंचा कारखानामा काम गर्दै आएकोमा वैदेशिक रोजगारीमा जाने भनी राहदानी बनाई बसेकी थिएँ। मेरो कोठा नजिकै बस्ने आकल तामाङसँग दुई महिना अगाडि चिनजान भई बोलचाल गर्ने क्रममा भारतको दिल्लीबाट जान सजिलो हुन्छ, एक रूपैयाँ पनि खर्च लाग्दैन, फ्री टिकट र भिसा हो, काम पनि राम्रो पाइन्छ, राम्रै कमाइ हुन्छ भनेकोले मेरो पासपोर्ट दिएको थिएँ। तिम्रो कुवेतको भिसा लागेको छ, भोलि मिति २०७३।२।१३ गते भारतको बाटो हुँदै कुवेत जानुपर्छ भनेकोले तयार भई बसेको थिएँ। उक्त दिन बिहान ११.०० बजे निजले मलाई भेटी जाउँ भनेकोले मिति २०७३।२।१३ गते बिहानै कोठाबाट निस्की लोकल गाडीमा कलंकीसम्म आई काठमाडौं दिल्ली चल्ने बसमा चढी नारायणगढ हुँदै जाने क्रममा सोही दिन २०.०० बजेको समयमा चितवनको नारायणगढ स्थित पुल्चोकमा आइपुगेपछि सानाहातहरू नेपालका प्रतिनिधि र प्रहरी कर्मचारीसमेतको टोलीले चेकजाँच गर्दा सो कुरा थाहा भई मेरो उद्धार गरी प्रतिवादीलाई सोही ठाउँबाट पक्राउ गरेको हो भन्नेसमेत बेहोरा लेखाएको पाइन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ बमोजिम अदालतबाट प्रमाणित भएको बयान देखिँदा निज पीडितले गरेको मौकाको बयान बेहोरा प्रमाण लाग्ने देखिन आयो। पीडितहरू प्रतिवादीको डर, त्रास, दबाब र अन्य प्रलोभनमा पर्न सक्ने भएको र पीडित एवम् साक्षीको संरक्षण सम्बन्धमा प्रभावकारी व्यवस्था हुन बाँकी रहेको वर्तमान सन्दर्भमा मौकैमा अदालतबाट पीडितलाई पढी बाची सुनाई पीडितले राजीखुसीसाथ बयान गरेको भनी प्रमाणित गरेको बयानमा उल्लेख भएको बेहोरालाई प्रमाणमा लिन मनासिब नै हुने।

पीडितले मौकामा गरेको र अदालतबाट प्रमाणित भएको बयान तथा प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती बयान खण्डित हुने गरी प्रमाण दिन वा गुजार्न सकेको देखिएन। निजले बयान गर्दा दिल्लीमा बस्ने कान्छी लामाले भा.रू.१० देखि १५ हजार दिन्छु

भनेको र निजले पीडितलाई कहाँ लाने भन्ने आफूलाई थाहा नभएको भनी बेहोरा लेखाएको देखिन्छ । दिल्ली जान कुवेत पठाउन पीडितबाट कुनै रकम लिएको भन्ने खुल्न आएको छैन । दिल्लीमा बस्ने कान्छी लामाले १० देखि १५ हजार भारतीय रूपैयाँ दिनुपर्ने अन्य कुनै कारण खुलाउन सकेको देखिँदैन । समग्र घटनाक्रम परिस्थितितर्फ विचार गर्दा प्रतिवादीले अदालतसमक्ष बयान गर्दा लिएको निर्दोषिताको जिकिर विश्वासनीय नदेखिने ।

अत: सुरू चितवन जिल्ला अदालतले मानव बेचबिखन तथा ओसारपसार गरेको ठहऱ्याई गरेको फैसला केही उल्टी गरी पीडितले पीडकबाट क्षतिपूर्तिसमेत पाउने ठहऱ्याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।८।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-WO-०९४४, उत्प्रेषण, परमादेश, *टंकप्रसाद सिटौला वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

निवेदक २०५२।१२।२८ मा मा.वि. चतुर्थ (हाल मा.वि. तृतीय श्रेणीसरह) पदमा अस्थायी नियुक्त भई कार्यरत रहेकोमा जिल्ला शिक्षा कार्यालय, मोरङको मिति २०५३।५।४ को निर्णयबाट नि.मा.वि. द्वितीय श्रेणीको शिक्षक पदमा सरूवा भई अविच्छिन्न रूपमा कार्यरत रहेको र निजको तलब भत्ता एवम् सेवा सुविधा समान रहेको देखियो । मिति २०६०।१२।३० मा माध्यमिक शिक्षक तृतीय श्रेणीमा स्थायी नियुक्त भई निज अविच्छिन्न रूपमा कार्यरत रहेको कुरामा विवाद देखिँदैन । शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नं. ५।०७१-७२ को माध्यमिक शिक्षक द्वितीय श्रेणी पद-६ को लागि भएको विज्ञापनमा उम्मेदवारी दिई आयोगको मिति २०७२।७।२० को सूचनाबमोजिम क्र.स.३ मा ८९.०८२ अङ्क प्राप्त गरेको भनी बढुवा नतिजा प्रकाशित भएको देखिन्छ । पछि नतिजा पुनरावलोकन हुँदा निजको अस्थायी सेवा गणना नभएका कारण मिति २०७३।१।१० मा प्रकाशित सूचनामा निजको नाम बढुवा सूचीबाट हटेको देखिएको छ । नतिजा पुनरावलोकन हुँदा नाम हटाउन पर्नाको कारणबारे शिक्षक सेवा आयोगको च.नं.२४२८ मिति २०७३।१।१२ को पत्रबाट निवेदकको अङ्क अन्य उम्मेदवारको भन्दा कम भएकोले अस्थायी सेवा सम्बन्धमा बाल मा.वि. बयरवनको मिति २०७२।८।१६ च.नं. ०९, राधिका मा.वि. उर्लावारीको मिति २०७२।८।१० र जि.शि.का. मोरङको मिति २०६०।५।२२ च.नं. ५७० का पत्रहरूअनुसार निम्न माध्यमिक द्वितीय श्रेणीमा अस्थायी सेवा गरेको देखिएकोले सो सेवा अवधि गणना नगरिएको भन्ने कारण उल्लेख गरेको पाइयो । सो सेवा अवधि गणना गरेको भए निजको बढुवा कायम रहने तथ्य विपक्षीहरूले स्वीकार गरेको देखिने ।

जिल्ला शिक्षा कार्यालयकै निर्णयबाट निवेदकको माध्यमिक तृतीय श्रेणीबाट निम्न माध्यमिक द्वितीय श्रेणीमा सरूवा गरिएको पाइयो । निवेदकले सरूवा हुन पाउँ भनी माग गरेको भन्ने पनि देखिँदैन । संस्थागत आवश्यकता र निर्णयका आधारमा खटाएको ठाउँमा निवेदक सेवा गर्न गएको भन्ने देखिन्छ । विपक्षी कार्यालयको निर्णयको पालना गरी सेवा गर्न गएको शिक्षकलाई आफ्नो स्वार्थ पूरा गर्न गएको र सरूवालाई सहर्ष स्वीकार गरेकोले हाल आएर बढुवाको लागि नम्बर गणनाको दाबी गर्न मिल्ने होइन भन्ने विपक्षीको लिखित जवाफ जायज देखिँदैन । निजले अविच्छिन्न रूपमा गरेको सेवा अवधिलाई गणना नगर्नु र स्तरवृद्धिको लागि अङ्क गणना नगरी बढुवाको अवसरबाट वञ्चित गर्नु न्यायोचित नहुने ।

निवेदक पूर्णलाल ताजपुरिया विपक्षी शिक्षक सेवा आयोगसमेत भएको ०७२-WO-१००९ को रिट निवेदनका सन्दर्भमा विपक्षी शिक्षक सेवा आयोगको मिति २०७३।१।९ को विवादित निर्णय यस अदालतको मिति २०७४।१।५ को आदेशले बदर भएको देखिन्छ । तर सो निर्णयअनुसार विपक्षी शिक्षक सेवा आयोगबाट पुनः मूल्याङ्कन गरी निर्णय गरेको देखिन आएन । केवल पूर्णलाल ताजपुरियाको हकमा सम्म बढुवा दिने गरी खण्डे निर्णय गरेको

पाइयो । यसलाई कानूनबमोजिम उचित तवरबाट गरिएको कारबाही भनी मान्न नमिल्ने ।

अतः निवेदक टंकप्रसाद सिटौलालाई बढुवा सूचीमा समावेश नगर्ने गरी पुनरावलोकन गरिएको मिति २०७३।१।९ को शिक्षक सेवा आयोगको निर्णय तथा मिति २०७३।१।१० को सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निज टंकप्रसाद सिटौलालाई विपक्षी डम्बरबहादुर कार्कीसमेतका शिक्षकहरूको बढुवा भएअनुसारकै मितिबाट जेष्ठता कायम हुने गरी माध्यमिक शिक्षक द्वितीय श्रेणीको पदमा बढुवा दिनु दिलाउनु भनी परमादेश जारी हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** ०७०-CI-१२९६, सार्वजनिक पोखरीको जग्गा खिचोला छोडाई घर भत्काई पाऊँ, *छठु साह तेलीसमेत वि. राजुल सहनी*

भेडिहारी गा.वि.स.को कार्यालय, पर्साको मिति २०६४।५।११ को निर्णयानुसार विवादित पोखरीको जग्गा प्रतिवादी क्लबलाई दिने निर्णय भएको देखिन्छ । विवादित जग्गा प्रतिवादी युवा क्लबलाई दिँदा उल्लिखित कानूनी व्यवस्थाबमोजिम नेपाल सरकारको स्वीकृति लिइएको भन्ने कुरा गा.वि.स. को उक्त निर्णयमा उल्लेख भएको देखिँदैन । विवादित पोखरीको स्वरूप नै परिवर्तन गरी स्थायी संरचना निर्माण गरिएको अवस्थामा पोखरीको अस्तित्त्व नै लोप हुन गई पोखरीमा आश्रित मानव जनजीवन, जलचर, पशुपन्छीहरूको जीवनचर्यासमेत प्रभावित हुन गई सार्वजनिक न्यास सिद्धान्त (Public trust doctrine) को समेत विपरीत हुन जाने देखिन्छ । सार्वजनिक सम्पत्तिहरू सार्वजनिक नै रहन सकून, कसैको कब्जामा नजाओस् भन्ने उद्देश्यअनुसार राज्यको गहनाको रूपमा रहेका सार्वजनिक सम्पत्तिमाथि स्थानीय निकायले आवश्यक संरक्षण, रेखदेख, मर्मत सम्भार गरी सार्वजनिक उपयोगलाई निरन्तरता दिनुपर्नेमा सोको विपरीत विवादित सार्वजनिक पोखरीको कि.नं. ११३ को क्षेत्रफल ०-०-१० जग्गा प्रतिवादी ब्रिलेन्ट युवा क्लबलाई दिने गरी भेडिहारी गा.वि.स. बाट मिति २०६४।५।११ मा भएको निर्णय तथा सो निर्णयका आधारमा उक्त सार्वजनिक पोखरीमा बनाइएको भवनसमेत कानूनसम्मत नदेखिने ।

अतः विवादित जग्गा सार्वजनिक पोखरीको जग्गा भएकोमा विवाद नभएको, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६८(२) बमोजिम यस्तो पोखरीको हकभोग गा.वि.स.ले छोड्न नेपाल सरकारको स्वीकृति रहेको नदेखिएको, विवादित भवन निर्माणबाट पोखरीको स्वरूपै परिवर्तन हुने गरी स्थायी संरचनाको निर्माण भएको देखिएको अवस्थामा सार्वजनिक पोखरीमा भएको खिचोला मेटाई घर भत्काई चलनसमेत चलाई पाउँ भनी वादीले लिएको फिराद दाबी नपुग्ने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६८।११।२९ मा भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम विवादित कि.नं.११३ को सार्वजनिक पोखरीको जग्गामा प्रतिवादीले बनाएको घर भत्काई जग्गा सार्वजनिक कायम हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।९।२२ मा भएको फैसला कानूनसम्मत् देखिँदा सदर हुने ।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार १८ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०४६२, उत्प्रेषण / परमादेश, *सन्तोष ढकाल वि. खाद्य प्रविधि तथा नियन्त्रण विभाग, बबरमहल, काठमाडौंसमेत*

निवेदक २०६८ सालमा फुलब्राइट छात्रवृत्तिअन्तर्गत Food Science and Technology विषयमा स्नातकोत्तर (MS) तहको दुई वर्षे शैक्षिक कार्यक्रम निम्ति The Ohio State University गएको र सो अध्ययन पूरा गर्न मिति २०७०।४।१९ सम्म बिदा स्वीकृत

गरिएको भन्ने देखिन्छ । उक्त तहको अध्ययनको क्रममा नै सन् २०१३ मा Food Science and Technology विषयमा नै विद्यावारिधि (PhD) को तीन वर्ष कार्यक्रममा रूपान्तरण गर्ने प्रस्ताव र पूर्ण छात्रवृत्तिको समेत व्यवस्था गरिएकोबाट निवेदकले मिति २०७०।४।२० बाट लागु हुने गरी तीन वर्षको असाधारण बिदामाग गरी मिति २०७०।४।२६ मा निवेदन दिएकोमा तत्काल प्रचलित कानूनी व्यवस्थाअनुसार ६० दिनभित्र निर्णय गर्नुपर्नेमा नगरी २०७०।७।२१ मा मात्र बिदा अस्वीकृत गरियो भन्ने निवेदकको जिकिर देखिने ।

निवेदकको बिदा कानूनन् स्वीकृत मानिएको र निज अध्ययनको सिलसिलामा अमेरिकामा रहेको अवस्थामा निवेदकलाई लगातार ९० दिनभन्दा बढी बिदा स्वीकृत नगराई सेवाबाट अनुपस्थित रहेको भनी निजामती सेवा ऐन, २०४९ को दफा ६१ (१)(छ) को कसुरमा सोही ऐनको दफा ५९ (ख)(१) बमोजिम सेवाबाट हटाउने गरी मिति २०७२।३।१० मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएको पाइयो । सो पूर्वनिवेदकले आफ्नो कुरा भन्ने मौका पाएको देखिएन । अमेरिकामा अध्ययनरत निवेदकको हकमा नेपालमा पत्राचार गरिएको वा सूचना प्रकाशित गरिएको भन्ने आधारमा सफाइको मौका दिएको रहेछ भनी मान्न मिलेन । मुख्य कुरा जुन कसुरमा निवेदकउपर विभागीय कारबाही गरी सेवाबाट हटाइएको छ । सो अवस्था नै विद्यमान रहे भएको नपाइँदा प्रथमदृष्टिमा नै सो निर्णय त्रुटिपूर्ण देखिन आयो । तसर्थ सफाइको मौका दिइयो वा दिइएन भन्ने कुराले कुनै सार्थक महत्त्व पाउने पनि देखिएन । यस्तो अवस्थामा सेवाबाट हटाउने निर्णय प्रशासकीय अदालतबाट सदर भएको भन्ने मात्र कारणले कानूनविपरीतको निर्णयले मान्यता नपाउने हुँदा प्रशासकीय अदालतको २०७३।३।३० को फैसला कायम रहन सक्ने नदेखिने ।

निवेदक फुलब्राइट छात्रवृत्ति जस्तो विश्वस्तरीय प्रतियोगितामा छनौट भई स्नातकोत्तर तहको अध्ययनको निम्ति गएको र सोही क्रममा केही अवधि बिदा थप गरी Food Science and Technology विषयमा निजले विद्यावारिधि गरेको भन्ने देखियो । देशभित्र हुने प्रतियोगिता र अन्तर्राष्ट्रियस्तरको छनौटसमेतबाट अध्ययनको निम्ति योग्य देखी निवेदकलाई छात्रवृत्ति प्रदान गरिएको र अध्ययनको विषय निवेदकको व्यावसायिक कार्यसँग जोडिएकोसमेत हुँदा अध्ययनपश्चात् निज कार्यरत विभाग र निजामती सेवालाई एक उच्चस्तरीय जनशक्ति प्राप्त हुने निश्चित छ । यस्तो जनशक्तिबाट प्रकारान्तरले राष्ट्रले नै फाइदा पाउने हुन्छ । आफ्नो देशले एक रूपैयाँ लगानी गर्नु नपर्ने उच्चस्तरको अध्ययनको अवसर निवेदकले पाएको हुँदा यो सम्पूर्ण देशले नै गर्वको महसुस गर्नुपर्ने विषय हुने ।

निजामती सेवालाई गुणस्तरीय बनाउन सेवामा योग्य व्यक्तिलाई आकर्षित गर्ने, प्रवेश गरिसकेका कर्मचारीलाई योग्यता तथा सीप विकासका अवसरहरू प्रदान गरी थप योग्य बनाउने र योग्य व्यक्तिहरूलाई वृत्ति विकासका अवसर प्रदान गरिनु वाञ्छनीय हुन्छ । यसो गर्न नसके निजामती सेवामा ऊर्जा र आशा कायम रहन सक्दैन । यहाँ यी कुनै कुराहरूतर्फ निर्णयकर्ताहरूले विचार गरेको देखिएन । कानूनी बिदा स्वीकृत भई छात्रवृत्ति पाई अध्ययनमा गएको कुरालाई कारबाहीको विषय बनाइनु कुनै हिसाबबाट पनि उचित देखिँदैन । यस्तो कार्यले निजामती सेवालाई अवनतितर्फ धकेल्छ । निवेदकले बिदा मागेको छ भने फर्की आएपछि कति वर्ष अनिवार्य सेवा गर्नुपर्ने हो सो बारेमा बिदा स्वीकृत हुनुअघि सोच्न र आवश्यक परे कबुलियत गराउन सकिन्छ । सो केही नगरी माग भएको बिदाबारे समयभित्र निर्णय नगर्ने र कर्मचारी अध्ययनको निम्ति विदेशमा रहेको समयमा सरकारले आफ्नो अभिभावकीय भूमिकालाई बिर्सेर कारबाही गर्नुलाई कुनै दृष्टिबाट पनि औचित्यपूर्ण मान्न नसकिने ।

अतः माथि उल्लिखित आधार र कारणहरूबाट निवेदकलाई खाद्य अनुसन्धान अधिकृतको पदबाट भविष्यमा सरकारी सेवाको निम्ति सामान्यतः अयोग्य नठहरिने गरी हटाउने नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७२।३।१० मा भएको निर्णयर सो निर्णय सदर गर्ने गरी प्रशासकीय अदालतबाट भएको मिति २०७३।३।३० को निर्णय त्रुटिपूर्ण देखिँदा उक्त निर्णय र सेवाबाट हटाउन गरिएका पत्राचारहरूसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकलाई निज अध्ययनमा जानुपूर्व

कार्यरत रहेको तह र पदमा पुनर्वहाली गरी काममा लगाउनु र निजले कानूनबमोजिम पाउने तलब भत्ता सुविधासमेत दिनू भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : मनकुमारी जि.एम.वि.क.

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-MS-००१९, अदालतको अवहेलना, *साझा प्रकाशन सहकारी संस्था लिमिटेड पुल्चोकका अध्यक्ष तथा महाप्रबन्धक ममता झा वि. माननीय कृषि तथा सहकारी मन्त्री नन्दनकुमार दत्त, कृषि तथा सहकारी मन्त्रालय, सिंहदरबार काठमाडौं*

निवेदकले आफ्नो निवेदन जिकिरमा प्रत्यर्थीहरूले अदालतको अन्तरिम आदेशलाई विपक्षीहरूले पालना नगरी अदालतको अवहेलना गरेको भन्ने दाबी लिएको सम्बन्धमा मिसिल संलग्न प्रमाण मिसिलहरू हेर्दा निवेदकले दायर गरेको ०६८-WO-०२५९, ०६८-WO-०३२६ तथा ०६८-WO-०६२९ तीनवटै रिट निवेदनहरूमा यस अदालतबाट अन्तरिम आदेश जारी भई मुद्दा कारबाही चालू रहेको अवस्थामा निवेदकले तारेख गुजारी थाम्ने थमाउने म्यादसमेत बाँकी नरहेकोले यस अदालतबाट मिति २०७१।७।१७ मा ती सबै उल्लिखित रिट निवेदनहरू तामेलीमा रही मुद्दा अन्तिम भइसकेको देखिने।

निवेदकले उल्लिखित रिट निवेदनहरूमा अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् ती सबै अन्तरिम आदेशको औचित्य नै समाप्त हुने गरी निवेदकले तारेख गुजारी विवादित विषय नै अस्तित्वहीन भइसकेको अवस्था देखिँदा अब उक्त अन्तरिम आदेशलाई प्रत्यर्थीहरूले अवज्ञा गरे नगरेको भन्नेतर्फ थप विचार गरिरहनुपर्ने अवस्था नै रहेन । अन्तरिम आदेश पालना नभएको नगरेको भन्ने आधार लिई दायर गरेको प्रस्तुत मुद्दाको औचित्य नरहेको हुँदा निवेदकको प्रत्यर्थीहरूले अदालतको अवहेलना गरेको भन्ने मागदाबी पुग्न नसक्ने।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल चैत २१ गते रोज शुभम् ।

- यसै लगाउको ०६८-MS-००२४, अदालतको अवहेलना, *साझा सहकारी संस्था लि. को तर्फबाट अख्तियार प्राप्त गरी आफ्नो हकमा समेत साझा प्रकाशन सहकारी संस्था लिमिटेड पुल्चोकका अध्यक्ष तथा महाप्रबन्धक ममता झा वि. माननीय कृषि तथा सहकारी मन्त्री नन्दनकुमार दत्त, कृषि तथा सहकारी मन्त्रालय, सिंहदरबार काठमाडौं वि. सुधा त्रिपाठी* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-CI-०७५३, १२०६, ०७०-CI-०२८३, अंश दपोट, *श्रीमती खखरी कुमारी देवी पण्डित वि. सुरज पण्डित कुमहार, सुरज पण्डित कुमहार वि. श्रीमती मजा देवीसमेत, विश्वराज पण्डित कुमहार वि. सुरज पण्डित कुमहार*

विवादित जग्गाहरू अंश मुद्दामा फिराद पर्नुअघि नै विन्देश्वरकी पत्नी यी प्रतिवादी खखरी कुमारी देवीका नाममा राजीनामाबाट आएको देखियो । सो कुरालाई खखरी कुमारी देवीले इन्कार गर्न सकेको देखिएन । आफ्नो नाममा रहेकामध्ये केही जग्गा पतिले विदेश गई पठाएको रकमबाट खरिद गरेको, केही रिझगुणबाट बकस प्राप्त भएका हुन् भनी खखरी कुमारी देवीले जिकिर लिएको भए तापनि कुनै वस्तुनिष्ठ प्रमाणबाट त्यसलाई पुष्टि गर्नसकेको देखिँदैन । यस अर्थमा खखरी कुमारी देवीको नाउँमा रहेका जग्गाहरूसमेत बन्डा लाग्ने सम्पत्ति हुँदा त्यसबाट समेत आफूले बन्डा पाउनुपर्ने भन्ने हदसम्म वादीको दाबीलाई इन्कार गर्न मिल्ने नदेखिने।

खखरी कुमारी देवी पण्डितका नाममा रहेका विवादित जग्गाहरू यसै अदालतमा परेको सा.दे.नं. २४९४ को अंश मुद्दामा तायदाती दिँदा नदेखाएकोले अंश दपोट ठहर गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन

जिकिरतर्फ हेर्दा वादी सुरज पण्डित कुमहार र विपक्षी विश्वराज पण्डितसमेत भई चलेको सा.दे.नं. २४९४ नं. को अंश मुद्दामा खखरी कुमारी देवीलाई प्रतिवादी बनाएको देखिँदैन । मुलुकी ऐन, अंशबन्डाको महलको २७ नं. ले दबाए छपाएको छैन भनी कागज गरिसकेपछि दबाए छपाएको ठहर्‍यो भने त्यो धनमाल दबाउनेले पाउँदैन भन्ने कानूनी व्यवस्था गरेको छ । उक्त कानूनी व्यवस्थाको तात्पर्य अंशबन्डा गर्दा अंश लाग्ने सबै सम्पत्ति अंशियारहरू सबैका सामु प्रस्तुत हुन सकोस्, कसैले नदबाओस, नछुपाओस् यदि कसैले दबाउँछ, छुपाउँछ भने दण्ड स्वरूप त्यो सम्पत्तिबाट आफ्नो भाग गुमाउँछ भन्ने नै हो । पारिवारिक व्यवहारमा शुद्धता र पारदर्शीता कायम गर्न तथा छलकपट गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न विधिकर्ताले सो प्रावधान ल्याएको देखिने ।

वादीले अंश मुद्दामा खखरी कुमारी देवीलाई प्रतिवादी नै नबनाएको हुँदा निज खखरी कुमारी देवीले आफ्नो नाउँमा रहेको सम्पत्ति दबाए छुपाएको भन्न मिल्ने देखिएन । अंश मुद्दाका प्रतिवादी यी खखरी देवीका ससुरा विश्वराज पण्डित कुमहारले तायदाती दिँदा खखरी कुमारी देवीका नाममा रहेका जग्गाहरूको विवरण तायदातीमा उल्लेख नगरेकै आधारमा खखरी कुमारी देवीले जग्गा दपोट गरेको हो भनी मान्न नमिल्ने हुँदा प्रत्यर्थी विश्वराज पण्डित कुमहार वा अन्य अंशियारले खखरी कुमारी देवीको नाममा रहेको सगोलको सम्पत्ति भाग शान्ति नपाउने भन्न मिल्दैन । सो विषयमा सुरज पण्डितको पुनरावेदन जिकिर रहेको पनि नदेखिने ।

यसर्थ माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदन अदालत राजविराजबाट प्रतिवादी खखरी कुमारी देवीका नाम दर्ताका कि.नं. ४६६, ४६८, ४४८ र १०४१ का जग्गाहरूबाट वादीले २ खण्डको १ खण्डबाट २ खण्डको १ खण्ड बन्डा पाउने र उक्त जग्गाहरू एकलौटी रूपमा आफ्नो नाममा दर्ता हुनुपर्ने भन्ने वादी दाबी नपुग्ने गरी भएको मिति २०६८।१०।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-WO-०६१९, उत्प्रेषण / परमादेश, *राजेन्द्र पौडेल वि. रमेश पौडेलसमेत*

विपक्षी अनन्तलिङ्गेश्वर नगरपालिका भक्तपुरको च.नं. ७१९ मिति २०७३।०९।०३ को विवादित पत्र हेर्दा विपक्षी रमेश पौडेलको नाममा रहेको कि.नं. ५८२ को जग्गातर्फ बनेको घर खाली गराइदिनु भनी यी निवेदकलाई जानकारी गराइएको देखिन्छ । सो कि.नं. ५८२ को सिमानामा निवेदकको कि.नं. ५६८ को जग्गा रहेको भन्ने निवेदकले रिट निवेदनमा उल्लेख गरेको पाइन्छ । यसैगरी कि.नं. ५६८ को जग्गा यी निवेदकको नाममा भएको र कि.नं. ५८२ को जग्गामा बनेको घर विपक्षी रमेश पौडेलको नाममा रहेको भन्ने मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट देखिन्छ । यही जग्गाको विषयमा यही प्रकृतिको विवाद लिएर यी निवेदकले भक्तपुर जिल्ला अदालतमा निषेधाज्ञाको निवेदन दिएकोमा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी नभई मिति २०७३।०८।०२ मा खारेज भएको देखियो । उक्त फैसलामा चित्त नबुझेमा पुनरावेदनमा जानुपर्नेमा सो गएको भन्ने देखिएन । साथै यसरी निषेधाज्ञाको निवेदन दिई खारेज भएको कुरा रिट निवेदनमा उल्लेख भएको पाइएन । मुख्य कुरा विवादित कि.नं. ५८२ को जग्गा रमेश पौडेलको नाउँमा जग्गाधनी प्रमाण पुर्जा रहेको देखिँदा सो घर जग्गामा यी निवेदकको निर्विवाद हक रहेछ भन्न सकिने अवस्था देखिएन । रिटको आदेश निर्विवाद हक हनन भएको अवस्थामा जारी हुने हो । रिटबाट हक स्थापित नहुने ।

अत: उल्लिखित कारणबाट विवादित घर जग्गामा निवेदकको निर्विवाद हक रहेको भन्ने नदेखिएको र निषेधाज्ञाको निवेदन खारेज भएको अवस्थासमेत देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-WH-०१८४, बन्दीप्रत्यक्षीकरण, *शोभराज बराल वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

नेपालको संविधानले नागरिकलाई आफ्नो राजनीतिक आस्था र विचारधारा शान्तिपूर्ण रूपमा व्यक्त र प्रदर्शन गर्ने स्वतन्त्रता प्रदान गरेको छ भने अर्कोतर्फ यस्तो स्वतन्त्रता प्रयोग गर्दा अरू कसैको पनि स्वतन्त्रता, आस्था एवम् जिउ ज्यान र सम्पत्तिमा कुनै प्रकारले अहित नहुने गरी गर्नुपर्छ भन्ने नागरिकको कर्तव्य पनि तोकेकोले सबैले त्यसतर्फ पनि ध्यान पुऱ्याउनु पर्ने नै हुन्छ। यी निवेदकको क्रियाकलाप राजनीतिक आस्था र विचारधारासँग सम्बन्धित रहेको भन्ने निवेदन र लिखित जवाफसमेतबाट देखिने।

निवेदक आबद्ध रहेको भनिएको राजनीतिक समूह नेपाल सरकार वा संवैधानिक संरचना पल्टाउने नियतले सैनिक, अर्धसैनिक दस्ताको निर्माण गरी विकास निर्माणका महत्त्वपूर्ण संरचनाहरूलगायत सार्वजनिक एवम् व्यक्तिगत सम्पत्ति नोक्सान गर्ने, जबरजस्ती चन्दा असुल गर्ने, हातहतियार लिई समाजमा डर त्रास फैलाउने जस्ता आपराधिक समूह बनाई संगठित रूपमा त्यस्तो क्रियाकलाप गरिरहेको परिप्रेक्ष्यमा निवेदकबाट प्रेसर कुकर बम थान-१, सोमा प्रयोग हुने फ्युज तार, ब्याट्री, ल्यापटप, मोबाइल, ने.क.पा. (नेत्र विक्रम चन्द) विप्लब पार्टी सम्बद्ध दस्ताबेजलगायतका सामानहरूसमेत फेला परेकोले बरामद गरी निजलाई पक्राउ गरिएको भन्ने लिखित जवाफबाट देखिने।

कुनै पनि कारण देखाई सार्वजनिक वा निजी सम्पत्ति नोक्सान गर्नु, कब्जा गर्नु, नागरिकमा डर त्रासको वातावरण सिर्जना गर्नु, शान्ति सुरक्षामा खलल पुऱ्याउने कानून बर्जित कुनै पनि कार्य कानूनको दृष्टिमा क्षम्य हुन सक्दैन। कानूनी शासनको मूल मर्म र उद्देश्य भनेको त्यही हो। व्यक्तिको व्यक्तिगत स्वतन्त्रता उसका लागि अपरिहार्य हुन्छ र यो महत्त्वपूर्ण पनि हुन्छ । तर ऐन, कानूनको बर्खिलाप हुने गरी अरूको स्वतन्त्रतामा आघात र आँच पुऱ्याउने गरी यसको उपयोग र उपभोगलाई कानूनले निर्धारण गरेको परिधि र सीमाभित्र राख्ने कर्तव्य स्वयम् नागरिकको पनि हुने।

प्रस्तुत मिसिलको सन्दर्भमा हेर्ने हो भने निवेदकलाई विष्फोटक पदार्थ कसुर मुद्दामा पक्राउ गरी अनुसन्धान गर्ने सिलसिलामा मिति २०७६।१।२५ मा जरूरी पक्राउपुर्जी दिएको देखिन्छ । कानूनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउने भन्ने कुरा कानूनी राज्यमा शोभनीय मानिँदैन। राज्यले नागरिकका वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउँदा सारवान् कानून र कार्यविधि कानूनले निर्दिष्ट गरेको व्यवस्थाको परिपालना गर्नु अनिवार्य हुने।

निवेदक भरत बमलाई विष्फोटक पदार्थ मुद्दामा मिति २०७६।१।२५ गते पक्राउ गरी सोही मितिदेखि लागु हुने गरी पहिलो पटक दिन ७(सात) र मिति २०७६।२।१ गतेदेखि लागु हुने गरी दोस्रो पटक दिन ७ (सात) अनुसन्धानका लागि हिरासतमा राख्न मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४ बमोजिम जिल्ला अदालत, बाँकेबाट अनुमति प्रदान भई अनुसन्धानको लागि थुनामा राखिएको भन्ने देखिन्छ । लिखित जवाफबाट भरत बमको सँगसाथबाट प्रेसर कुकर बम, त्यसमा प्रयोग हुने फ्युज तार, ब्याट्रीलगायतका सामानहरू बरामद भएको र विस्फोटक पदार्थ शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत अनुसन्धानको लागि अदालतबाट म्याद थप लिई हिरासतमा लिइएका निवेदक भरत बमको हिरासतले आफ्नो रूपलाई परिवर्तन गरी न्यायिक हिरासतमा रूपान्तरण भएको भन्ने पनि देखिन्छ । त्यसकारण विपक्षीबाट भएको कार्य कानूनले निर्धारण गरेको न्यायिक मार्गमा अग्रसर भई अगाडि बढी रहेको यस्तो अवस्थामा विना आधार निवेदकको निवेदन मागबमोजिम हस्तक्षेप गरी अनुसन्धानको निरन्तरतालाई अवरोध पुऱ्याउने कार्य कानूनको रोहमा मनासिब हुने नदेखिने।

अत: उपर्युक्तानुसार उल्लेख भएको आधार

एवम् कारणसमेतबाट निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्नेसम्मको अवस्था प्रस्तुत मिसिलको सन्दर्भमा विद्यमान रहेको देखिएन। तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल जेठ ९ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७५-WH-०१४७, बन्दीप्रत्यक्षीकरण, *गुञ्जमान विष्ट वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकको क्रियाकलाप राजनीतिक आस्था र विचारधारासँग सम्बन्धित रहेको भन्ने निवेदन र लिखित जवाफबाट देखिन्छ। यी निवेदक आवद्ध रहेको भनिएको राजनीतिक समूह नेपाल सरकार वा संवैधानिक संरचना पल्टाउने नियतले सैनिक अर्धसैनिक दस्ताको निर्माण गरी विकास निर्माणका महत्त्वपूर्ण संरचनाहरूलगायत सार्वजनिक एवम् व्यक्तगत सम्पत्ति नोक्सान गर्ने, जबरजस्ती चन्दा असुल गर्ने, हातहतियार लिई समाजमा डर त्रास दिने जस्ता आपराधिक समूह बनाई संगठित रूपमा त्यस्तो क्रियाकलाप गरिरहेको सूचना प्राप्त भएको भन्ने लिखित जवाफबाट देखिन्छ। उपर्युक्त क्रियाकलाप कुनै पनि दृष्टिकोणबाट संविधानको मर्म, उद्देश्य र भावनाअनुकूल छैन। प्रचलित कानूनको अधीनमा रही कुनै पनि घटना र क्रियाकलापमा भएको संलग्नताका आधारमा कसुरको मात्राअनुसार कारबाही र सजाय हुनुपर्ने विषयमा कुनै विवाद हुन सक्दैन। कानूनी राज्यको अवधारणा र मान्यता पनि त्यही हो। कुनै पनि कारण देखाई सार्वजनिक वा निजी सम्पत्ति नोक्सान गर्नु, कब्जा गर्नु, नागरिकमा डर त्रासको वातावरण सिर्जना गर्नु, शान्ति सुरक्षामा खलल पुऱ्याउनुलाई कानूनको दृष्टिमा अक्षम्य अपराधको रूपमा लिइन्छ। त्यस्तो कार्यमा संलग्न हुनेले कानूनबमोजिम दण्ड सजाय भोग्नु पर्ने। निवेदकलाई राज्य विरूद्धको कसुरको अनुसन्धानको सिलसिलामा मिति २०७५।१२।१६ मा जरूरी पक्राउपुर्जी दिएको देखिन्छ। अनुसन्धानको लागि म्याद थप दिँदाको अवस्थामा बरामद भई आएको दशीका सामानहरूका आधारमा म्याद थप गरिए तापनि लिखित जवाफमा उल्लेख भएजस्तो मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद- १ दफा ५०(१) बमोजिमको कसुर देखाई म्याद थपको लागि आधार र कारण उल्लेख गरेको पाइएन। पक्राउ गर्दा देखाइएका कारण र आधार एवम् तत्पश्चात्का कामकारबाहीमा तादाम्यता तथा एकरूपता कायम हुनु आवश्यक हुन्छ। लिखित जवाफमा उल्लेख भएका क्रियाकलापहरूमा यी निवेदकको प्रत्यक्ष वा परोक्ष संलग्नताको प्रमाण देखाई म्याद थप माग भएको देखिँदैन। कानूनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउनु कानूनी राज्यमा शोभनीय कार्य मानिँदैन। राज्यले नागरिकका वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउँदा सारवान् कानून र कार्यविधि कानूनले निर्दिष्ट गरेको मार्गको परिपालना गर्नु अनिर्वाय हुन्छ। प्रस्तुत सन्दर्भमा अनुसन्धानलाई निरन्तरता दिनुपर्ने कुनै पनि तथ्ययुक्त प्रमाण फेला परेमा आरोपित व्यक्तिलाई आवश्यकताअनुसार हिरासतमा राख्न सकिने भए तापनि यी निवेदकको व्यक्तिगत संलग्नता रहेको वा हुन सक्ने भनी थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने उचित एवम् पर्याप्त आधार र कारण उल्लेख नगरी भएको म्याद थपसम्बन्धी कार्यहरू कानूनतः अपरिपक्व देखिएको एवम् कुनै विशेष राजनीतिक आस्था बोकेको कार्यकर्ता भए तापनि निज निवेदकउपर अनुसन्धान गर्न देखाइएको कारण र आधार एवम् थुनामै राख्नु पर्ने अपरिहार्यता पुष्टि हुने स्पष्ट वस्तुनिस्ठ आधार विपक्षीहरूले पेस गर्न नसकेको अवस्थामा निज निवेदकको थुना कानूनी रहेको भन्ने देखिन नआउने।

अतः वस्तुनिष्ठ आधार र कारणविना निवेदकलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९ विपरीत तथा निश्चित राजनीतिक आस्था भएको कारणले मात्र प्रवृत्त भावनाबाट कानूनको उचित कार्यविधिको पालना नगरी पटकपटक म्याद थप गरी हिरासतमा राखिरहेको कार्य न्यायिक दृष्टिकोणबाट समेत

औचित्यपूर्ण नदेखिएकोले निज निवेदक नविन विष्टको हकमा मागबमोजिम सर्वोच्च अदालत नियमावली, २०७४ नियम ३७ (क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक गैरकानूनी थुनाबाट मुक्त हुने देखिन्छ । यसरी यस आदेशबाट थुना मुक्त हुने भए पनि निवेदकका हकमा चलिरहेको अनुसन्धानमा सहयोग गर्नु यी निवेदकको समेत कर्तव्य रहने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७१-MS-०००७, अदालतको अवहेलना, *चन्द्रलाल श्रेष्ठ वि. हरिप्रसाद अर्याल, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीसमेत*

निवेदकले बढुवा भएको भनी पेस गरेको मिति २०४२।५।१२ को पत्रको सम्बन्धमा विचार गर्दा सो पत्र नियमित प्रक्रियाअनुरूप जारी भएको हो होइन सो सम्बन्धमा दुविधा भई छानबिन गर्न खोज्नुलाई अन्यथा भन्न सकिएन । कुनै कर्मचारीले आफूले व्यक्तिगत फाइदाको लागि कुनै कागजपत्र, प्रमाण आदि अनधिकृत रूपमा बनाउन लगाउन वा त्यसरी कुनै तरिकाबाट बनेका लिखत पेस गरी व्यक्तिगत फाइदा लिनु स्वीकार्य कार्य होइन । त्यसो गरेमा कानूनबमोजिम कारबाही हुनुपर्ने विषयमा विवाद हुन सक्दैन । द्वन्द्वका समयमा जिल्ला शिक्षा कार्यालयको भवनमा आगलागी भई कार्यालयमा भएका कागजसमेत नष्ट भएको र निवेदकले समेत सक्कल कागज पेस नगरेको अवस्थामा छानबिनमा केही समय बढी लागेको भन्ने विपक्षीहरूको लिखित जवाफको बेहोरा रहेको छ । तर राज्यको जानकारीमा कुनै कुरा आइसकेपछि र यस अदालतबाट आदेश भएपछि सो सम्बन्धमा यथोचित समयमा निष्कर्षमा अनिवार्य रूपमा पुऱ्याउनै पर्दछ । कुनै पनि कार्य समयमै सम्पन्न गर्नुपर्ने दायित्वबाट भने कोही पनि पन्छिन मिल्दैन । यो सुशासनको विषय पनि हो । यसमा निवेदकले पदबाट राजीनामा दिएको १८ वर्षभन्दा बढीको समय हुँदासमेत निजले पेस गरेको कागज किर्ते हो वा होइन भन्ने सम्बन्धमा टुङ्गो नलाग्दा निजले निवृत्तिभरण पाउने नपाउने भन्ने विषय पनि टुङ्गो नलागेको अवस्था छ । कुनै पनि विषयमा यति लामो समयसम्म पनि अनिर्णित अवस्थामा रहनुलाई कुनै पनि कारणले उचित मान्न सकिँदैन । अरूलाई दोष पन्छाएर कोही कसैले पनि आफ्नो जिम्मेवारीबाट उन्मुक्ति पाउन नसक्ने ।

निवेदकले पेस गरेको मिति २०४२।५।१२ को जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीको बढुवा सिफारिसपत्रको वैधानिकताका बारेमा अनुसन्धान गर्नै पर्ने अवस्था टड्कारै देखिएको छ । तर त्यो सद्दे कागज हो भने किर्ते नामकरण गर्नेले पनि कानूनी कारबाहीबाट छुट पाउँदैन । कानूनबमोजिम अनुसन्धानको जिम्मेवारी पाएका निकाय भनेका जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची र जिल्ला सरकारी वकिल कार्यालय, अर्घाखाँची नै हुन् । यस विषयमा साबिकको जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीबाट छानबिन गरी कारबाही अगाडि बढाउन जिल्ला प्रहरी कार्यालयलाई र कानूनी परामर्शका लागि जिल्ला न्यायाधिवक्ताको कार्यालयलाई पत्राचार भएको देखिन्छ । ती कार्यालयहरूले पनि यस विषयलाई समयमै टुङ्गोमा पुऱ्याउने गरी काम गर्नुपर्नेमा सोतर्फ जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयसमेत उदासिन रहेको पाइयो । यसरी साबिकको जिल्ला शिक्षा कार्यालयबाट कारबाहीका लागि प्रहरी कार्यालयमा पत्राचारसमेत भइसकेको, साबिकको जिल्ला शिक्षा कार्यालय र हालको जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ एक्लैले यो विषयलाई अन्तिम किनारामा लगाउन सक्ने अवस्था पनि नरहेको र निवेदक स्वयम्ले पनि आफूले दाबी गरेबमोजिमको बढुवा सिफारिस पत्रको सद्दे किर्तेका सम्बन्धमा अन्तिम टुङ्गोमा पुऱ्याउन अनुसन्धानमा सहयोग गर्नुपर्नेमा सोसमेत गरेको नदेखिएको अवस्थामा हाल यस अदालतको आदेशको कार्यान्वयन गर्न सक्ने जिम्मेवारीमा नरहेका यी विपक्षीहरूलाई अदालतको अवहेलनामा दोषी ठहऱ्याउन मिलेन । निवेदकको दाबी पुग्न नसक्ने ।

तर यस अदालतबाट भएको आदेश कार्यान्वयन नभई निवेदकले लामो समयसम्म निकासा नपाएको

अवस्थातर्फ यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ लामो समयसम्म पनि कार्यान्वयन नहुँदा पक्षलाई भएको हैरानीको सम्बन्धमा यस इजलास यत्तिकै चुप लागेर बस्न सक्ने हुँदैन । न्याय प्रशासन ऐन, २०७३ को दफा १७(४) ले आफ्नो आदेश कार्यान्वयन गराउन यस अदालतलाई उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था गरिदिएको अवस्थामा निवेदकको अवहेलनातर्फको दाबी नपुगे पनि यस अदालतबाट मिति २०६२।९।१९ मा भएको आदेश कार्यान्वयनको लागि यस अदालतले उपयुक्त आदेश जारी गर्न सक्ने ।

तसर्थ, यस अदालतको मिति २०६२।९।१९ को संवत् २०५९ सालको रिट नं. ३६८९ मा जारी भएको आदेश कार्यान्वन सम्बन्धमा हालसम्म के कति कार्यहरू भए ? जिल्ला शिक्षा कार्यालयबाट जिल्ला प्रहरी कार्यालयमा छानबिनका लागि पठाइएको च.नं. २९८, पत्र संख्या ०७१।०७२ मिति २०७१।७।४ को पत्रबमोजिम के कसरी अनुसन्धान भई हाल कुन अवस्थामा रहेको छ ? कुन कुन अवधिमा को को अनुसन्धान अधिकृत नियुक्त भई हालसम्म के के काम कारबाही भए ? मिति २०६४।०९।०५ च.नं.९४४ को पत्रका सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालयले के कसरी काम गरिरहेको छ ? को को जिल्ला शिक्षा अधिकारीले सो विषय टुङ्ग्याउन के के काम के कसरी गर्नुभयो ? यस अदालतबाट आदेश भएको १४ वर्षसम्म पनि कारबाही नटुङ्ग्याई निवेदकलाई किन निकास दिन नसकिएको हो ? भन्ने सम्बन्धमा यो आदेश प्राप्त भएको मितिले ३० दिनभित्र हालसम्म भएका कार्यहरूको बारेमा एक आपसमा समन्वय गरी प्रस्तुत विषयलाई तीन महिनाभित्र कानूनबमोजिम अन्तिम किनारा लगाउनु भनी जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ अर्घाखाँची, जिल्ला सरकारी वकिल कार्यालय, अर्घाखाँची र जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असार ६ गते रोज ६ शुभम् ।

## इजलास नं. १२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०५२५, उत्प्रेषण, *रामसुन्दर बोहरा वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौंसमेत*

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयद्वारा २०५१ सालमा सञ्चालित मानविकी संकायतर्फको दुई वर्षे स्नातक तह प्रथम वर्षको Com. English विषयको परीक्षामा तपाइँ अनुपस्थित हुनुभएको भए तापनि तपाइँको रोल नं. ३९५८६४ मा अर्का परीक्षार्थी रोल नं.३९५८८६ का रामहरि न्यौपानेले हाजिर गरेकोले परीक्षाफल प्रकाशित हुँदा उक्त Com. English को प्राप्ताङ्क ४६ तपाइँको रोल नं. मा पर्न गएको र पछि रामहरि न्यौपानेले Com. English को परीक्षा दिएको तर लब्धाङ्कपत्रमा अनुपस्थित भई आएको भनी निवेदन दिएको हुँदा तत्कालीन परीक्षा केन्द्रबाट प्राप्त हाजिरी रूजु गर्दा तपाइँ अनुपस्थित देखिनु भएकाले उक्त प्राप्ताङ्क परीक्षाको नियमअनुसार रामहरि न्यौपानेका नाममा स्थानान्तरण भएकाले ट्रान्सक्रिप्ट दिन नसकिने भनी उल्लेख भएको देखिने ।

परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन भएको परीक्षामा सम्मिलित भई परीक्षा उत्तीर्ण भएको प्रोभिजनल मार्कसिटसमेत लिइसकेको अवस्थामा आफूले प्रथम वर्षको Com. English मा प्राप्त गरेको प्राप्ताङ्क आफूलाई थाहा जानकारी नै नदिई मेरो रोल नं. मा अनुपस्थित देखाई अर्कै परीक्षार्थीको नाममा स्थानान्तरण गरी ट्रान्सक्रिप्ट दिनबाट वञ्चित गर्न मिल्दैन भन्ने निवेदक रामसुन्दर बोहराको दाबीको सम्बन्धमा मिसिल संलग्न प्रोभिजनल मार्कसिटको प्रतिलिपि अध्ययन गरी हेर्दा, निवेदकले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट २०५१ सालमा सञ्चालित मानविकी संकाय स्नातक तहको प्रथम वर्षको परीक्षामा रोल नं. ३९५८६४ बाट सम्मिलित भई Com. English मा ४६ अङ्कसहित सबै

विषयमा उत्तीर्ण भएको देखिने।

यसका साथै निवेदक रामसुन्दर बोहरा परीक्षामा उत्तीर्ण भए नभएको सम्बन्धमा त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयमा रहेको परीक्षार्थीहरूको मार्कसिटको सक्कल लेजरको ढड्डा पेसीका दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी झिकाइएको र उक्त ढड्डा इजलासबाट अध्ययन गरी हेर्दा २०५१ सालको मार्कसिटको लेजरमा रोल नं.३९५८६४ बाट निज निवेदककै नाम लेजरमा चढी Com. English मा ४६ अङ्क प्राप्त गरेको भन्ने सक्कल मार्कसिटको ढड्डाबाट देखिने।

त्रिभुवन विश्वविद्यालय परीक्षा व्यवस्थापन र सञ्चालन कार्यविधि,२०७२ को नियम ७.६.५ मा भएको "सम्बन्धित परीक्षाको प्राप्ताङ्क विविध कारण अन्य परीक्षार्थीमा पर्न गएमा त्यस्ता परीक्षार्थीहरू दुवैको सक्कल मार्कसिट परीक्षा नियन्त्रण कार्यालयले पत्राचार तथा पत्रपत्रिकामा सूचना प्रकाशन गरी खिच्ने छ । सो मार्कसिटहरू प्राप्त भएपश्चात् असम्बधित परीक्षार्थीको प्राप्ताङ्क हटाई सम्बन्धित परीक्षार्थीलाई उक्त प्राप्ताङ्क उपलब्ध गराइने छ" भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार रिट निवेदक रामसुन्दर बोहराले प्रथम वर्षको Com. English मा प्राप्त गरेको प्राप्ताङ्क अर्का परीक्षार्थी रामहरि न्यौपानेको भई निजको नाममा स्थानान्तरण गर्नुपर्ने भए सोको सक्कल मार्कसिट दुवै परीक्षार्थीबाट खिच्नका लागि निज निवेदकलाई पत्राचार तथा पत्रपत्रिकामा सूचना प्रकाशन गरी जानकारी दिनुपर्नेमा सो सूचना दिएको मिसिल संलग्न कुनै पनि कागज तथा आधारबाट देखिएन। प्राप्ताङ्क स्तानान्तरण गर्दा निवेदकलाई सूचना दिएरै गरिएको हो भनी विपक्षी परीक्षा नियन्त्रण कार्यालयबाट पेस भएको लिखित जवाफमा जिकिर लिन सकेकोसमेत पाइएन । प्रस्तुत विवादमा रिट निवेदकले स्नातक तह प्रथम वर्षको Com. English मा प्राप्त गरेको प्राप्ताङ्क अर्कै परीक्षार्थीको भई सम्बन्धित परीक्षार्थीको नाममा स्थानान्तरण गर्नुपर्ने भए सो कानूनी व्यवस्थाको प्रक्रिया पूरा गरेर मात्र प्राप्ताङ्क स्थानान्तरण गर्नुपर्नेमा सो प्रक्रिया पूरा गरेको देखिँदैन। परीक्षा नियन्त्रण कार्यालयबाट भएका आन्तरिक निर्णयहरू सार्वजनिक रूपमा प्रकाशनसमेत नहुने भएबाट निवेदकको मार्कसिटमा उल्लेख भएको प्राप्ताङ्क अर्कै परीक्षार्थीको नाममा स्थानान्तरण भएको छ भन्ने तथ्य निवेदकलाई स्वयम् जानकारी हुन सक्ने पनि भएन । रिट निवेदकदले २०५१ सालमा सञ्चालन भएको परीक्षामा निवेदक उपस्थित नै नभएको भनी निजले प्राप्त गरेको प्राप्ताङ्कलाई अर्कै परीक्षार्थीको नाममा स्थानान्तरण गरेको जानकारी विपक्षीहरूले अति नै ढिलो गरेर अर्थात् निवेदक परीक्षा उत्तीर्ण भएको ट्रान्सक्रिप्ट लिनका लागि परीक्षा नियन्त्रण कार्यालयमा जाँदा मिति २०७३।७।२३ मा मात्र निवेदकलाई जानकारी दिएको तथ्य विपक्षीको लिखित जवाफबाट देखिन आउँछ । विपक्षीबाट निज निवेदक प्रथम वर्षको Com. English को परीक्षामा अनुपस्थित रहेको भन्ने जिकिर लिए तापनि सो परीक्षामा निवेदक अनुपस्थित रहेको भन्ने हाजिरी कापीलगायतको कुनै पनि प्रमाण पेस गरेको देखिँदैन । केवल मौखिक भनाइ र लिखित जवाफमा निवेदक परीक्षामा अनुपस्थित रहेको जिकिरसम्म लिएको देखिन्छ। आधिकारिक निकायबाट एक पटक प्रमाणित गरी दिइएको शैक्षिक योग्यताको परिणामलाई दशकौं पछि लामो समयको अन्तरालमा फेरबदल गरी फेरबदलको समयमै जानकारी नदिँदा निवेदक अर्को परीक्षामा संलग्न हुन पाउने अवसरबाट समेत वञ्चित हुनुपर्ने अवस्था अन्यायपूर्ण हुने।

प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ । निर्णयमा यस किसिमको निष्पक्षता र स्वच्छता कायम गर्नको लागि सम्बन्धित व्यक्तिलाई आफ्नो दाबी वा भनाइ राख्ने र प्रमाण पेस गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्तसँग सम्बन्धित छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ (Fair), न्यायिक (Just) र निष्पक्ष (Impartial) बनाउन मद्दत गर्ने

हुन्छ । यसैलाई कानूनको उचित प्रक्रिया (Due Process of law) पनि भनिन्छ । कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगतरूपमा भएको मानिने ।

तसर्थ, त्रिभुवन विश्वविद्यालय परीक्षा व्यवस्थापन र सञ्चालन कार्यविधि, २०७२ को नियम ७.६.५ ले तोकेको विधि र प्रक्रियाबमोजिम रिट निवेदकलाई सूचना जानकारी नै नदिई वा सुनुवाइको समुचित मौका प्रदान नगरी निज निवेदकले प्राप्त गरेको प्राप्ताङ्कलाई अर्कै परीक्षार्थीको नाममा स्थानान्तरण गर्ने गरी परीक्षा नियन्त्रक कार्यालयबाट भएको काम कारबाही प्राकृतिक न्याय सिद्धान्तको समेत प्रतिकूल रहेको देखिने ।

अब माथिका प्रकरणहरूमा गरिएको विश्लेषणसमेतका आधारमा रिट निवेदक रामसुन्दर बोहराले स्नातक तह प्रथम वर्षको Com. English मा प्राप्त गरेको प्राप्ताङ्क अर्का परीक्षार्थी रामहरि न्यौपानेको नाममा स्थानान्तरण गर्दा त्रिभुवन विश्वविद्यालय परीक्षा व्यवस्थापन र सञ्चालन कार्यविधि, २०७२ को नियम ७.६.५ ले तोकेको विधि र प्रक्रिया अवलम्बन नगरी स्थानान्तरण गरेको कार्य सो नियमका साथै प्राकृतिक न्याय सिद्धान्तको समेत प्रतिकूल देखिँदा त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट निवेदकले प्राप्त गरेको प्राप्ताङ्क अर्कै परीक्षार्थीको नाममा स्थानान्तरण गरी रिट निवेदकलाई जानकारी दिएको मिति २०७३।७।२३ को त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयको जानकारीपत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै निवेदकको प्रोभिजनल मार्कसिटमा उल्लेख भएको प्राप्ताङ्क अर्कै परीक्षार्थीका नाममा स्थानान्तरण गर्दा परीक्षा नियन्त्रण कार्यालयबाट निजलाई जानकारी नै नदिएको यथार्थता र निवेदकले ठुलो अपेक्षा राखी परीक्षामा गरेको लगानी एवम् समयसमेतलाई विचार गर्दा निवेदकलाई हाल आएर ट्रान्सक्रिप्ट दिनबाट वञ्चित गर्नु न्यायसङ्गत नहुने हुँदा पूरा गर्नुपर्ने प्रक्रियाहरू पूरा गरी ट्रान्सक्रिप्ट दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७५ साल चैत २८ गते रोज ५ शुभम् ।

## इजलास नं. १३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०७५५, ठगी, *नेपाल सरकार वि. संदीपराज काफ्ले*

जाहेरवालाको पसलबाट गाडीको मोल कायम गरी रसिद बनाई स्वइच्छाले जाहेरवालाले प्रतिवादीबाट चेक बुझी गाडी लिनेदिने कार्य भएको र खातामा रकम नभएको अवस्थाबाट जाहेरवालाले सो गाडी फिर्ता लिने दिने कार्य भएको र खातामा रकम नभएको अवस्थाबाट जाहेरवालाले सो गाडी फिर्तासमेत लिइसकेको कार्यलाई ठगीको वारदात भनी परिभाषित गर्न मिल्ने नदेखिने ।

प्रतिवादीले खरिद गरी लगेको बा.१० च ४०४२ नं. को गाडी जाहेरवाला गोपालप्रसाद आचार्यले मिति २०७०।३।२७ मा आफैँ फिर्ता बुझिसकेको हुँदा जाहेरवालाले रकम लिनुपर्ने तथा प्रतिवादीबाट भुक्तानी लिनुपर्ने र जाहेरवालालाई गाडी फिर्ता दिलाई दिनुपर्ने अवस्थासमेत रहेको नदेखिँदा तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम गर्नुपर्ने अवस्थासमेत देखिन नआउने ।

अत: माथि विवेचित आधार कारणबाट प्रतिवादीलाई ठगीमा सजाय गर्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७०।१०।२१ मा भएको फैसला उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र जाहेरवालाले गाडी फिर्ता लगिसकेकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम चेक अनादरमा परिणत गर्नेतर्फसमेत विचार गर्नु नपर्ने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरको मिति २०७१।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोखरेल

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७२-CR-१७३८, बिना इजाजत वन पैदावार कटान गरेको, *नेपाल सरकार वि. गंगाराम जोशीसमेत*

वन ऐन, २०४९ को दफा ४९(घ) मा वन क्षेत्रबाट वन पैदावार हटाउन, ओसारपसार गर्न वा बिक्री वितरण गर्न नहुने भनी उल्लेख गरिएको र यस्तो कसुर गरेकोमा सोही ऐनको दफा ५०(घ)(४) मा पाँच हजार रूपैयाँभन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको भए पनि यी सबै प्रतिवादीहरू नहर निर्माण उपभोक्ता समितिका पदाधिकारी रहेको र नहर निर्माणकै क्रममा डोजरको प्रयोग हुँदा ढले पडेका रूखहरू सुरक्षित राख्ने मनसायले कटान मुछान गरेकोसम्म देखिएकोले व्यक्तिगत फाइदा लिनको लागि अवैध ढङ्गले कटान गरेको र व्यक्तिगत रूपमा प्रयोग गरेको भन्ने अवस्था देखिँदैन। भवितव्यमा परी ढलेका रूखहरूको संख्या यकिन थाहा नभए तापनि अनुमानित बिगो रू.२,७५,९९६।- प्रतिवादी गंगाराम जोशीसमेतबाट जरिवानास्वरूप सामुदायिक वनको खातामा जम्मा गरिसकेको भनी उक्त सामुदायिक वनका अध्यक्ष बामदेव जोशीले अदालतको बयानमा समेत उल्लेख गरेको देखिएबाट पनि प्रतिवादीहरूको उक्त कार्य वन ऐन, २०४९ को दफा ४९(घ) विपरीत हुने नदेखिने।

वादी दाबीअनुसार प्रतिवादीहरूले बदनियत चिताई कसुर गरेका भन्ने कुनै मनासिब र वस्तुनिष्ठ ठोस आधार प्रमाण मिसिलमा देखिन नआए पनि डोजरको प्रयोगका कारण बढी रूखहरू ढलेको र ती ढलेका रूखहरूको सुरक्षाको लागि कटान मुछान गर्नुपर्ने जानकारी सम्बन्धित वन कार्यालयमा दिनुपर्ने र त्यहाँबाट स्वीकृति लिनुपर्ने दायित्व प्रतिवादीहरूको देखिए पनि प्रतिवादीहरूले मिति २०७०।९।२ र मिति २०७०।९।१६ गते आयोजनाको बैठक बोलाई डोजर लगाउने र डोजरबाट ढलेको रूखहरू कटान मुछान गर्ने भनी निर्णय गर्दा सम्बन्धित वन कार्यालयलाई जानकारी नगराई आफ्नो दायित्व पूरा गरेको नदेखिँदा निजहरूले वन ऐन, २०४९ को दफा ४९(ण) को कसुरसम्म गरेको देखियो । यस आधारमा निज प्रतिवादीहरूलाई सो कसुर गरेबापत सोही ऐनको दफा ५०(१)(ञ) अनुसार जनही एक / एक हजार रूपैयाँ जरिवाना हुने ठहर्‍याई भएको पुनरावेदन अदालत दिपायलको फैसला मिलेकै देखिने।

तसर्थ विवेचित आधार कारणहरूबाट प्रतिवादी गंगाराम जोशीसमेतका प्रतिवादीहरूलाई वन ऐन, २०४९ को दफा ४९(ण) को कसुरमा सोही ऐनको दफा ५०(१)(ञ) अनुसार जनही एक / एक हजार रूपैयाँ जरिवाना हुने गरी भएको सुरू डोटी जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७२।६।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७६ साल जेठ ३० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CR-१२५१, विना इजाजत अवैध काठ ओसारपसार, *नेपाल सरकार वि. रामकुवेर अहिर*

मिसिल संलग्न जन कल्याण सामुदायिक वन उपभोक्ता समूह बेला-८ को मिति २०६१।४।१४ को पत्र हेर्दा "...तपाइँ राम कुवेर यादवलाई कार्य समितिको निर्णयअनुसार ६० क्यु.फि. काठ दिने निर्णयअनुसार प्रति क्यु.फिट ४५ को दरले हुन आउने जम्मा रकम रू.२,७००।– रूपैयाँ बुझाई आजको मितिले एक हप्ताभित्र आफ्नो काठ उठाइदिनु हुन..." भनी उक्त सामुदायिक वन उपभोक्ता समूहबाट खरिद गरेका काठ एकहप्ताभित्र नै उठाइ सक्नुपर्ने कुरा उल्लेख भएको भए पनि यी प्रतिवादीको साथबाट उक्त बरामदी काठ करिब १० वर्षपछि मात्र मिति २०७१।११।२१ मा घर निर्माण गर्न लैजान लागेको भन्ने प्रतिवादीको भनाइ आफैँमा सङ्गतिपूर्ण देखिँदैन । सामुदायिक वनबाट अन्यत्र काठ लैजाँदा उक्त काठमा टाँचा लगाउनु पर्ने व्यवस्था भए पनि बरामद भएका उक्त काठहरूमा कुनै टाँचा लागेको

देखिँदैन । यसरी टाँचा नलागेका र ओसारपसारको लागि सम्बन्धित वन कार्यालयको छोडपुर्जी इजाजत पनि नभएको अवस्थामा ५१.६९ क्यु.फि सालका काठ बरामद भएको स्थितिले पनि उक्त बरामद भएका काठ २०६१ सालमा जन कल्याण सामुदायिक वन उपभोक्ता समूहबाट नै खरिद गरेका काठहरू हुन् भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादी राम कुवेर अहिर यादवले पुर्जाअनुसारको काठ लिएको भनी मिति २०६१।४।२५ को रसिद र २०६१।४।१४ को पत्र समेत पेस गरेको भए पनि उक्त काठहरू बरामदको मितिभन्दा १/२ महिना अगाडि मात्र कटान, चिरान गरिएको भन्ने जिल्ला वन कार्यालय, दाङको मिति २०७२।९।२७ को पत्रबाट देखिएको तथा बरामद भएको काठमा सामुदायिक वनको कुनै पनि टाँचासमेत नलगाएको र सम्बन्धित वन कार्यालयको छोडपुर्जीसमेत नभएको अवस्थामा यी प्रतिवादीकै नाउँमा रहेको रा.१ त १३७२ नं.को ट्र्याक्टरमा सुकेको खरले ढाकी छोपी लुकाई छिपाई राखेको अवस्थामा प्रहरी गस्ती टोलीले फेला पारेको भन्ने वस्तुस्थिति मुचुल्कासमेतको स्थितिबाट पनि यी प्रतिवादी राम कुवेर अहिर यादवले वन ऐन, २०४९ को दफा ४९(घ) विपरीतको कसुर गरेको नै देखियो । यस आधारमा निज प्रतिवादीलाई ऐ.ऐनको दफा ५०(१)(घ)(४) बमोजिम ६ (छ) महिना कैद सजाय हुने साथै निज प्रतिवादीको ट्र्याक्टरबाट बरामद भएको सालको चिरान काठ ५१.६९ क्यु.फि.को प्रचलित दर प्रति क्यु.फिट रू.८००।– ले हुन आउने बिगो रकम रू.४१,३५२।– र सो बिगोको दोब्बरले हुन आउने रकम रू.८२,७०४।– रकमसमेत जरिवाना हुने साथै सो बरामदी काठ ओसारपसार गर्न प्रयोग भएको यी प्रतिवादीकै नाउँमा रहेको रा.१ त १३७२ नं.को हाइड्रोलिक ट्रलीसहितको ट्र्याक्टरसमेत वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत हुने नै देखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट उच्च अदालत तुलसीपुरको मिति २०७३।१२।०१ को फैसला मिलेको नदेखिँदा उल्टी भई यी प्रतिवादी राम कुवेर अहिर यादवलाई वन ऐन, २०४९ को दफा ४९(घ) विपरीतको कसुरमा ऐ. ऐनको दफा ५०(१)(घ)(४) बमोजिम ६ (छ) महिना कैद र रू.८२,७०४।– जरिवाना हुने साथै ऐ. ऐनको दफा ६६ बमोजिम यी प्रतिवादीकै नाउँमा रहेको रा.१ त १३७२ नं. को हाइड्रोलिक ट्रलीसहितको ट्र्याक्टरसमेत जफत हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७६ साल जेठ ३० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-१०१९, ११४२, १२४७, १२५२, जबरजस्ती करणी र कर्तव्य ज्यान, *नेपाल सरकार वि. पचा भन्ने भद्रमोहन ताजपुरिया, पुरणलाल भन्ने पूर्णलाल राजवंशी वि. नेपाल सरकार, विनोदकुमार ताजपुरिया वि. नेपाल सरकार, भद्रमोहन ताजपुरिया वि. नेपाल सरकार*

प्रतिवादीहरू पूर्णलाल राजवंशी, भद्रमोहन ताजपुरिया र विनोदकुमार ताजपुरियासमेत तीनैजनाले मृतकलाई जबरजस्ती करणी गर्ने सल्लाह गरी रातको समयमा मृतकको घरमा गई प्रतिवादी पूर्णलाल राजवंशीले टाटीको डोरी काटेर बोकी तीनैजना प्रतिवादीहरू मृतकको घरभित्र पसी प्रतिवादी पूर्णलाल राजवंशी र भद्रमोहन ताजपुरियाले निदाइरहेकी मृतकलाई हात र टाउकोमा समाई घाँटी थिची शिथिल बनाउँदै पालैपालो जबरजस्ती करणी गरेको, प्रतिवादी विनोद ताजपुरियाले छट्पटाइरहेकी मृतकको खुट्टा समाती जबरजस्ती करणी गर्न सहयोग गरेको र करणी गरिसकेपछि प्रतिवादी पूर्णलाल राजवंशीले घाँटीमा डोरीसमेत कसी मृतकलाई कर्तव्य गरी मारेको भन्ने तथ्य प्रतिवादीहरूको मौकाको साबिती बयानलाई जाहेरी दरखास्त, घटनास्थल लासजाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, जाहेरवाला तथा बुझिएका मानिसहरूले अदालतमा आई गरेको बकपत्रसमेतबाट पुष्टि भएको देखिँदा प्रतिवादी पूर्णलाल राजवंशी र म भद्रमोहन ताजपुरियालाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. को ३(५) नं. बमोजिम जनही छ वर्ष कैद र प्रतिवादी विनोदकुमार ताजपुरियालाई ऐ. ४ नं. बमोजिम दुई वर्ष कैद सजाय हुन्छ।

मृतकलाई सामूहिकरूपमा जबरजस्ती करणी गर्ने प्रतिवादी पूर्णलाल राजवंशी र भद्रमोहन ताजपुरियालाई ऐ. महलको ३क नं. बमोजिम जनही पाँच वर्ष थप कैदसमेत हुन्छ र मृतकका नाबालिग छोराछोरीलाई प्रतिवादीहरूबाट जनही रू.साठी हजार क्षतिपूर्ति भराइदिने ठहर्छ। साथै मृतकलाई करणी गरिसकेपछि ज्यान मारेतर्फ प्रतिवादी पूर्णलाल राजवंशीले डोरीसमेत बोकेर गई सोही डोरीले घाँटीसमेत कसी मृतकको ज्यान मारेको देखिएको हुँदा प्रतिवादी पूर्णलाल राजवंशीलाई अभियोग मागदाबीबमोजिम ऐ. ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुन्छ। अर्का प्रतिवादी भद्रमोहन ताजपुरियाले पीडितको टाउको र हातमा समाउने, घाँटी थिची शिथिल बनाउने कार्य गरेको हुँदा निजलाई समेत सोही १३(३) नं. बमोजिम जन्मकैद सजाय हुन्छ। प्रतिवादी विनोदकुमार ताजपुरियाले मृतकको टाउको र हातमा समाई घाँटी थिची जबरजस्ती करणी गरिरहँदा छट्पटाएकी मृतकको खुट्टा समाई ज्यान मार्न संयोग पारिदिएको र मृतक शिथिल भई खुट्टा चलाउन छाडेपछि निजले मृतकको खुट्टा छाडिदिएको देखिएको हुँदा निज प्रतिवादी विनोदकुमार ताजपुरियालाई ऐ. ज्यानसम्बन्धीको महलको १ र १३(४) नं. को कसुरमा ऐ. १३(४) नं. बमोजिम जन्मकैद सजाय हुने ठहर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति मिति २०७५।२।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

अब प्रतिवादी पूर्णलाल राजवंशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार भएको सर्वस्वसहित जन्मकैको सजाय कार्यान्वयनतर्फ हेर्दा मिति २०७५ साल भाद्र १ गते देखि लागु भएका मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी फौजदारी कसुर (सजाय निर्धारत तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। त्यस्तै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराधसंहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ भन्ने व्यवस्था रहेको पाइन्छ। सोअनुसार निज प्रतिवादी पूर्णलाल राजवंशीलाई भएको सर्वश्वसहित जन्मकैदको सजायको लगत संशोधन गरी जन्मकैदको मात्र लगत राखी फैसलाको कार्यान्वयन गर्नु गराउनु भनी सुरू झापा जिल्ला अदालतमा लेखी पठाउने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७६-WH-०१०९, बन्दीप्रत्यक्षीकरण, *विदुर थापाको हकमा विशाल थापा वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत*

अनुसन्धानको क्रममा निज प्रतिवादी विरूद्ध पक्राउ पुर्जी जारी गर्न उच्च अदालत पाटन, ललितपुरबाट मिति २०७६।६।९ गते अनुमति प्रदान भई खोजतलास एवम् पक्राउको लागि महानगरीय प्रहरी परिसर, सातदोबाटो ललितपुरले मिति २०७६।०६।१२ गते प्रहरी वृत्त सातदोबाटो ललितपुरलाई पत्राचार गरी यी निवेदक विदुर थापालाई महानगरीय प्रहरी वृत्त सातदोबाटोमार्फत पक्राउ पुर्जी दिई २०७६।६।१३ गते पक्राउ गरी वृत्तको च.नं.१८३१ मिति २०७६।०६।१३ गतेको पत्रसाथ महानगरीय प्रहरी परिसर, सातदोबाटोमा दाखिला गरेको र मिति २०७६।६।१५ मा बयानसमेत लिइसकेको देखिने।

निवेदक विदुर थापालाई कानूनबमोजिम थुनुवा पुर्जीसमेत दिई हिरासतमा रहँदा बस्दा पाउने सेवा सुविधासमेत प्रदान गरी महानगरीय प्रहरी परिसर,

सातदोबाटोको हिरासतमा थुनामा रही हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप उच्च अदालत पाटनमा प्रस्तुत गर्नुपर्नेमा मिति २०७६।०६।११ गतेदेखि बडा दशैंको बिदा भई अदालत, बन्द रहेकोमा निजको विशेष सरकारी वकिल कार्यालयका अधिकारप्राप्त अधिकारीसमक्ष बयान गराउनेसमेतको अनुसन्धान कार्य सम्पन्न भई अनुसन्धानको अन्य कार्य बाँकी रहेको भन्ने विपक्षीहरूको भनाइ रहेको, सम्बन्धित अदालत बन्द नै रहेकोले अदालत, खुलेको दिन थप प्रक्रिया सम्पन्न गर्नुपर्ने अवस्था विद्यमान रहेकै अवस्थामा थुनामा रहेका निवेदकका बाबु विदुर थापालाई बैंकिङ कसुर मुद्दाको अनुसन्धानको लागि कानूनबमोजिम पक्राउ पुर्जीको अनुमति लिई सोहीबमोजिम पक्राउ र थुनुवा पुर्जीसमेत दिई थुनामा राख्ने गरी भएको कार्यलाई तत्कालै गैरकानूनी र गैरन्यायिक हो भन्न सकिने अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिन नआउने।

मिति २०७६।५।२० गते महानगरीय प्रहरी परिसर ललितपुरमा बैंकिङ कसुरमा जाहेरी दरखास्त परी प्रारम्भिक अनुसन्धान गरी सम्बन्धित बैंकबाट सम्बद्ध तथ्यको बारेमा प्रमाण सङ्कलन गरी मिति २०७३।६।९ गते पक्राउ पुर्जीको अनुमति जारी भई कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी रीतपूर्वक अनुसन्धानको लागि निवेदकलाई थुनामा राख्ने कार्यलाई तत्कालको लागि गैरकानूनी वा प्रवृत्त भावनायुक्त भन्न मिल्ने देखिएन। प्रचलित कानूनी व्यवस्थाको प्रत्यक्ष उल्लङ्घन र गम्भीर त्रुटि बन्दीप्रत्यक्षीकरणको आदेशको लागि आधारभूत कुराहरू भएकोमा ती कुराहरूको अभावमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने हुँदा यी निवेदकलाई वैयक्तिक स्वतन्त्रता हनन हुनेगरी गैरकानूनी र गैरन्यायिक ढङ्गले थुनामा राख्ने कार्य भएकोले उक्त कार्य बदर गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन र बहस जिकिरसँग सहमत हुन सकिने।

तसर्थ, उल्लिखित आधार कारणहरूसमेतबाट प्रस्तुत रिट निवेदनमा निवेदकबाट माग गरिएको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल र माधव भण्डारी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असोज २२ गते रोज ४ शुभम्।